# वर्सेस्टर पब्लिक स्कुल्स
# वर्सेस्टर, मसाचुसेट्स

## भाद्र-कार्तिक 2020
## विद्यालय फर्कने निर्देशिका

**सुपरीवेक्षक Maureen Binienda**

सुपरीवेक्षकको सन्देश 2
हाम्रा योजनाहरूको बारेमा जानकारी दिने तथ्यांक 5
कार्यकारी सारांश 6
सुरुवात गर्ने 8
हाजिरी तथा ग्रेडिङ 9
सिकाइ मोडलहरूको समयतालिका 9
यातायात 26
पोषण 27
स्वास्थ्य तथा सुरक्षा 28
विद्यार्थी सहयोगहरू 32
परिवार/हेरचाहकर्ता सहयोगहरू 40
समुदाय तथा पश्चविद्यालय सहयोगहरू 43
सञ्चार 43
पाठ्यक्रम 44
शिक्षण 45
मूल्यांकन तथा हस्तक्षेप 49
व्यावसायिक सिकाइ 51
डिजिटल सिकाइ र प्रविधि 56
परिशिष्ट A 61

## सुपरीवेक्षकको सन्देश

# वर्सेस्टर पब्लिक स्कुल्स

## वर्सेस्टर, मसाचुसेट्स


सुपरीवेक्षकको कार्यालय
Maureen F. Binienda
सुपरीवेक्षक

Dr. John E. Durkin प्रशासन भवन
20 Irving Street
Worcester, Massachusetts 01609-2493

फोन. (508) 799-3115
फ्याक्स् (508) 799-3119
biniendam@worcesterschools.net


अगस्ट 10, 2020

आदर्णीय बुबाआमा तथा परिवारहरू,

आधारभूत तथा माध्यमिक शिक्षा विभागले जिल्लाहरूलाई आउँदो शरद ऋतुको लागि तीन सम्भाव्य मोडेलहरूको सम्बोधन गर्दै विद्यालय पुनः आरम्भ योजना तयार गर्ने बाध्यकारी व्यवस्था गरेको छ र यी तीन सम्भाव्य मोडलहरू यस प्रकार छनः नयाँ सुरक्षा मापदण्डहरूको साथमा व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ, व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ तथा दूरवर्ती सिकाइको सम्मिश्रण, र (परिस्थिति बदलिए पनि, विद्यालय वर्षभरि सिकाइको निरन्तरता सुनिश्चित गर्नको लागि) दूरवर्ती सिकाइको निरन्तरता। http://www.doe.mass.edu/covid19/return-to-school/

वर्सेस्टर पब्लिक स्कुल्स (WPS) ले कर्मचारी तथा बुबाआमा सर्वेक्षण गरेको छ, विद्यालय पुनः आरम्भ समितिका बैठकहरूमा सरोकारवारवालाहरूलाई समावेश गरेको छ र पाँच वटा सामुदायिक जानकारी आदानप्रदान मञ्चहरू सञ्चालन गरेको छ जसमा एउटा चाहिँ स्थानीय बालचिकित्सकहरू/चिकित्सा विशेषज्ञहरूद्वारा गरिएको चिकित्सा जानकारी मञ्च र अर्को एउटा चाहिँ स्पेनी भाषामा सञ्चालित मञ्च समाविष्ट छ। WPS ले परिसर क्षमता विश्लेषण र यातायात क्षमता विश्लेषण दुवै पूरा गरिसकेको छ।

वर्सेस्टर पब्लिक स्कुल्सले एरियाड्ने ल्याब्स र द लर्निङ एक्स्लेटरबीचको साझेदारीमा सञ्चालित पाराबोला परियोजना सँग साझेदारी गरिरहेको छ। Ariadne Labs भनेको Brigham & Women's Hospital and Harvard T.H. Chan School of Public Health मा अवस्थित स्वास्थ्य प्रणाली नवप्रवर्तनको संयुक्त केन्द्र हो। पाराबोला परियोजना भनेको शिक्षा र स्वास्थ्य समुदायहरूबीचको सहकार्यात्मक प्रयत्न हो। हाम्रो लक्ष्य विद्यालय प्रणालीका अगुवाहरू र व्यवसायीहरूलाई सामुदायिक सिकाइ र सुस्वास्थ्य उच्चतम पार्दै कोभिड-19 सँग सम्बन्धित जोखिमहरूको न्यूनीकरण गर्न सहयोग

गर्ने निर्णयहरू लिन र अभ्यासहरू कार्यान्वयन गर्न मद्दत गर्नको लागि मार्गनिर्देशन र उपकरणहरूको तुरुन्तै पहिचान, विकास र आदानप्रदान गर्नु रहेको छ।

**विद्यालय समुदायको रूपमा हाम्रो उच्च प्राथमिकता भनेको विद्यार्थीहरू, परिवारहरू र कर्मचारीहरूको सुरक्षा र सुस्वास्थ्य हो।** WPS निम्नलिखित तीन विस्तृत सिद्धान्तहरूको आधारमा समुदाय र सम्बन्धहरू विकास गर्नमा केन्द्रित रहनेछः शारीरिक र संवेगात्मक सुरक्षाको समानता र अन्तर्सम्बन्ध, समता र जातीय न्याय, र सामूहिक हेरचाह। तसर्थ, सबै तथ्यांकहरूको सावधानीपूर्वक विश्लेषणपश्चात, विद्यालय पुनः आरम्भ गर्ने योजनाहरूको लागि निम्नलिखत सिफारिसहरू गरिन्छः

विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गरिनेछः
**समूह A** - साधारण शिक्षा कक्षाहरूमा भएका विद्यार्थीहरू जसको लागि कुनै पनि विशेष रूपमा प्रारूप तयार पारिएको शिक्षणको व्यवस्था छैन।
**समूह B** - साधारण शिक्षा कक्षाहरूमा भएका विद्यार्थीहरू जसले विशिष रूपमा प्रारूप तयार पारिएको शिक्षणको व्यवस्था र/वा सहयोग प्राप्त गर्दै आएका छन्।
**समूह C** - ती विद्यार्थीहरू जसलाई सिकाइमा पहुँच प्राप्त गर्नको लागि एकदमै वैयक्तिकृत शिक्षण सहयोग आवश्यक पर्छ।

**व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ** चाहिँ पहिलो त्रैमासपछि समूह C का विद्यार्थीहरूलाई प्रदान गरिनेछ। समूह C लाई पहिलो त्रैमासपछि व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइमा अवस्थान्तरण गरिनेछ। विद्यालय प्रशासकहरूले व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइको विकल्पको बारेमा र को-को विद्यार्थीहरूले उक्त सिकाइमा सहभागिता जनाउँदैछन् भन्ने कुरा पुष्टि गर्नको लागि परिवारहरूलाई सम्पर्क गर्नेछन्।

**100% दूरवर्ती सिकाइ** चाहिँ त्रैमास 1 मा सबै विद्यार्थीहरूलाई उपलब्ध गराउइनेछ र दूरवर्ती सिकाइ रोज्ने सबै विद्यार्थीहरूलाई वर्षभरि उपलब्ध गराइनेछ। यो मोडल सबै विद्यार्थीहरूलाई दृढ दूरवर्ती सिकाइ योजना उपलब्ध गराउने कुरामा आधारित छ।
विद्यार्थीहरू निम्न सिकाइ प्रक्रियामा संलग्न हुन सक्छन्:

- सबै मूल विषयवस्तु सम्बन्धित विषयहरू, वैकल्पिक विषयहरू र पूरक विषयहरूमा हरेक हप्ता चार दिन समकालिक सिकाइ
- आवश्यकताअनुरूप सहयोग शिक्षकहरूबाट सानो समूहमा समकालिक सिकाइ
- हरेक हप्ता एक दिन गैर-समकालिक सिकाइ

**सम्मिश्रित सिकाइ** चाहिँ त्रैमास 2 देखि एक विकल्पको रूपमा योजना गरिनेछ। यो मोडल एक पटकमा कूल विद्यार्थीहरूको ¼ विद्यार्थीहरू विद्यालय भवनमा रहने गरी बनाइएको कोहोर्ट समूहमा

विद्यार्थीहरूलाई राख्ने कुरामा आधारित छ। विद्यार्थीहरूले दूरवर्ती सिकाइबाट वर्ष सुरुवात गर्ने भएकोले यो मोडल पहिलो टर्मपश्चात सुरू हुनेछ।
विद्यार्थीहरू निम्न सिकाइ प्रक्रियामा संलग्न हुन सक्छन्:

- हप्ताको एक दिन व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ, सोमबार, मंगलबार, बुधबार वा बिहीबार (सम्भावित रूपमा)।
- सबै मूल विषयवस्तु सम्बन्धित विषयहरू, वैकल्पिक विषयहरू र पूरक विषयहरूमा हरेक हप्ता 3 दिन समकालिक दूरवर्ती सिकाइ
- आवश्यकताअनुरूप सहयोग शिक्षकहरूबाट सानो समूहमा समकालिक दूरवर्ती सिकाइ
- हरेक हप्ता एक दिन गैर-समकालिक दूरवर्ती सिकाइ

**WPS यी चुनौतीपूर्ण समयहरूमा समताप्रति प्रतिबद्ध रहन्छ। हामी सबै विद्यार्थीहरूले पहुँच, स्रोतहरू र उच्च गुणस्तरीय शिक्षण प्राप्त गर्ने कुरा सुनिश्चित गर्न निरन्तर कार्य गरिरहनेछौं।** WPS उच्च गुणस्तरीय शिक्षण एवं सिकाइ (HQTL) प्रदान गर्न प्रतिबद्ध रहेको छ। HQTL विषयवस्तुले भरिपूर्ण, विद्यार्थी केन्द्रित र मापनीय छ र यो प्रि केदेखि – 12 सम्मका सबै विद्यार्थीहरूको लागि उच्च अपेक्षा राख्ने संस्कृतिमा विद्यमान हुन्छ। उच्च गुणस्तरीय शिक्षण तथा सिकाइ कक्षाकोठाहरू विद्यार्थीहरूको आवश्यकता, रुचि, सबलता, क्षमता, योगदानको तरिका, सामाजिक/सांस्कृतिक पृष्ठभूमिप्रति संवेदनशील हुन्छन् र यी कक्षाकोठाहरूले तीन वटा आधारभूत तत्वहरूलाई सम्बोधन गर्छनः कक्षाकोठाहरूको व्यवस्थापन, शिक्षण प्रारूप तथा कार्य प्रदर्शन र विद्यार्थीद्वारा सिकाइको अपनत्वग्रहण। बसन्त ऋतुमा क्रोमबुक प्राप्त नगरेका सबै विद्यार्थीहरूले एक-एक क्रोमबुक प्राप्त गर्नेछन्। WPS ले सेप्टेम्बर 15 अगाडि नै विद्यार्थीहरूलाई क्रोमबुक वितरण गर्नेछ। आफ्नो बच्चाको विद्यालयबाट प्राप्त गरी लैजानको लागि समय मिलाउन विद्यालयहरूले परिवारहरूलाई फोन गर्नेछन्। आवश्यक परेमा विद्यार्थीहरूलाई सञ्जाल सेवामा पहुँच प्रदान गरिनेछ।

**WPS विद्यालयका कर्मचारीहरू, विद्यार्थीहरू, र परिवारहरूबीचमा सम्पर्क र सम्बन्ध कायम राखिराख्नमा प्रतिबद्ध छ।** यी सम्पर्क र सम्बन्धहरूले परिवार र विद्यार्थी विशेष आवश्यकताहरू पूरा गर्ने हाम्रा कार्यहरूलाई मार्गनिर्देश गर्दछन्। WPS ले निरन्तर रूपमा विद्यार्थीहरू, बुबाआमा/अभिभावकहरू, कर्मचारीहरू र समुदायका सदस्यहरूसँग इमेल, कन्नेक्ट ED फोन मेसेजहरू, फोन कलहरू, WPS वेबसाइट worcesterschools.org, मेल र सामाजिक सञ्जालका पोस्टहरूमार्फत कुराकानी गरिरहनेछ। WPS ले सबै आधारभूत दस्तावेजहरूलाई निम्न सात भाषाहरूमा अनुवाद गर्दछ: स्पेनी, पोर्तुगाली, ट्वी, अल्बानियन, अरबी, भियतनामी र नेपाली। WPS ले जिल्ला सामुदायिक मञ्चहरू र विद्यालय समारोहहरूको लागि यी भाषाहरूमा दोभाषे सेवाहरू पनि उपलब्ध गराउँछ। WPS ले एउटा *लेङ्वेज लाइन* प्रयोग गरेर थप भाषाहरूको लागि अनुवाद सेवाहरू पनि उपलब्ध गराउँछ।

सबै विद्यार्थीहरूको लागि विद्यालयको पहिलो दिन सेप्टेम्बर 15, 2020 हुनेछ। हामी हाम्रा विद्यालयहरूको पुनः आरम्भको लागि तयारी गरिरहेका छौं। सबै भवनहरूको प्रवेशद्वारमा सुरक्षा संकेतहरू टाँसिएको छ। रणनीतिक विद्यालय क्षेत्रहरूमा प्लेक्सिग्लासका बारहरू लगाइएका छन्। हाम्रो विद्यालयमा स्वास्थ्य र सुरक्षाको संस्कार विकसित गर्न सबै कर्मचारीहरूलाई सुरक्षा मार्गनिर्देशन पालना गर्न तालिम प्रदान गरिनेछ। व्यक्तिगत सुरक्षा उपकरण (PPE) हरूको खरिद आदेश दिइएको छ र तिनीहरू विद्यालय सुरु हुनु अगावै प्राप्त हुने अवस्थामा छन्। कोभिड-19 जिल्ला तथा विद्यालय आधारित समन्वयकर्ताहरू छनोट गरिएका छन्। WPS सँग कोभिड-19 सँग सम्बन्धित प्रश्नहरूको लागि एउटा डेडिकेटेड इमेल ठेगाना covid19@worcesterschools.net रहेको छ।

WPS यी अभूतपूर्व समयहरूमा प्रभावकारी रूपमा सम्हालिएर हिँड्नको लागि एक शिक्षा समुदायको रूपमा वृद्धी मानसिकताप्रति प्रतिबद्ध रहेको छ। आधारभूत तथा माध्यमिक विद्यालय विभागको निर्देशिकामा जानकारी दिइए झैं, हरेक व्यक्ति – नेतृत्वकर्ताहरू, शिक्षकहरू, विद्यार्थीहरू, परिवारहरू, समुदायका सदस्यहरूले प्रतिस्पर्धात्मक प्राथमिकताहरू व्यवस्थापन गरिरहेका छन, नयाँ अनुभवहरू सामना गर्दै अघि बढिरहेका छन, नयाँ सीपहरू सिकिरहेका छन्, र जारी विश्वव्यापी स्वास्थ्य महामारीको कारण अनिश्चिततासँग जुधिरहेका छन्। WPS ले हामीले संकलन गरेका जानकारीको आधारमा सर्वोत्तम निर्णयहरू गर्दै छ। सम्पूर्ण विद्यार्थीहरूको लागि उच्च गुणस्तरीय शिक्षण र सिकाइ सेवा प्रदान गर्न मिलेर काम गर्ने क्रममा हामी तपाईंहरूलाई निरन्तर पृष्ठपोषण प्रदान गर्न अनुरोध गर्दछौं।

विद्यालय पुनः आरम्भ गर्ने सम्बन्धी थप जानकारीको लागि कृपया संलगन कागजात पढिदिनुहोला।

भवदीय,

Maureen F. Binienda

Maureen F. Binienda

## हाम्रा योजनाहरूको बारेमा जानकारी दिने तथ्यांक

वर्सेस्टर पब्लिक स्कूल्सले सन् 2020 को बसन्तमा हाम्रो समुदायको दूरवर्ती सिकाइ अनुभव र कार्यान्वयन चुनौतीहरूको बारेमा राम्रो बुझाइ हासिल गर्न विविध जानकारी संकलन गर्यो। हामीले कोभिड-19 समस्याको रूपमै रहिरहिनेछ भन्ने पूर्वानुमानका साथ सन् 2020-21 विद्यालय वर्षको लागि योजना गर्नको लागि समुदायको पृष्ठपोषण र जानकारी प्राथमिकताहरू एकत्रित गर्यौं।

संकलित तथ्यांकहरूमा निम्न कुराहरू थिए:

- WPS कर्मचारी, विद्यार्थी, र बुबाआमा/अभिभावकसँगको 2019-20 वर्ष समापन सर्वेक्षणहरू
- WPS गृष्मकालीन विद्यालय 2020 सर्वेक्षण

- बसन्त ऋतु दूरवर्ती सिकाइको अवधिमा सिकिएका ज्ञानहरू सम्बन्धमा गरिएको WPS को आन्तरिक कर्मचारी वर्ष समापन बैठक
- जुलाई 10 देखि 20 सम्म बुबाआमा/अभिभावकसँग गरिएको 2020-21 विद्यालय पुनः आरम्भ सर्वेक्षण
- विद्यालय पुनः आरम्भको सम्बन्धमा जुलाई 20 देखि 22 सम्म गरिएको WPS समुदाय मञ्च
- जुलाई 14 मा खुला गरिएको WPS कर्मचारी 2021-21 विद्यालय पुनः आरम्भ सर्वेक्षण
- जुलाई 29 को WPS चिकित्सा मञ्च
- वर्सेस्टर सिटी स्वास्थ्य सूचना प्रणाली

यस अलावा, वर्सेस्टर पब्लिक स्कूल्सले परिसर क्षमतामा स्वास्थ्य तथा सुरक्षा मापदण्डहरूको के कस्तो प्रभाव हुन्छ भनी एक मूल्यांकन अध्ययन पनि गर्यो। यी मूल्यांकन अध्ययनहरूमा निम्न कुराहरू समावेश छन्:

- भवन क्षमता विश्लेषण
- यातायात क्षमता विश्लेषण
- HVAC प्रणाली विश्लेषण

## कार्यकारी सारांश

विद्यार्थीहरू, कर्मचारीहरू र परिवारहरूले आउँदो सन् 2020-2021 विद्यालय वर्षको बारेमा जान्नुपर्ने कुराहरू यहाँ उल्लेख गरिएका छन्।

1. सुपरीवेक्षकले विद्यालय समितिलाई दिनुभएको सुझाव विद्यालय सुरुवात मिति थियो जुन सेप्टेम्बर 15, 2020 मंगलबार सुरु हुन्छ। विद्यालय समितिले अगस्ट 5, 2020 मा विद्यालय कार्यक्रम तालिकाको फेरबदललाई अनुमोदन गर्यो। शिक्षकहरू अगस्ट 27, 2020 मा विद्यालयमा हाजिर हुनेछन् र 12 दिनसम्म तालिममा सहभागी हुनेछन्। सबै विद्यार्थीहरूले सेप्टेम्बर 15 मा सिकाइ सुरु गर्नेछन् र सबै विद्यार्थीहरूले 100% दूरवर्ती सिकाइ प्राप्त गर्नेछन्।

2. स्थानीय स्वास्थ्य बोर्ड र वर्सेस्टर विद्यालय समितिसँगको परामर्शपश्चात वर्सेस्टर पब्लिक स्कूल्स (WPS) ले राज्यको सार्वजनिक स्वास्थ्य तथा सुरक्षा अपेक्षाहरूभन्दा राम्रो अवस्था बनाउनेछ। सम्भव भएसम्म सबै विद्यार्थीहरू र कर्मचारीहरूले ग्रेड 2-12 मा छ (6) फिटको सामाजिक दुरी अभ्यास गर्नेछन् र अनुहारमा मास्क लगाउनेछन्। हाम्रा विद्यार्थी र कर्मचारीहरूको स्वास्थ्य, सुरक्षा र सुस्वास्थ्य नै हाम्रो मुख्य प्राथमिकता हो। राज्ले जुन 25, 2020 मा सुरुवाती स्वास्थ्य निर्देशिका जारी गर्यो जसले विद्यार्थीहरू र कर्मचारीहरूले तीनदेखि छ फिट सम्मको सामाजिक दुरी कायम गर्नुपर्ने, अनुहारमा मास्क लगाउनुपर्ने (2-12 ग्रेडहरू), र अन्तर्क्रिया न्यूनीकरण गर्नको लागि मध्य र उच्च विद्यालय तहका विद्यार्थीहरूलाई कोहोर्ट वर्गीकरणमार्फत व्यवस्थापन गर्न अनिवार्य गरेको छ।

3. मसाचुसेट्स आधारभूत तथा माध्यमिक शिक्षा विभाग (DESE) ले जुलाई 22, 2020 मा यातायात तथा परिसर निर्देशिका जारी गर्यो। जिल्लाले यातायात तथा परिसर क्षमता विश्लेषण गर्यो। उक्त यातायात तथा परिसर क्षमता

विश्लेषणको आधारमा जिल्लाले त्रैमास 1 (नोभेम्बर 13, 2020) को अन्त्यसम्मको लागि दूरवर्ती सिकाइ सुझाव गरेको छ। समूह C मा रहेका विद्यार्थीहरूले त्रैमास 1 पश्चात व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ प्राप्त गर्नेछन्। त्रैमास 2 को सुरुवातदेखि जिल्लाले पुनः मुल्यांकन गर्नेछ र मनासिब भएमा सम्मिश्रित मोडलमा अवस्थान्तरण गर्नेछ जहाँ विद्यार्थीहरूले हप्ताको एक दिन व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ प्राप्त गर्नेछन्।

4. त्रैमास 1 पश्चात, व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ मोडलमा भएका विद्यार्थीहरूको लागि हामीले आधारभूत तहमा कक्षाकोठामै खाना प्रदान गर्ने योजना गरिरहेका छौं र मध्य तथा उच्च तहका विद्यार्थीहरूको हकमा भने सुरक्षित सामाजिक दुरी कायम गर्दै "लिएर जाने" लन्च विकल्प उपलब्ध हुनेछ। दूरवर्ती सिकाइ मोडलमा रहेका विद्यार्थीहरूले जिल्लाभरि तोकिएका स्थानहरूबाट खाना प्राप्त गर्न सक्नेछन्।

5. वर्सेस्टर पब्लिक स्कूल्समा हामीले गर्ने सबै कार्यहरूको केन्द्रबिन्दुमा समता रहेको हुन्छ र हामीले संकटाभिमुख र जोखिममा रहेका हाम्रा विद्यार्थीहरूलाई थप सहयोग उपलब्ध गराउने योजना गर्दछौं। यो निर्देशिकामा विशेष शिक्षा सेवा प्राप्त गर्ने प्रिकिन्डरगार्टेनका विद्यार्थीहरू, छुट्टै विशेष शिक्षा कार्यक्रममा रहेका अपाङ्गता भएका विद्यार्थीहरू, र जोखिमा रहेका मानिएका अन्य विद्यार्थीहरूको लागि पूर्ण रूपमा विद्यालय फर्कने योजना समाविष्ट छ।

6. हाम्रो WPS संकाय र कर्मचारीहरूले आकस्मिक रूपमा विद्यालय बन्द भएदेखि धेरै कुराहरू सिकेका छन्। यसकारण, यो शरद ऋतुमा शिक्षण र सिकाइको अनुभव तपाईंहरूले मार्चमा सुरु भएर आकस्मिक रूपमा विद्यालय बन्द भएको अवधिमा गरेको अनुभवभन्दा फरक हुने अपेक्षा गर्दछौं।

7. शिक्षकहरूलाई हाम्रा सम्मिश्रित र दूरवर्ती सिकाइ योजनाहरूको लागि आवश्यक पर्ने अध्यापन विधि परिवर्तनको लागि अनुकूलन गर्नको लागि मद्दत गर्ने हेतुले व्यावसायिक सिकाइ प्रदान गरिनेछ। यस अलावा, विद्यार्थीहरूको बझाइ मूल्यांकन गर्न र आउँदो विद्यालय वर्षमा सिकाइ दरार पुरताल गर्नको लागि गत गृष्मकालीन अवधिमा विकसित गरिएका योजनाहरू आदानप्रदान गर्न पाठ्यक्रम नेतृत्वकर्ताहरूले कार्यटोलीहरू र विभागहरूसँग सहकार्य गर्नेछन्।

गृष्मकालीन र शरदकालीन अवधिभर WPS कर्मचारीहरूलाई विस्तारित व्यवसायिक सिकाइ अवसरहरू उपलब्ध गराइको छ र तिनलाई निरन्तर रूपमा उपलब्ध गराइनेछ। यी अवसरहरू शिक्षकहरूलाई उनीहरूले भर्चुअल पाठहरू तयार गर्दा, प्रविधि एकीकृत गर्दा, मजबुद भर्चुअल सिकाइ वातावरणको लागि प्रभावकारी रणनीतिहरू समाहित गर्दा, र दूरवर्ती रूपमा सकारात्मक सिकाइ समुदाय निर्माण गर्दा उपलब्ध गराइन्छ।

8. सिकाइ मोडलहरू:

- **व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ** चाहिँ त्रैमास 1 पछि समूह C का विद्यार्थीहरूलाई प्रदान गरिनेछ। विद्यालय प्रशासकहरूले व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइको विकल्पको बारेमा र को-को विद्यार्थीहरूले त्रैमास 1 पश्चात उक्त सिकाइमा सहभागिता जनाउँदैछन् भन्ने कुरा पुष्टि गर्नको लागि परिवारहरूलाई सम्पर्क गर्नेछन्।

- त्रैमास 1 का सबै विद्यार्थीहरू र पूरै वर्षको लागि दूरवर्ती सिकाइ रोज्ने सबै विद्यार्थीहरूलाई **100% दूरवर्ती सिकाइ** सेवा प्रदान गरिनेछ। यो मोडल सबै विद्यार्थीहरूले दृढ दूरवर्ती सिकाइ योजना प्राप्त गर्ने कुरामा आधारित छ। विद्यार्थीहरू निम्न सिकाइ प्रक्रियामा संलग्न हुन सक्छन्:
    - सबै मूल विषयवस्तु सम्बन्धित विषयहरू, वैकल्पिक विषयहरू र पूरक विषयहरूमा हरेक हप्ता चार दिन समकालिक सिकाइ
    - आवश्यकताअनुरूप सहयोग शिक्षकहरूबाट सानो समूहमा समकालिक सिकाइ
    - हरेक हप्ता एक दिन गैर-समकालिक सिकाइ
- **सम्मिश्रित सिकाइ** चाहिँ त्रैमास 2 देखि एक विकल्पको रूपमा योजना गरिनेछ। यो मोडल एक पटकमा कूल विद्यार्थीहरूको ¼ विद्यार्थीहरू विद्यालय भवनमा रहने गरी बनाइएको कोहोर्ट समूहमा विद्यार्थीहरूलाई राख्ने कुरामा आधारित छ। विद्यार्थीहरूले दूरवर्ती सिकाइबाट वर्ष सुरुवात गर्ने भएकोले यो मोडल पहिलो टर्मपश्चात सुरू हुनेछ।
  विद्यार्थीहरू निम्न सिकाइ प्रक्रियामा संलग्न हुन सक्छन्:
    - हप्ताको एक दिन व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ, सोमबार, मंगलबार, बुधबार वा बिहीबार (सम्भावित रूपमा)।
    - सबै मूल विषयवस्तु सम्बन्धित विषयहरू, वैकल्पिक विषयहरू र पूरक विषयहरूमा हरेक हप्ता 3 दिन समकालिक दूर्वर्ती सिकाइ
    - आवश्यकताअनुरूप सहयोग शिक्षकहरूबाट सानो समूहमा समकालिक दूरवर्ती सिकाइ
    - हरेक हप्ता एक दिन गैर-समकालिक दूरवर्ती सिकाइ

9. परिवारहरू र हेरचाह प्रदानकर्ताहरूले अगस्ट 17, 2020 सम्ममा शैक्षिक मोडल रोजाइ फाराम भरिसक्नुपर्नेछ। परिवारहरूले त्रैमास 2 को लागि 100% दूरवर्ती सिकाइ वा सम्मीश्रण सिकाइ रोज्नुपर्नेछ। परिवारहरूलाई पूरै विद्यालय वर्षको लागि एक खास सिकाइ मोडलमा बाँधेर राखिने छैन। शैक्षिक मोडल परिवर्तन गर्नको लागि अनुरोध गरि पठाउने प्रक्रिया अझै विकसित गरिँदै गरिएको अवस्थामा छ र जतिसक्दो चाँडो जानकारी उपलब्ध गराइनेछ।

***कृपया परिभाषा र छोटकरी नामहरूको लागि परिशिष्ट A हेर्नुहोला।**

## सुरुवात गर्ने

विद्यालय समितिले वर्सेस्टर पब्लिक स्कूल्सको सुरुवात गर्ने मिति भनेर सेप्टम्बर 15, 2020 मंगलबारलाई अनुमोदन गरेको छ। यहाँ प्रस्तावित 2020-2021 WPS विद्यालय कार्यक्रम तालिका को लिंक रहेको छ।

सेप्टेम्बर 15, 2020 को सुरुवात मितिले हामीलाई निम्न कुराहरू गर्न सक्षम तुल्याउँछ: आउँदो विद्यालय वर्षको लागि शिक्षक तयारीको लागि थप समय उपलबध् गर्न; पूरा गर्नुपर्ने विशेष शिक्षा मूल्यांकन सम्बोधन गर्न; सबैभन्दा धेरै आवश्यकता हुने अपाङ्गता भएका विद्यार्थीहरूको लागि क्षतिपूरक सेवा उपलब्ध गराउन; हाम्रो सबैभन्दा बढी संकटाभिमुक विद्यार्थीहरूलाई गहन सहयोग उपलब्ध गराउन; नयाँ अध्ययन आउँदै जाने क्रममा कोभिड-19 को

बारेमा थप कुरा जान्न; र (उत्तरपूर्वमा भाइरसको प्रक्षेपपथ र समयमा आधारित रहेर) हामीले भाइरसको पुनर्वृद्धि हुँदा अन्य देशहरूले भोगेको जस्तो विद्यालय फर्कने कार्यलाई सुरु गर्दै रोक्दै गर्नुपर्ने अवस्थाबाट जोगिन सक्छौं।

## हाजिरी तथा ग्रेडिङ

मसाचुसेट्स साधारण कानूनको परिच्छेद 76, दफा 1 ले छ देखि सोह्र वर्षभित्रका सबै बालबालिकाले विद्यालय जानुपर्छ भने व्यवस्था गरेको छ। विद्यालयका अधिकारीहरू र बुबाआमा/अभिभावकहरूले सबै विद्यार्थीहरूले 170 दिने शिष्य कार्यक्रम तालिकाको अवधिमा प्रत्येक दिन र ठीक समयमा विद्यालयमा हाजिर हुने कुरा सुनिश्चित गर्न मिलेर काम गर्नुपर्छ।

WPS का विद्यार्थीहरूले सोमबारदेखि बिहीबारसम्म समकालिक सिकाइ अवसरहरूमा र शुक्रबार गैर-समकालिक सिकाइ अवसरहरूमा जोडिने अपेक्षा गरिन्छ। सम्मीश्रण र दुरसिकाइ मोडलमा, यदि कुनै विद्यार्थी विद्यालयमा स्वयम् उपस्थित हुँदैन वा समकालिक वा गैर-समकालिक सिकाइको लागि लग-इन गर्दैन भने, निजलाई अनुपस्थित भएको मानिनेछ। नियमित विद्यालय वर्षको अवधिमा जस्तै, बुबाआमा/अभिभावकहरूलाई उनीहरूको बच्चा अनुपस्थित रहेमा कनेक्टएड स्वचालित फोन कल मार्फत दैनिक रूपमा सम्पर्क गरिनेछ।

5 अक्षम्य अनुपस्थितिहरूपश्चात, प्रिन्सिपलले बुबाआमा/अभिभावकहरूलाई उपयुक्त भएमा लिखित रूपमा सूचित गरेर विद्यार्थीको उपस्थितिको बारेमा छलफल गर्न भेट्नको लागि अनुरोध गर्नेछन्। बुबाआमाहरूले बच्चाको हरेक पाँच अनुपस्थितिहरूपश्चात निजको उपस्थितिको बारेमा लिखत सूचना प्राप्त गरिरहनेछन्। बुबाआमा/अभिभावकहरूले अन्तरिम तथा त्रैमासिक रिपोर्ट कार्डहरूमार्फत पनि बच्चाको उपस्थिति जानकारी प्राप्त गर्नेछन्।

धारण वा क्रेडिट क्षतिको लागि गन्तीमा नआउने अनुपस्थितिहरूको सूची वर्सेस्टर पब्लिक स्कूल्स विद्यार्थी हातेपुस्तिका 2020-2021 मा प्राप्त गर्न सकिन्छ।

विद्यार्थीहरूलाई सिकाइ मापदण्डहरूप्रतिको प्रगति र प्रवीणताको आधारमा ग्रेडिङ गरिन्छ। विद्यार्थीहरूले अन्तरिम प्रगति प्रतिवेदनहरू र त्रैमासिक रिपोर्ट कार्डहरू प्राप्त गर्नेछन्। ग्रेडिङमा सिकाइको संरचनाको आधारमा समकालिक सत्रहरूमा सक्रिय सहभागिता, अनलाइनमार्फत एसाइनमेन्ट पेश, अनलाइन सिकाइ प्लाट्फर्महरूमा लग-इन, भर्चुअल चेक-इनहरूमा उपस्थिति, आदि समावेश गरिएको हुन्छ। अंकन प्रणाली ग्रेड K देखि 3 सम्मको लागि 1 देखि 4 सम्मको स्केलमा र ग्रेड 4-12 को लागि सांख्यिकीय ग्रेड हुनेछ। (A=100-90, B=89-80, C=79-70, D=69-65, F=64-0)

## सिकाइ मोडलहरूको समयतालिका

### सम्मिश्रित मोडल

यो मोडल एक पटकमा कूल विद्यार्थीहरूको ¼ विद्यार्थीहरू विद्यालय भवनमा रहने गरी बनाइएको कोहोर्ट समूहमा विद्यार्थीहरूलाई राख्ने कुरामा आधारित छ। विद्यार्थीहरूले दूरवर्ती सिकाइबाट वर्ष सुरुवात गर्ने भएकोले

यो मोडल पहिलो टर्मपश्चात सुरू हुनेछ।

विद्यार्थीहरू निम्न सिकाइ प्रक्रियामा संलग्न हुन सक्छन्:

- हप्ताको एक दिन व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ, सोमबार, मंगलबार, बुधबार वा बिहीबार (सम्भावित रूपमा)।
- सबै मूल विषयवस्तु सम्बन्धित विषयहरू, वैकल्पिक विषयहरू र पूरक विषयहरूमा हरेक हप्ता 3 दिन समकालिक दूरवर्ती सिकाइ
- आवश्यकताअनुरूप सहयोग शिक्षकहरूबाट सानो समूहमा समकालिक दूरवर्ती सिकाइ
- हरेक हप्ता एक दिन गैर-समकालिक दूरवर्ती सिकाइ

## आधारभूत विद्यार्थी नमुना समयतालिका

| समय | सोमबार<br>कोहोर्ट समूह 1 | मंगलबार<br>कोहोर्ट समूह 2 | बुधबार<br>कोहोर्ट समूह 3 | बिहीबार<br>कोहोर्ट समूह 4 | शुक्रबार |
|---|---|---|---|---|---|
| 8:30 - 8:45 | संरचना ब्रेकफास्ट | संरचना ब्रेकफास्ट | संरचना ब्रेकफास्ट | संरचना ब्रेकफास्ट | गुगल कक्षा |
| 8:45 विहानी - 9:00 | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | |
| 9:00 विहानी - 10:15<br>ब्लक एक | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण ELA छोटो पाठ मार्गनिर्देशित पठन ESL/SPED सहयोग** | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण ELA छोटो पाठ मार्गनिर्देशित पठन ESL/SPED सहयोग** | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण ELA छोटो पाठ मार्गनिर्देशित पठन ESL/SPED सहयोग** | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण ELA छोटो पाठ मार्गनिर्देशित पठन ESL/SPED सहयोग** | **गैर-समकालिक**<br>ठूलो स्वरमा पढ्ने पाठहरू<br>गणितका पाठहरू<br>भर्चुअल क्रियाकलापहरू<br>प्रतिभावान पुस्ता<br>लेक्सिया<br>ST गणित<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू |
| 10:15 विहानी - 11:45<br>ब्लक दुई | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण गणित छोटो पाठ सानो समूह ESL/SPED सहयोग** | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण गणित छोटो पाठ सानो समूह ESL/SPED सहयोग** | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण गणित छोटो पाठ सानो समूह ESL/SPED सहयोग** | **व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षण गणित छोटो पाठ सानो समूह ESL/SPED सहयोग** | |
| 11:45 विहानी - 12:45 | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च विश्राम |
| 12:45 बेलुकी - 1:25 | कला | जिम | संगीत | प्रविधि | **गैर-समकालिक क्रियाकलापहरू** |
| 1:25 विहानी - 2:10<br>ब्लक तीन | विज्ञान | विज्ञान | ELA पूरक | गणित पूरक | |
| 2:10 विहानी - 2:30 | **संरचनात्मक निस्कासन** | **संरचनात्मक निस्कासन** | **संरचनात्मक निस्कासन** | **संरचनात्मक निस्कासन** | |

## दूरवर्ती सिकाइबाट सम्मिश्रित सिकाइमा अवस्थान्तरण:

<u>सफल सम्मिश्रित सिकाइको लागि योजनाबद्ध संरचनाहरू</u>

- विद्यार्थीहरूको सफलताको लागि शिक्षण एकरूपता एकदमै महत्वपूर्ण हुन्छ, त्यसकारण सबै विद्यार्थीहरूले शिक्षणको प्राथमिक स्रोतको रूपमा दूरवर्ती सिकाइ प्रारूपलाई निरन्तरता दिनेछन्।
- व्यक्ति स्वयम् उपस्थित हुने दिनको जोड भने विद्यार्थीहरूले शिक्षण सहयोग प्राप्त गर्ने कुरामा हुनेछ।
- सम्बन्ध निर्माण, संवेगात्मक स्वास्थ्य, र सामाजिक अन्तर्क्रियाहरूलाई बढावा दिइनेछ।
- व्यक्ति स्वयम् उपस्थित भई हाजिरी गरिँदा यसबाट विद्यालय समुदायसँग सम्बन्ध निर्माण तथा

कायम राख्न मद्दत मिल्छ।

- पाठ्यक्रम र शिक्षण एकरूपताको लागि व्यक्ति स्वयम उपस्थित भई गरिने सिकाइ र दूरवर्ती सिकाइ शिक्षण कर्मचारीहरूबीचको शिक्षक सहकार्यलाई बढावा दिइनेछ।

<u>चारदिने व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ मोडलमा सहभागिता जनाउने विद्यार्थीहरू: (त्रैमास 1 पश्चात कार्यान्वयन)</u>

*सफलताको लागि अतिरिक्त विशिष्टीकृत शिक्षणको एकभन्दा धेरै पिरियडहरू आवश्यक पर्ने विद्यार्थीहरू, र सफलताको लागि पूर्णतः विशिष्टीकृत शिक्षण र सुपरीवेक्षण/सहयोग आवश्यक पर्ने विद्यार्थीहरू ले चारदिने व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ मोडलमा सहभागिता जनाउनेछन्। यो योजनालाई कार्यान्वयन गर्ने मार्गनिर्देशनहरू तल दिइएका छन्:*

- जिल्लाले मापदण्ड निर्धारण गर्छ र विद्यालयअनुसार सम्भावित विद्यार्थीहरू पहिचान गर्छ।
- जिल्लाले सबैभन्दा धेरै आवश्यकता भएका विद्यार्थीहरूलाई प्राथमिकीकरण गर्छ।
- विद्यालय प्रशासकहरूले सम्भावित विद्यार्थीहरूको सूचीहरू प्रमाणीकरण गर्छन्।
- विद्यालय प्रशासकहरूले व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइको विकल्पको बारेमा र को-को विद्यार्थीहरूले सहभागिता जनाउँदैछन् भन्ने कुरा पुष्टि गर्नको लागि परिवारहरूलाई सम्पर्क गर्दछन्।
- व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ सहयोगको लागि स्थानहरू/कोठाहरू पहिचान गर्ने।
- विद्यार्थीहरूको आवश्यकताअनुसार प्रतिहप्ता व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ दिनहरू निर्धारण गर्ने।
- कर्मचारी/सेवा प्रदायकहरू सुनिश्चित र समन्वय गर्ने।
- यातायात आवश्यकता र समयतालिका निर्धारण गर्ने।
- प्रवेश/सुरक्षा योजना तयार गर्ने।
- सुरुवात गर्ने मिति र घण्टाहरू निर्धारण गर्ने।

## दूरवर्ती सिकाइ

100% दूरवर्ती सिकाइ

यो मोडल सबै विद्यार्थीहरूले दृढ दूरवर्ती सिकाइ योजना प्राप्त गर्ने कुरामा आधारित छ।
विद्यार्थीहरू निम्न सिकाइ प्रक्रियामा संलग्न हुन सक्छन्:

- सबै मूल विषयवस्तु सम्बन्धित विषयहरू, वैकल्पिक विषयहरू र पूरक विषयहरूमा हरेक हप्ता चार दिन समकालिक सिकाइ
- आवश्यकताअनुरूप सहयोग शिक्षकहरूबाट सानो समूहमा समकालिक सिकाइ
- हरेक हप्ता एक दिन गैर-समकालिक सिकाइ

<u>किन्डरगार्टनदेखि ग्रेड 2 सम्ममा सफल दूरवर्ती सिकाइको लागि योजनाबद्ध संरचनाहरूमा निम्न कुराहरू पर्दछन्:</u>

- प्राथमिक ग्रेडहरूका विद्यार्थीहरूको लागि कम्प्युटरमा बस्ने समय सीमित हुनुपर्छ र यसमा विस्तारित समयअवधि समावेश हुनु हुँदैन।
- कक्षा समयको अनुभवहरूमा व्यवस्थित समयतालिकाअनुरूप सामूहिक शिक्षणदेखि सानो समूहमा शिक्षण र बारम्बार स्वतन्त्र कार्यसम्म समावेश हुनेछ।
- समकालिक शिक्षण समय र जिम्मा दिइएका कार्यहरूले एक ठेट प्राथमिक कक्षाकोठालाई प्रतिबिम्बित गर्छन् जसमा रुचि र संलग्नता कायम गरिराख्नको लागि बारम्बार विश्राम/अवस्थान्तरण/क्रियाकलापहरू हुन्छन्।
- अन्तर्क्रियात्मक संलग्नता क्रियाकलापहरू, आवतजावत क्रियाकलापहरू, र पूरक क्रियाकलापहरूलाई विद्यार्थीहरूको दूरवर्ती सिकाइ समयतालिकामा दैनिक रूपमा समाविष्ट गरिनेछ (लेक्सिया/ST गणित)
- दैनिक समयतालिकामा 90/45 मिनेटको ब्लक स्थापित गरिएको छ; हरेक ब्लकले मुख्य विषयवस्तुमा जोड दिनेछ। यी ब्लकहरूको अवधिमा, शिक्षकहरूले सम्पूर्ण समूह लक्षित छोटो पाठहरू र सानो समूह मार्गनिर्देशित पठन/गणित पाठहरू सञ्चालन गर्छन्। यो समयमा ESL र SPED सहयोग प्रदान गरिन्छ र साथसाथै आवश्यक परेमा विद्यार्थीहरूलाई स्वतन्त्र सहयोग पनि प्रदान गरिनेछ।

## किन्डरगार्टेन देखि ग्रेड 2 सम्मका विद्यार्थीहरूको समयतालिका

<table>
<tr><th>समय</th><th>सोमबार</th><th>मंगलबार</th><th>बुधबार</th><th>बिहीबार</th><th>शुक्रबार</th></tr>
<tr><td>8:30 - 8:45</td><td>बिहानको बैठक</td><td>बिहानको बैठक</td><td>बिहानको बैठक</td><td>बिहानको बैठक</td><td>गुगल कक्षा</td></tr>
<tr><td>8:45 विहानी - 10:15<br>ब्लक एक</td><td>समकालिक<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया</td><td>समकालिक<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया</td><td>समकालिक<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया</td><td>समकालिक<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया</td><td rowspan="2">गैर-समकालिक<br>ठूलो स्वरमा पढ्ने पाठहरू<br>गणितका पाठहरू<br>भर्चुअल क्रियाकलापहरू<br>प्रतिभावान पुस्ता<br>लेक्सिया<br>ST गणित<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू</td></tr>
<tr><td>10:15 विहानी - 11:45<br>ब्लक दुई</td><td>समकालिक<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित</td><td>समकालिक<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित</td><td>समकालिक<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित</td><td>समकालिक<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित</td></tr>
<tr><td>11:45 विहानी - 12:45</td><td>लञ्च/विश्राम</td><td>लञ्च/विश्राम</td><td>लञ्च/विश्राम</td><td>लञ्च/विश्राम</td><td>लञ्च विश्राम</td></tr>
<tr><td>12:45 बेलुकी - 1:25<br>ब्लक तीन</td><td>कला</td><td>जिम</td><td>संगीत</td><td>प्रविधि</td><td rowspan="3">गैर-समकालिक<br>भर्चुअल क्रियाकलापहरू<br>अन्तर्क्रियात्मक कार्य<br>लेक्सिया<br>St गणित</td></tr>
<tr><td>1:25 विहानी - 2:10<br>ब्लक चार</td><td>समकालिक<br>विज्ञान</td><td>समकालिक<br>विज्ञान</td><td>समकालिक<br>ELA पूरक</td><td>समकालिक<br>गणित पूरक</td></tr>
<tr><td>2:10 विहानी - 2:30</td><td>गैर-समकालिक ठूलो स्वरमा पढ्ने</td><td>गैर-समकालिक ठूलो स्वरमा पढ्ने</td><td>गैर-समकालिक ठूलो स्वरमा पढ्ने</td><td>गैर-समकालिक ठूलो स्वरमा पढ्ने</td></tr>
</table>

<u>ग्रेड 3 देखि 6 सम्ममा सफल दूरवर्ती सिकाइको लागि योजनाबद्ध संरचनाहरूमा निम्न कुराहरू पर्दछन्:</u>

- मुख्य विषयवस्तुका कक्षाहरूको लागि 90 र 45 मिनेटका ब्लकहरू।
- मुख्य विषयवस्तुहरूलाई समकालिक गरी/गैर-समकालिक गरी 4 दिन पढाइनेछ।

- सबै शिक्षार्थीहरूको लागि एक स्पष्ट र एकरूपीय दैनिक समयतालिका हुनुपर्छ।
- यसमा सन्निहित गरिएका र रणनीतिक सहयोगहरूमा अन्वेषण र सृजना, संलग्नता र अभिव्यक्तिका बहुमाध्यमहरू, र प्रविधिहरूबीचको विचारपूर्ण सन्तुलन पर्दछन्।
- धेरै विधिहरूको प्रयोग गर्दै विद्यार्थीहरूले पूरा दिनभर सिकिरहनेछन्।
- पाठहरू र व्यक्तिगत कार्यहरू अन्तर्क्रियात्मक र संलग्नात्मक हुनुपर्छ।

## ग्रेड 3 - 6 का विद्यार्थीहरूको समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| 8:30 - 10:00 | ब्लक 1 ELA समकालिक र गैर-समकालिक | ब्लक 1 ELA समकालिक र गैर-समकालिक | ब्लक 1 ELA समकालिक र गैर-समकालिक | ब्लक 1 ELA समकालिक र गैर-समकालिक | बिहानको चेक-इन |
| 10:00 विहानी -10:15 | विश्राम | विश्राम | विश्राम | विश्राम | गैर-समकालिक सिकाइ |
| 10:15 विहानी - 11:45 विहानी | ब्लक 2 गणित समकालिक र गैर-समकालिक | ब्लक 2 गणित समकालिक र गैर-समकालिक | ब्लक 2 गणित समकालिक र गैर-समकालिक | ब्लक 2 गणित समकालिक र गैर-समकालिक | परियोजना कार्य |
| 11:45 विहानी - 12:30 बेलुकी | लञ्च तथा विश्रामकाल | लञ्च तथा विश्रामकाल | लञ्च तथा विश्रामकाल | लञ्च तथा विश्रामकाल | लक्षित चेक-इनहरू |
| 12:30 बेलुकी - 1:15 विहानी | ब्लक 3 विशेष (कला) | ब्लक 3 विशेष (PE) | ब्लक 3 विशेष (प्रविधि) | ब्लक 3 विशेष (संगीत) | भर्चुअल फिल्ड ट्रिपहरू |
| 1:15 - 2:00 | ब्लक 4 सामाजिक अध्ययन - विज्ञान | ब्लक 4 सामाजिक अध्ययन - विज्ञान | ब्लक 4 सामाजिक अध्ययन - विज्ञान | ब्लक 4 सामाजिक अध्ययन - विज्ञान | सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू |
| 2:00 विहानी - 2:30 विहानी | स्वतन्त्र कार्य/दिन समापन चेक इन | स्वतन्त्र कार्य/दिन समापन चेक इन | स्वतन्त्र कार्य/दिन समापन चेक इन | स्वतन्त्र कार्य/दिन समापन चेक इन | |

## आधारभूत SEI - EPL 1&2 मा ELs को लागि नमुना समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| 8:30 - 8:45 | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | गुगल कक्षा |
| 8:45 विहानी - 10:15 ब्लक एक | **समकालिक ELA/ESL** छोटो पाठ, स्वतन्त्र पठन, लेखन, शिक्षकसँग सानो समूह प्रशिक्षण 90 मिनेट ESL a. 45 मिनेट सह-शिक्षण वा पुस-इन ESL र b. 45 मिनेट पुल-आउट ESL | **समकालिक ELA/ESL** छोटो पाठ, स्वतन्त्र पठन, लेखन, शिक्षकसँग सानो समूह प्रशिक्षण 90 मिनेट ESL a. 45 मिनेट सह-शिक्षण वा पुस-इन ESL र b. 45 मिनेट पुल-आउट ESL | **समकालिक ELA/ESL** छोटो पाठ, स्वतन्त्र पठन, लेखन, शिक्षकसँग सानो समूह प्रशिक्षण 90 मिनेट ESL a. 45 मिनेट सह-शिक्षण वा पुस-इन ESL र b. 45 मिनेट पुल-आउट ESL | **समकालिक ELA/ESL** छोटो पाठ, स्वतन्त्र पठन, लेखन, शिक्षकसँग सानो समूह प्रशिक्षण 90 मिनेट ESL a. 45 मिनेट सह-शिक्षण वा पुस-इन ESL र b. 45 मिनेट पुल-आउट ESL | **गैर-समकालिक** विस्तारित ESL सिकाइ इमाजिन लर्निङ |
| 10:15 विहानी - 11:45 ब्लक दुई | **समकालिक गणित** छोटो पाठ, स्वतन्त्र कार्य, शिक्षकसँग सानो समूह प्रशिक्षण | **समकालिक गणित** छोटो पाठ, स्वतन्त्र कार्य, शिक्षकसँग सानो समूह प्रशिक्षण | **समकालिक गणित** छोटो पाठ, स्वतन्त्र कार्य, शिक्षकसँग सानो समूह प्रशिक्षण | **समकालिक गणित** छोटो पाठ, स्वतन्त्र कार्य, शिक्षकसँग सानो समूह प्रशिक्षण | **गैर-समकालिक** विस्तारित सिकाइ लेक्सिया ST गणित |
| 11:45 विहानी - 12:45 | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च/विश्राम |
| 12:45 बेलुकी - 1:25 ब्लक तीन | कला | जिम | संगीत | प्रविधि | **गैर-समकालिक** भर्चुअल फिल्ड ट्रिपहरू |
| 1:25 विहानी - 2:10 | **समकालिक सामाजिक** | **समकालिक सामाजिक** | **समकालिक सामाजिक** | **समकालिक सामाजिक** | |

| | | | | | |
|---|---|---|---|---|---|
| ब्लक चार | **अध्ययन/विज्ञान** | **अध्ययन/विज्ञान** | **अध्ययन/विज्ञान** | **अध्ययन/विज्ञान** | सांस्कृतिक<br>संस्थासम्बन्धी<br>कक्षाहरू<br>पारिवारिक<br>क्रियाकलापहरू |
| 2:10 विहानी - 2:30 | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक चेक<br>इन, अंग्रेजीमा अतिरिक्त<br>भाषा सहयोग | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक चेक<br>इन, अंग्रेजीमा अतिरिक्त<br>भाषा सहयोग | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक चेक<br>इन, अंग्रेजीमा अतिरिक्त<br>भाषा सहयोग | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक चेक<br>इन, अंग्रेजीमा अतिरिक्त<br>भाषा सहयोग | |

## आधारभूत SEI - EPL 3-5 मा ELs को लागि नमुना 1 समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| 8:30 - 8:45 | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | गुगल कक्षा |
| 8:45 विहानी - 10:15<br>ब्लक एक | **समकालिक ELA**<br>छोटो पाठ, स्वतन्त्र<br>पठन, लेखन, शिक्षकसँग<br>सानो समूह प्रशिक्षण | **समकालिक ELA**<br>छोटो पाठ, स्वतन्त्र<br>पठन, लेखन, शिक्षकसँग<br>सानो समूह प्रशिक्षण | **समकालिक ELA**<br>छोटो पाठ, स्वतन्त्र पठन,<br>लेखन, शिक्षकसँग सानो<br>समूह प्रशिक्षण | **समकालिक ELA**<br>छोटो पाठ, स्वतन्त्र पठन,<br>लेखन, शिक्षकसँग सानो<br>समूह प्रशिक्षण | **गैर-समकालिक**<br>विस्तारित सिकाइ<br>लेक्सिया<br>ST गणित |
| | 45 मिनेट ESL<br>a. सह-शिक्षण<br>वा<br>b. पुल-आउट ESL<br>वा<br>c. दोहोरो अनुमति प्राप्त<br>शिक्षक | 45 मिनेट ESL<br>a. सह-शिक्षण<br>वा<br>b. पुल-आउट ESL<br>वा<br>c. दोहोरो अनुमति प्राप्त<br>शिक्षक | 45 मिनेट ESL<br>a. सह-शिक्षण<br>वा<br>b. पुल-आउट ESL<br>वा<br>c. दोहोरो अनुमति प्राप्त<br>शिक्षक | 45 मिनेट ESL<br>a. सह-शिक्षण<br>वा<br>b. पुल-आउट ESL<br>वा<br>c. दोहोरो अनुमति प्राप्त<br>शिक्षक | **गैर-समकालिक**<br>विस्तारित<br>ESL सिकाइ<br>इमाजिन लर्निङ |
| 10:15 विहानी - 11:45<br>ब्लक दुई | **समकालिक गणित**<br>छोटो पाठ, स्वतन्त्र कार्य,<br>शिक्षकसँग सानो समूह | **समकालिक गणित**<br>छोटो पाठ, स्वतन्त्र कार्य,<br>शिक्षकसँग सानो समूह | **समकालिक गणित**<br>छोटो पाठ, स्वतन्त्र कार्य,<br>शिक्षकसँग सानो समूह | **समकालिक गणित**<br>छोटो पाठ, स्वतन्त्र कार्य,<br>शिक्षकसँग सानो समूह | **गैर-समकालिक**<br>विस्तारित सिकाइ<br>लेक्सिया ST गणित |
| 11:45 विहानी - 12:45 | लन्च/विश्राम | लन्च/विश्राम | लन्च/विश्राम | लन्च/विश्राम | लन्च/विश्राम |
| 12:45 बेलुकी - 1:25<br>ब्लक तीन | कला | जिम | संगीत | प्रविधि | **गैर-समकालिक**<br>विस्तारित सिकाइ<br>भर्चुअल फिल्ड<br>ट्रिपहरू<br>सांस्कृतिक<br>संस्थासम्बन्धी<br>कक्षाहरू<br>पारिवारिक<br>क्रियाकलापहरू |
| 1:25 विहानी - 2:10<br>ब्लक चार | **समकालिक सामाजिक<br>अध्ययन/विज्ञान** | **समकालिक सामाजिक<br>अध्ययन/विज्ञान** | **समकालिक सामाजिक<br>अध्ययन/विज्ञान** | **समकालिक सामाजिक<br>अध्ययन/विज्ञान** | |
| 2:10 विहानी - 2:30 | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक<br>चेक इन, अंग्रेजीमा<br>अतिरिक्त भाषा<br>सहयोग | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक<br>चेक इन, अंग्रेजीमा<br>अतिरिक्त भाषा<br>सहयोग | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक<br>चेक इन, अंग्रेजीमा<br>अतिरिक्त भाषा सहयोग | **गैर-समकालिक***<br>ठूलो स्वरमा पढ्ने,<br>स्वतन्त्र कार्य, शिक्षक<br>चेक इन, अंग्रेजीमा<br>अतिरिक्त भाषा सहयोग | |

## किन्डरगार्टेन दोहोरो भाषा नुमना समयतालिका (80/20)

| स्पेनीमा प्रशिक्षण (80%) | | अंग्रेजीमा प्रशिक्षण (20%) | | अंग्रेजी वा स्पेनीमा प्रशिक्षण | |
|---|---|---|---|---|---|
| **समय** | **सोमबार** | **मंगलबार** | **बुधबार** | **बिहीबार** | **शुक्रबार** |
| 8:30 - 8:45 | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | गुगल कक्षा |
| 8:45 विहानी - 10:15<br>ब्लक एक | **समकालिक**<br>SLA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया | **समकालिक**<br>SLA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया | **समकालिक**<br>SLA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया | **समकालिक**<br>SLA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया | **गैर-समकालिक**<br>विस्तारित सिकाइ<br>क्रियाकलापहरू<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक<br>संस्थासम्बन्धी कक्षाहरू<br>लन्च/विश्राम |
| 10:15 विहानी - 11:45<br>ब्लक दुई | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित | |
| 11:45 विहानी - 12:45 | लन्च/विश्राम | लन्च/विश्राम | लन्च/विश्राम | लन्च/विश्राम | |
| 12:45 बेलुकी - 1:25 | कला | जिम | संगीत | प्रविधि | **गैर-समकालिक** |

| | | | | | |
|---|---|---|---|---|---|
| ब्लक तीन | | | | | ARC साहसिक कार्यहरू<br>लेक्सिया<br>ST गणित<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक<br>संस्थासम्बन्धी कक्षाहरू |
| 1:25 विहानी - 2:10<br>ब्लक तीन | **समकालिक**<br>साक्षरतामा आधारित<br>अन्तर्विषयक ELD | **समकालिक**<br>साक्षरतामा आधारित<br>अन्तर्विषयक ELD | **समकालिक**<br>साक्षरतामा आधारित<br>अन्तर्विषयक ELD | **समकालिक**<br>साक्षरतामा आधारित<br>अन्तर्विषयक ELD | |
| 2:10 विहानी - 2:30 | **गैर-समकालिक ठूलो स्वरमा पढ्ने** | **गैर-समकालिक ठूलो स्वरमा पढ्ने** | **गैर-समकालिक ठूलो स्वरमा पढ्ने** | **गैर-समकालिक ठूलो स्वरमा पढ्ने** | **गैर-समकालिक**<br>पारिवारिक क्रियाकलापहरू |

# ग्रेड 1-6 नमुना 1: (50/50) भाषा परिवर्तन मध्यदिन

| स्पेनीमा प्रशिक्षण (50%) | | अंग्रेजीमा प्रशिक्षण (50%) | | अंग्रेजी वा स्पेनीमा प्रशिक्षण | |
|---|---|---|---|---|---|
| **समय** | **सोमबार** | **मंगलबार** | **बुधबार** | **बिहीबार** | **शुक्रबार** |
| 8:30 - 8:45 | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | बिहानको बैठक | गुगल कक्षा |
| 8:45 विहानी - 10:15<br>ब्लक एक | **समकालिक**<br>SLA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य | **समकालिक**<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया | **समकालिक**<br>SLA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य | **समकालिक**<br>ELA छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>लेक्सिया | **गैर-समकालिक**<br>विस्तारित सिकाइ<br>क्रियाकलापहरू<br>लेक्सिया (अंग्रेजी मात्र)<br>ST गणित<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक<br>संस्थासम्बन्धी कक्षाहरू<br>पारिवारिक<br>क्रियाकलापहरू<br><br>(दुई भाषालाई हरेक हप्ता पालैपालो प्रयोग गरिन्छ) |
| 10:15 विहानी - 11:45<br>ब्लक दुई | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य | **समकालिक**<br>गणित छोटो पाठ<br>सानो समूह सहयोग<br>स्वतन्त्र कार्य<br>St गणित | |
| 11:45 विहानी - 12:45 | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च/विश्राम | लञ्च/विश्राम | |
| 12:45 बेलुकी - 1:25<br>ब्लक तीन | कला | जिम | संगीत | प्रविधि | |
| 1:25 विहानी - 2:10<br>ब्लक तीन | **समकालिक**<br>अन्तर्विषयक सिकाइ | **समकालिक**<br>अन्तर्विषयक सिकाइ | **समकालिक**<br>अन्तर्विषयक सिकाइ | **समकालिक**<br>अन्तर्विषयक सिकाइ | |
| 2:10 विहानी - 2:30 | गैर-समकालिक ठूलो स्वरमा पढ्ने/चेक इन/अंग्रेजी वा स्पेनीमा अतिरिक्त भाषा सहयोग | गैर-समकालिक ठूलो स्वरमा पढ्ने/चेक इन/अंग्रेजी वा स्पेनीमा अतिरिक्त भाषा सहयोग | गैर-समकालिक ठूलो स्वरमा पढ्ने/चेक इन/अंग्रेजी वा स्पेनीमा अतिरिक्त भाषा सहयोग | गैर-समकालिक ठूलो स्वरमा पढ्ने/चेक इन/अंग्रेजी वा स्पेनीमा अतिरिक्त भाषा सहयोग | |

<u>मध्यम विद्यालयमा सफल दूरवर्ती सिकाइको लागि योजनाबद्ध संरचनाहरूमा निम्न कुराहरू पर्दछन्:</u>

- प्रत्येक दिन थोरै कक्षाहरूमा जोड दिने।
- समकालिक र गैर-समकालिक सिकाइहरूको दैनिक मिश्रण।
- सम्बन्ध विकास र सामाजिक-संवेगात्मक सिकाइको लागि बारम्बार लाइभ चेक-इन अर्थात प्रत्यक्ष सोधखोज गर्ने।
- पूर्वानुमान गर्न सकिने समयतालिकाहरू।
- सबै शिक्षकहरू र विद्यार्थीहरूबीच नियमित अन्तर्क्रिया।
- शिक्षक सहकार्य र साझा योजना समयको लागि सहयोग।

# मध्य स्कूल विद्यार्थीहरूको लागि नमुना समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| 9:00 विहानी - 9:15 विहानी | **गृहकक्ष** | **गृहकक्ष** | **गृहकक्ष** | **गृहकक्ष** | **गृहकक्ष** |
| 9:30 विहानी - 10:30 विहानी | **पिरियड 1**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 2**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 1**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 2**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | विस्तारित समुदाय-निर्माण समय<br>गैर-समकालिक सिकाइ र परियोजना समय<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू |
| 10:30 विहानी - 11:00 विहानी | विश्राम तथा स्वतन्त्र कार्य समय | | | | |
| 11:00 विहानी - 12:00 बेलुकी | **पिरियड 3**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 4**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 3**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 4**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | |
| 12:00 बेलुकी - 12:30 बेलुकी | लञ्च विश्राम | | | | |
| 12:30 बेलुकी - 1:30 विहानी | **पिरियड 5**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 6**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 5**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 6**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | गैर-समकालिक सिकाइ र परियोजना समय<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू |
| 1:30 विहानी - 1:45 विहानी | विश्राम | | | | |
| 1:45 विहानी - 2:45 विहानी | **पिरियड 7**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | सहकार्य र स्वतन्त्र कार्य समय | **पिरियड 7**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | सहकार्य र स्वतन्त्र कार्य समय | |
| 2:45 विहानी - 3:30 विहानी | सहकार्य र स्वतन्त्र कार्य समय | | | | |
| 3:30 विहानी - 4:10 विहानी | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | |

# मध्य स्कूल SEI - EPL 1&2 मा ELs को लागि नमुना समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| 9:00 विहानी - 9:15 विहानी | **गृहकक्ष** | **गृहकक्ष** | **गृहकक्ष** | **गृहकक्ष** | **गृहकक्ष** |
| 9:30 विहानी - 10:30 विहानी | **पिरियड 1: ESL**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 2: ESL**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 1: ESL**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 2: ESL**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | विस्तारित समुदाय-निर्माण समय<br>**गैर-समकालिक विस्तारित ESL सिकाइ** |
| 10:30 विहानी - 11:00 विहानी | विश्राम तथा स्वतन्त्र कार्य समय | | | | |
| 11:00 विहानी - 12:00 बेलुकी | **पिरियड 3**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 4**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 3**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 4**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | |
| 12:00 बेलुकी - 12:30 बेलुकी | लञ्च विश्राम | | | | |
| 12:30 बेलुकी - 1:30 विहानी | **पिरियड 5**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 6**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 5**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | **पिरियड 6**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | गैर-समकालिक सिकाइ र परियोजना समय<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू |
| 1:30 विहानी - 1:45 विहानी | विश्राम | | | | |
| 1:45 विहानी - 2:45 विहानी | **पिरियड 7**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | सहकार्य र स्वतन्त्र कार्य समय | **पिरियड 7**<br>समकालिक सत्र तथा विस्तारित कार्य समय | सहकार्य र स्वतन्त्र कार्य समय | |
| 2:45 विहानी - 3:30 विहानी | सहकार्य र स्वतन्त्र कार्य समय | | | | |
| 3:30 विहानी - 4:10 विहानी | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | |

# मध्य स्कूल SEI - EPL 3-5 मा ELs को लागि नमुना समयतालिका

<table>
<tr><th>समय</th><th>सोमबार</th><th>मंगलबार</th><th>बुधबार</th><th>बिहीबार</th><th>शुक्रबार</th></tr>
<tr><td>9:00 विहानी - 9:15 विहानी</td><td>गृहकक्ष</td><td>गृहकक्ष</td><td>गृहकक्ष</td><td>गृहकक्ष</td><td rowspan="2">गृहकक्ष<br>विस्तारित समुदाय-निर्माण समय</td></tr>
<tr><td>9:30 विहानी - 10:30 विहानी</td><td>पिरियड 1<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 2<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 1<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 2<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td></tr>
<tr><td>10:30 विहानी - 11:00 विहानी</td><td colspan="4">विश्राम तथा स्वतन्त्र कार्य समय</td><td rowspan="2">गैर-समकालिक विस्तारित ESL सिकाइ</td></tr>
<tr><td>11:00 विहानी - 12:00 बेलुकी</td><td>पिरियड 3: ESL<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 4<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 3: ESL<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 4<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td></tr>
<tr><td>12:00 बेलुकी - 12:30 बेलुकी</td><td colspan="5">लन्च विश्राम</td></tr>
<tr><td>12:30 बेलुकी - 1:30 विहानी</td><td>पिरियड 5<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 6<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 5<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>पिरियड 6<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td rowspan="3">गैर-समकालिक सिकाइ र परियोजना समय<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू</td></tr>
<tr><td>1:30 विहानी - 1:45 विहानी</td><td colspan="4">विश्राम</td></tr>
<tr><td>1:45 विहानी - 2:45 विहानी</td><td>पिरियड 7<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>सहकार्य र स्वतन्त्र कार्य समय</td><td>पिरियड 7<br>समकालिक सत्र तथा विस्तारित कार्य समय</td><td>सहकार्य र स्वतन्त्र कार्य समय</td></tr>
<tr><td>2:45 विहानी - 3:30 विहानी</td><td colspan="4">सहकार्य र स्वतन्त्र कार्य समय</td><td></td></tr>
<tr><td>3:30 विहानी - 4:10 विहानी</td><td>थप सहयोग सत्रहरू</td><td>थप सहयोग सत्रहरू</td><td>थप सहयोग सत्रहरू</td><td>थप सहयोग सत्रहरू</td><td></td></tr>
</table>

<u>उच्च विद्यालयमा सफल दूरवर्ती सिकाइको लागि योजनाबद्ध संरचनाहरूमा निम्न कुराहरू पर्दछन्</u>:

- गहन ध्यान-केन्द्रित सिकाइ सम्भव तुल्याउनको लागि लामा कक्षा पिरियडहरू र प्रतिदिन कम पिरियडहरू।
- दैनिक समयतालिकाले विद्यार्थीहरूलाई अग्रवर्ती स्थान निर्धारण, दोहोरो भर्ना, करियर प्रविधि शिक्षा, इन्टर्नशीप अवसरहरूमा सहभागिता जनाउन सक्षम तुल्याउँछ।
- समयमा विद्यालय लचकता पिरियडलाई दोहोरो पिरियड अग्रिम स्थान निर्धारण कक्षाहरू र केही करियर व्यवसायिक प्राविधिक कक्षाहरू सम्भव तुल्याउनको लागि सञ्चालन गरिन्छ।*(पिरियड 6 र 7 को अपवाद बाहेक जसले प्रारम्भिक कलेज तथा 100 पुरुषहरू देखि कलेज कार्यक्रमलाई समाहित गर्न तयार छन्।)*।
- कक्षा संरचनामा प्रत्यक्ष शिक्षणका अवसरहरू र विस्तारित सिकाइको लागि समय समावेश हुनेछन् र समकालिक तवरमा समापन हुनेछ।
- बुझाइ जाँच गर्न र आवश्यक परेमा पुनः पढाउन शिक्षकहरूले विस्तारित सिकाइ समयमा विद्यार्थीहरूको प्रगति अनुगमन गर्नेछन्।
- विद्यार्थीहरूको लागि शिक्षकहरू र सहायक कर्मचारीहरूबाट सहयोग प्राप्त गर्ने दैनिक अवसरहरू।
- विद्यालय पश्चातको सहयोग सत्रहरू।

## हाईस्कूल विद्यार्थीहरूको लागि समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| **7:20 विहानी - 8:35 विहानी**<br>(75 मिनेट) | **पिरियड 1** | **स्वतन्त्र कक्षा कार्य** | **पिरियड 1** | **स्वतन्त्र कक्षा कार्य** | **स्वतन्त्र कक्षा कार्य/ परियोजनाहरू**<br>**भर्चुअल फिल्ड ट्रिपहरू**<br>**सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू** |
| **8:35 विहानी - 8:50 विहानी**<br>(10 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | | चरण परिवर्तन/कक्षा तयारी | | |
| **8:50 विहानी - 10:05 विहानी**<br>(75 मिनेट) | **पिरियड 2** | **पिरियड 4** | **पिरियड 2** | **पिरियड 4** | |
| **10:05 विहानी - 10:35 विहानी**<br>(30 मिनेट) | **स्वतन्त्र कक्षा कार्य** | **स्वतन्त्र कक्षा कार्य** | **स्वतन्त्र कक्षा कार्य** | **स्वतन्त्र कक्षा कार्य** | |
| **10:35 विहानी - 11:05 विहानी**<br>(30 मिनेट) | लञ्च | लञ्च | लञ्च | लञ्च | |
| **11:05 विहानी - 12:20 बेलुकी**<br>(75 मिनेट) | **पिरियड 3** | **पिरियड 5** | **पिरियड 3** | **पिरियड 5** | |
| **12:20 बेलुकी - 12:28 बेलुकी**<br>(8 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | |
| **12:28 बेलुकी - 1:43 विहानी**<br>(75 मिनेट) | **पिरियड 6** | **पिरियड 7** | **पिरियड 6** | **पिरियड 7** | |
| **1:45 विहानी - 2:20 विहानी**<br>(40 मिनेट) | **थप सहयोग सत्रहरू** | **थप सहयोग सत्रहरू** | **थप सहयोग सत्रहरू** | **थप सहयोग सत्रहरू** | |

## वोर्सेस्टर प्राविधक हाई स्कूलका विद्याथीहरूको लागि समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| **7:20 विहानी - 8:35 विहानी**<br>(75 मिनेट) | **पिरियड 1/9** | **पिरियड 4/12** | **पिरियड 1/9** | **पिरियड 4/12** | **स्वतन्त्र कक्षा कार्य/ परियोजनाहरू** |
| **8:35 विहानी - 8:50 विहानी**<br>(10 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | |
| **8:50 विहानी - 10:05 विहानी**<br>(75 मिनेट) | **पिरियड 2/10** | **पिरियड 5/13** | **पिरियड 2/10** | **पिरियड 5/13** | |
| **10:05 विहानी - 10:35 विहानी**<br>(30 मिनेट) | **स्वतन्त्र कार्य** | **स्वतन्त्र कार्य** | **स्वतन्त्र कार्य** | **स्वतन्त्र कार्य** | |
| **10:35 विहानी - 11:05 विहानी**<br>(30 मिनेट) | **लञ्च** | **लञ्च** | **लञ्च** | **लञ्च** | |
| **11:05 विहानी - 12:20 बेलुकी**<br>(75 मिनेट) | **पिरियड 3/11** | **पिरियड 6/14** | **पिरियड 3/11** | **पिरियड 6/14** | |
| **12:20 बेलुकी - 12:28 बेलुकी**<br>(8 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | |
| **12:28 बेलुकी - 1:43 विहानी**<br>(75 मिनेट) | **पिरियड 8/16** | **पिरियड 7/15** | **पिरियड 8/16** | **पिरियड 7/15** | |
| **1:45 विहानी - 2:20 विहानी**<br>(40 मिनेट) | **थप सहयोग सत्रहरू** | **थप सहयोग सत्रहरू** | **थप सहयोग सत्रहरू** | **थप सहयोग सत्रहरू** | |

## हाई स्कूल SEI - EPL 1&2 मा ELs को लागि नमुना समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| 7:20 विहानी - 8:35 विहानी (75 मिनेट) | पिरियड 1: ESL | स्वतन्त्र कक्षा कार्य | पिरियड 1: ESL | स्वतन्त्र कक्षा कार्य | गैर-समकालिक विस्तारित ESL सिकाइ |
| 8:35 विहानी - 8:50 विहानी (10 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | | चरण परिवर्तन/कक्षा तयारी | | |
| 8:50 विहानी - 10:05 विहानी (75 मिनेट) | पिरियड 2 | पिरियड 4: ESL | पिरियड 2 | पिरियड 4: ESL | |
| 10:05 विहानी - 10:35 विहानी (30 मिनेट) | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य/ परियोजनाहरू<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू |
| 10:35 विहानी - 11:05 विहानी (30 मिनेट) | लञ्च | लञ्च | लञ्च | लञ्च | |
| 11:05 विहानी - 12:20 बेलुकी (75 मिनेट) | पिरियड 3 | पिरियड 5 | पिरियड 3 | पिरियड 5 | |
| 12:20 बेलुकी - 12:28 बेलुकी (8 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | |
| 12:28 बेलुकी - 1:43 विहानी (75 मिनेट) | पिरियड 6 | पिरियड 7 | पिरियड 6 | पिरियड 7 | |
| 1:45 विहानी - 2:20 विहानी (40 मिनेट) | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | |

## हाई स्कूल SEI - EPL 3-5 मा ELs को लागि नमुना समयतालिका

| समय | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| 7:20 विहानी - 8:35 विहानी (75 मिनेट) | पिरियड 1 | स्वतन्त्र कक्षा कार्य | पिरियड 1 | स्वतन्त्र कक्षा कार्य | गैर-समकालिक विस्तारित ESL सिकाइ |
| 8:35 विहानी - 8:50 विहानी (10 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | | चरण परिवर्तन/कक्षा तयारी | | |
| 8:50 विहानी - 10:05 विहानी (75 मिनेट) | पिरियड 2: ESL | पिरियड 4 | पिरियड 2: ESL | पिरियड 4 | |
| 10:05 विहानी - 10:35 विहानी (30 मिनेट) | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य | स्वतन्त्र कक्षा कार्य/ परियोजनाहरू<br>भर्चुअल फिल्ड ट्रिपहरू<br>सांस्कृतिक संस्थासम्बन्धी कक्षाहरू |
| 10:35 विहानी - 11:05 विहानी (30 मिनेट) | लञ्च | लञ्च | लञ्च | लञ्च | |
| 11:05 विहानी - 12:20 बेलुकी (75 मिनेट) | पिरियड 3 | पिरियड 5 | पिरियड 3 | पिरियड 5 | |
| 12:20 बेलुकी - 12:28 बेलुकी (8 मिनेट) | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | चरण परिवर्तन/कक्षा तयारी | |
| 12:28 बेलुकी - 1:43 विहानी (75 मिनेट) | पिरियड 6 | पिरियड 7 | पिरियड 6 | पिरियड 7 | |
| 1:45 विहानी - 2:20 विहानी (40 मिनेट) | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | थप सहयोग सत्रहरू | |

## अंग्रेजी भाषा शिक्षार्थी (ELs) हरूको लागि प्रस्तावित मोडलहरू।

## सम्मिश्रित मोडल

अंग्रेजी प्रवीणता तह (EPL) तह 1-5 मा सबै शिक्षार्थीहरू (Els) को लागि एक शेल्टर्ड इङ्लिश इम्मर्शन (SEI) कार्यक्रम मोडल र द्वीभाषी कार्यक्रमहरू उपलब्ध हुनेछन्। प्रत्येक विद्यार्थीहरूको दैनिक तालिकामा उनीहरूको भाषा आवश्यकताअनुरूप दोश्रो भाषाको रूपमा अंग्रेजी (ESL) को प्रत्यक्ष शिक्षण राखिनेछ। ESL र विषयवस्तु शिक्षण समकालिक र गैर-समकालिक दुवै प्रकारको हुनेछ र यसबाट खास गरेर नवआगन्तुकहरूलाई अन्तर्क्रियाको धेरै भन्दा धेरै अवसरहरू प्राप्त हुनेछ।

यो मोडलमा कसरी सबै ELs लाई सहयोग गरिन्छ?

- निरन्तर रूपमा व्यवस्थित, प्रत्यक्ष ESL शिक्षण समकालिक र गैर-समकालिक तवरमा प्रदान गर्ने।
- ESL र विषयवस्तु शिक्षण दुवैमा शिक्षक सहकार्यलाई अधिकतम तहमा लैजान र भाषा र विषयवस्तु सिकाइलाई बढावा गर्न सहशिक्षणलाई एक शिक्षण पद्धतिको रूपमा विस्तार गर्ने।
- पृष्ठभूमी ज्ञान सृजना गर्न र अन्तर्क्रियाका अवसरहरू प्रदान गर्नको लागि आमनेसामने शिक्षण प्रयोग गर्ने।
- व्यक्तिगत सहयोग आवश्यक पर्ने विद्यार्थीहरूलाई व्यक्तिगत सहयोग प्रदान गर्ने र शिक्षकहरूसँग नियमित सोधखोज सेवा प्रदान गरिरहने।
- भाषा प्रवर्धन गर्नको लागि योजनाबद्ध सिकाइ अनुभवहरू प्रदान गर्ने: विद्यार्थीहरूलाई जोडी बनाउने, सानो समूह, मौखिक भाषा अभ्यास रेकर्ड गर्ने एपहरू र पहिले नै रेकर्ड गरिएका कक्षाकोठा प्रस्तुतिहरू।
- पढाइ, लेखाइ, र मौखिक भाषा अभ्यासहरूमा EL परिवार संलग्नतालाई बढावा गर्ने।
- आवश्यक परेको बेलामा विद्यार्थी र परिवारहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने।
- शिक्षण समयलाई अधिकतम तहमा लैजान विद्यार्थीहरूलाई रणनीतिक रूपमा समूहमा विभाजन गर्ने।
- Els का लागि दूरवर्ती सिकाइको बारेमा शिक्षक र प्रिन्सिपलहरूलाई उच्च गूणस्तरीय PD उपलब्ध गराउने।
- EL तथ्यांक विश्लेषण र विषयवस्तु शिक्षण बहुविधि ढाँचामा सघाउ पुर्याउने शिक्षण रणनीतिहरूमा पहुँच अभिवृद्धि गर्न एलिभेशन (ELLEVATION) प्राप्त गर्ने।

माथि उल्लेखित कुराहरू बाहेक, हामीले Els का निम्नलिखित उपसमूहहरूलाई सहयोग प्रयत्नहरू एवं अतिरिक्त ध्यानहरू विस्तार गर्नेछौं: SLIFE विद्यार्थीहरू, उप-विभक्त परिवेशका ELs (उल्लेखनीय अपाङ्गता भएका र उनीहरूको शैक्षिक र सामाजिक भावनात्मक सिकाइ आवश्यकताको आधारमा आधारभूत रूपमै फरक कक्षाकोठाहरूमा राखिएका विद्यार्थीहरू), र EPL 1 र 2 तहका Els।

- यी विद्यार्थीहरूलाई व्यक्ति स्वयम् उपस्थित भई गरिने थप शिक्षण प्रदान गरिनेछ (4 दिन व्यक्ति स्वयम् उपस्थित भई गरिने र 1 दिन दूरवर्ती गैरसमकालिक शिक्षण)।
- व्यक्ति स्वयम् उपस्थित भई गरिने शिक्षण दिनहरूमा विद्यार्थीहरूले उनीहरूको EPL तहअनुसार प्रत्यक्ष ESL शिक्षण प्राप्त गर्नेछन्। व्यक्ति स्वयम् उपस्थित भई गरिने शिक्षण दिनहरूमा अन्य विषयहरूको शिक्षण पनि समन्वय गरिनेछ।

- हामीले भाषा र साक्षरतालाई सपोर्ट गर्ने इमाजिन लर्निङ नाम गरेको एक अनलाइन प्लाट्फर्मलाई पनि गैर-समकालिक सिकाइको लागि एक पूरक सहयोगको रूपमा प्रयोग गर्दछौं।
- शिक्षकहरूले आवश्यकता अनुरूप थप वैयक्तिकृत सहयोग उपलब्ध गराउनेछन्।
- परिवारहरूको सहकार्यमा सम्मिश्रित मोडलमा सहभागिता जनाउने विद्यार्थीहरूको अन्तिम सूची निश्चित भएपछि व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइको लागि स्थानहरू/कोठाहरूको निर्धारण गरिन्छ। हामीले यातायात आवश्यकताका साथसाथै कर्मचारीहरू निश्चित गर्छौं र उनीहरूसँग समन्वय गर्छौं। मिति र घण्टाहरू राखेर सुरक्षा योजनाहरू र विशिष्ट समयतालिका तयार गरिनेछ।

## दूरवर्ती

EPL तह 1-5 मा सबै Els को लागि एक SEI कार्यक्रम मोडल र द्वीभाषी कार्यक्रमहरू उपलब्ध हुनेछन्। प्रत्येक विद्यार्थीहरूको दैनिक तालिकामा उनीहरूको भाषा आवश्यकताअनुरूप प्रत्यक्ष ESL शिक्षण राखिनेछ। खास गरेर नवआगन्तुकहरूलाई सिकाइ अवसरहरू र थप अन्तर्क्रियाको अवसरहरू अधिकतम पार्नको लागि ESL र विषयवस्तु शिक्षण हप्ताको चार दिन समकालिक र हप्ताको एक दिन गैर-समकालिक हुनेछ।

यो मोडलमा कसरी सबै ELs लाई सहयोग गरिन्छ?

- निरन्तर रूपमा व्यवस्थित, प्रत्यक्ष ESL शिक्षण समकालिक तवरमा प्रतिहप्ता चार दिन र गैर-समकालिक तवरमा प्रतिहप्ता एक दिन प्रदान गर्ने।
- ESL र विषयवस्तु शिक्षण दुवैमा शिक्षक सहकार्यलाई अधिकतम तहमा लैजान र भाषा र विषयवस्तु सिकाइलाई बढावा गर्न सहशिक्षणलाई एक शिक्षण पद्धतिको रूपमा विस्तार गर्ने।
- पृष्ठभूमी ज्ञान सृजना गर्न र अन्तर्क्रियाका अवसरहरू प्रदान गर्नको लागि आमनेसामने शिक्षण प्रयोग गर्ने।
- आधारभूत ELs (EPL 1 & 2 का विद्यार्थीहरू) को लागि थप समकालिक अवसरहरू उपलब्ध गराउने।
- व्यक्तिगत सहयोग आवश्यक पर्ने विद्यार्थीहरूलाई व्यक्तिगत सहयोग प्रदान गर्ने र शिक्षकहरूसँग नियमित सोधखोज सेवा प्रदान गरिरहने।
- भाषा प्रवर्धन गर्नको लागि योजनाबद्ध सिकाइ अनुभवहरू प्रदान गर्ने: विद्यार्थीहरूलाई जोडी बनाउने, सानो समूह, मौखिक भाषा अभ्यास रेकर्ड गर्ने एपहरू र पहिले नै रेकर्ड गरिएका कक्षाकोठा प्रस्तुतिहरू।
- पढाइ, लेखाइ, र मौखिक भाषा अभ्यासहरूमा EL परिवार संलग्नतालाई बढावा गर्ने।
- आवश्यक परेको बेलामा विद्यार्थी र परिवारहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने।
- शिक्षण समयलाई अधिकतम तहमा लैजान विद्यार्थीहरूलाई रणनीतिक रूपमा समूहमा विभाजन गर्ने।
- सबै नवआगन्तुकहरू र EPL 1 & 2 का ELs लाई भाषा र साक्षरतालाई सपोर्ट गर्ने इमाजिन लर्निङ नाम गरेको अनलाइन प्लाट्फर्म उपलब्ध गराउने।
- Els का लागि दूरवर्ती सिकाइको बारेमा शिक्षक र प्रिन्सिपलहरूलाई उच्च गूणस्तरीय PD उपलब्ध गराउने।
- EL तथ्यांक विश्लेषण र विषयवस्तु शिक्षण बहुविधि ढाँचामा सघाउ पुर्याउने शिक्षण रणनीतिहरूमा पहुँच अभिवृद्धि गर्न एलिभेशन (ELLEVATION) प्राप्त गर्ने।

माथि उल्लेखित कुराहरू बाहेक, हामीले Els का निम्नलिखित उपसमूहहरूलाई सहयोग प्रयत्नहरू एवं अतिरिक्त ध्यानहरू विस्तार गर्नेछौं: औपचारिक शिक्षा सीमित वा अवरुद्ध भएका विद्यार्थीहरू (SLIFE), उप-विभक्त परिवेशका ELs (उल्लेखनीय अपाङ्गता भएका र उनीहरूको शैक्षिक र सामाजिक भावनात्मक सिकाइ आवश्यकताको आधारमा आधारभूत रूपमै फरक कक्षाकोठाहरूमा राखिएका विद्यार्थीहरू), र EPL 1 र 2 तहका Els ।

- विद्यार्थीहरूलाई 4 दिन दूरवर्ती समकालिक शिक्षण र 1 दिन गैर-समकालिक शिक्षण प्रदान गरिनेछ।
- विद्यार्थीहरूले उनीहरूको EPL तहअनुसार प्रत्यक्ष ESL शिक्षणका धेरै पिरियडहरू प्राप्त गर्नेछन्। दिनभरि नै अन्य विषयहरूको शिक्षण पनि समन्वय गरिनेछ।
- ESL शिक्षकहरू, मूल विषयवस्तुका शिक्षकहरू, विशेष शिक्षा शिक्षकहरू र अन्य सेवा प्रदायकहरू लगायतको बीचमा थप सहकार्यलाई सहयोग गर्ने।
- हामीले भाषा र साक्षरतालाई सपोर्ट गर्ने इमाजिन लर्निङ नाम गरेको एक अनलाइन प्लाट्फर्मलाई पनि गैर-समकालिक सिकाइको लागि एक पूरक सहयोगको रूपमा प्रयोग गर्दछौं।
- शिक्षकहरूले आवश्यकता अनुरूप थप वैयक्तिकृत सहयोग उपलब्ध गराउनेछन्।
- सिकाइ र अन्य आवश्यकताहरू पूरा हुने कुरा सुनिश्चित गर्नको लागि शिक्षकहरूले नियमित रूपमा विद्यार्थीहरूसँग सोधखोज गर्नेछन्।

## प्रस्तावित मोडलहरूमा अपाङ्गता भएका विद्यार्थी (SWD) हरूको लागि सहयोगहरू

आधारभूत तथा माध्यमिक शिक्षा विभाग (DESE) को मार्गनिर्देशनहरू अनुरूप विद्यालय जिल्लाले सिकाइको मोडल जुनसुकै भए तापनि वर्तमान स्वास्थ्य तथा सुरक्षा मापदण्डहरू पालना गर्दै विद्यार्थीहरूले उनीहरूको वैयक्तिकृत शिक्षा योजनाहरू (IEPs) मा अभिलेख गरिएअनुरूपका सेवाहरू प्राप्त गर्ने कुरा सुनिश्चित गर्छ।

DESE निर्देशिकाले जिल्लाहरूलाई निम्न दुई समूहका विद्यार्थीहरूको लागि व्यक्ति स्वयम् उपस्थित भई गरिने शिक्षणलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ: प्रिस्कूल उमेरका विद्यार्थीहरू र उल्लेखनीय तथा जटिल आवश्यकता भएका विद्यार्थीहरू। वर्सेस्टर पब्लिक स्कूल्सले अपाङ्गता भएका सबै विद्यार्थीहरूलाई प्राथमिकतामा राख्दैछ। यसर्थ, हाम्रो उद्देश्य भनेको उच्च आवश्यकता भएका विद्यार्थीहरूको लागि व्यक्ति स्वयम् उपस्थित भई गरिने शिक्षण कायम गर्न हरसम्भव प्रयास गर्नु रहेको छ। यदि अन्य विद्यार्थीहरू सम्मिश्रित वा पूर्ण दूरवर्ती मोडलमा सहभागी भइरहेका छन् र यदि सार्वजनिक स्वास्थ्यको वर्तमान अवस्थाले सम्भव तुल्याएको खण्डमा, उल्लेखनीय आवश्यकता भएका विद्यार्थीहरूलाई त्रैमास 1 पश्चात प्रति हप्ता चार दिन व्यक्ति स्वयम् उपस्थित भई गरिने सेवा र एक दिन दूरवर्ती सेवा प्रदान गर्नलाई प्राथमिकतामा राख्नुपर्ने कुरा उल्लेख गरेको छ। (कृपया थप जानकारीको लागि “समूह B र C का विद्यार्थीहरू र समूह C का व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइका विद्यार्थीहरूको लागि विविध सहयोग आवश्यकताहरूको लागि जिल्ला योजना” हेर्नुहोला)।

जिल्लाको उद्देश्य अपाङ्गता भएका विद्यार्थीहरूलाई सबैभन्दा कम अवरोधकारी वातावरणमा सुरक्षित सिकाइ वातावरण प्रदान गर्नु रहेको छ। अपाङ्गता भएका विद्यार्थीहरूले उनीहरूको आवश्यकताको तहको आधारमा उनीहरूको IEPs मा उल्लेख गरिएअनुरूपको सेवाहरू प्राप्त गरेकै हुनपर्छ। DESE निर्देशिका अनुरूप सेवा प्रवाहमा भएको परिवर्तन प्रतिबिम्बित गर्नको लागि IEPs लाई फेरबदल गरिनेछैन। बुबाआमाहरू/अभिभावकहरूले

उहाँहरूको बच्चाको शिक्षण मोडलमा परिवर्तन आएमा IEP सेवा प्रवाहको सारांश प्राप्त गर्नेछन्।

**विशेष जनसमूहको लागि व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ:**

प्रिस्कूल उमेरका भनी पहिचान भएका विद्यार्थीहरू, र उल्लेखनीय आवश्यकता भएका विद्यार्थीहरू र/वा आफ्नो दिनको 75% समय आधारभूत रूपमा छुट्टै कक्षाकोठाको परिवेशमा बिताउने अंग्रेजी शिक्षार्थीहरू जस्ता विशिष्ट विद्यार्थी जनसमूहलाई उनीहरूको व्यक्तिगत सिकाइ आवश्यकता सम्बोधन गर्नको लागि व्यक्ति स्वयम् उपस्थित भई गरिने सिकाइ आवश्यक पर्न सक्छ। विशेष रूपमा प्रारूप तयार गरिएको शिक्षणहरूलाई अपाङ्गता भएका विद्यार्थीहरू (SWD) सबैले उनीहरूका शिक्षकहरू र/वा सेवाप्रदायकहरूसँग सम्भव भएको सबैभन्दा धेरै हदसम्म मिलेर काम गरिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्नको लागि विद्यार्थीको हस्ताक्षरित र स्वीकृत IEPs मा उल्लेख गरिएअनुरूप कार्यन्वयन गरिनेछ, र अतिरिक्त सेवाहरू आवश्यकता परेको अवस्थामा, वर्तमान स्वास्थ्य तथा सुरक्षा प्रोटोकलहरू कायम राख्दै, कार्यसम्पादनको प्रगति र वर्तमान तह निर्धारण गर्नको लागि यी शिक्षण सेवाहरूलाई लेखाजोखा गरिनेछ।

**यो मोडलमा SWD लाई कसरी सहयोग प्रदान गरिन्छ:**

त्रैमास 1 पश्चात प्रदान गरिने व्यक्ति स्वयम उपस्थित भई गरिने सिकाइमा विद्यार्थीहरूले सबैभन्दा कम अवरोधकारी वातावरणमा सेवाहरू प्राप्त गर्दैछन् भन्ने कुरा सुनिश्चित गर्नको लागि विद्यार्थी समूहहरूको मिसावट न्यूनीकरण गर्नको लागि लचकदार समाधानहरू समाविष्ट हुनेछन्। यसमा, सम्भव भएमा, विद्यार्थीहको कक्षाकोठाभित्रै, सम्भव भएको सबैभन्दा धेरै हदसम्म, सम्बन्धित र/वा पुल-आउट सेवाहरू प्रदान गर्ने कुरा पर्न सक्छ।

जिल्लाले यो समयमा चिकित्सा रूपमा कमजोर विद्यार्थीहरूका बुबाआमाहरू/अभिभावकहरूले उनीहरूलाई विद्यालय पठाउन त्यति सहज महसुस गर्दैनन् भन्ने कुरा पनि बुझेको छ। यदि कुनै परिवारले दूरवर्ती मात्रै भन्ने विकल्प रोज्छ भने, वा यदि सबै विद्यार्थीहरूलाई दूरवर्ती रूपमा मात्र सिकाइ गर्नु भन्ने राज्यव्यापी वा स्थानीय कार्यादेश प्राप्त भएको छ भने, विद्यालयहरू र जिल्लाहरूले विद्यार्थीको IEP मा उल्लेखित “शिक्षण तथा सेवाहरू” मार्फत सेवाहरू प्रदान गर्न तयार रहनुपर्छ।

विशेष शिक्षा विभाग निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) सुनिश्चित गर्नको लागि सेवाहरूको निरन्तरताको कार्यादेश भएको अवस्थामा SWD लाई पहुँच प्रदान गर्नको लागि दूरवर्ती, सम्मिश्रित वा व्यक्ति स्वयम उपस्थित भई गरिने सेवामा सहभागी हुनको लागि सेवाप्रवाह विकल्पहरूको बारेमा छलफल गर्नको लागि विद्यालयहरू र परिवारहरूसँग सहकार्य गर्न प्रतिबद्ध रहेको छ।

विद्यालयमा मिहिन रूपमा पुनः अवस्थान्तरण गर्ने कुरा सुनिश्चित गर्नको लागि हामीले हाम्रा अपाङ्गता भएका केही विद्यार्थीहरूलाई अवस्थान्तरण र/वा दैनिक तालिकासँग कठिनाइ हुन सक्छ भन्ने कुरा मनन गर्न जरुरी छ। विशेष शिक्षा कर्मचारीहरूले हरेक विद्यार्थीलाई आफ्नो नयाँ सिकाइ स्थलहरू, समयतालिकाहरू र कार्यक्रमहरूसँग परिचित हुन सक्षम पार्ने सहज अवस्थान्तरण हुने कुरा सुनिश्चित गर्नको लागि बुबाआमाहरू/अभिभावकहरूसँग निकटतम् सहकार्य गर्न प्रतिबद्ध छन्। हाल चालु रहेको बुबाआमासँगको सोधखोजले विद्यार्थी संलग्नतालाई

र बुबाआमाहरू र विद्यालय कर्मचारीहरूको बीचमा निरन्तर कुराकानीलाई प्रोत्साहन गर्छ।

DESE निर्देशिका अनुसार, जिल्लाले अपाङ्गता भएका विद्यार्थीहरूलाई प्रत्यक्ष शारीरिक सहयोग प्रदान गर्ने शिक्षकहरूलाई डिस्पोजबल गाउन र फेस शिल्डलगायत उनीहरूलाई आवश्यक पर्ने अतिरिक्त सुरक्षा उपकरणहरूको प्रयोगका साथसाथै द्वन्द्व तीब्रता न्यूनीकरण, सुरक्षा र संकट रोकथाम प्रतिष्ठान (CPI) का तरिकाहरू सम्बोधन गर्ने रणनीतिहरूको प्रयोगको बारेमा थप तालिम समय उपलब्ध गराउनेछ। जिल्लाको विद्यालय पुनः आरम्भ योजनाले विशेष जनसमूहहरूको लागि आवश्यक स्वास्थ्य तथा सुरक्षा महत्वहरूलाई सम्बोधन गर्नेछ।

## सम्मिश्रित सिकाइ मोडल र विशेष शिक्षा सेवाहरू

सम्मिश्रित सिकाइ मोडलमा शिक्षण र सेवाहरू व्यक्ति स्वयम उपस्थित भई गरिने र दूरवर्ती सिकाइको संयोजन गरेर प्रदान गरिनेछ। अपाङ्गता भएका विद्यार्थीहरूलाई सेवा प्रदान गर्न दिनभर कक्षाकोठामा प्रवेश गर्नुपर्ने अवस्था भएका अतिरिक्त विशेष शिक्षकहरू र सम्बन्धित सेवाप्रदायकहरूको लागि भौतिक दूरीको मापदण्डहरू योजना गर्दा विद्यालयहरू होशियार रहनेछन्।

विशेष शिक्षा विभागले विद्यार्थीहरूको लागि कक्षाकोठाका एसाइन्मेन्टहरू र सेवाप्रवाह समयतालिका विकास गर्नको लागि विद्यालयहरूसँग निकटतम् सहकार्य गर्नेछ ताकि सबैभन्दा कम अवरोधकारी वातावरणमा विद्यार्थीहरूले आफ्नो IEPs मा उल्लेख भएअनुरूपका सेवाहरू प्राप्त गर्न सकून्। विशेष शिक्षकहरू र सम्बन्धित सेवा प्रदायकहरूले यस्तो तरिकाले उनीहरूको सेवा तालिका बनाउँनेछन् जसबाट भौतिक दूरीको मापदण्डहरू पालना हुन्छन् र कक्षाकोठा वा अन्य भौतिक परिवेशमा अन्य कर्मचारीहरूसँगको अधिव्यापन हुने अवस्था आउँदैन।

**यो मोडलमा SWDs लाई कसरी सहयोग प्रदान गरिन्छ?**

- IEP अनुरूप विशेष रूपमा प्रारूप तयार गरिएको शिक्षण (SDI) लाई विद्यार्थीको हस्ताक्षरित र स्वीकृत IEP मा उल्लेख गरिएअनुरूप कार्यान्वयन गरिनेछ।
- SWD IEPs मा अभिलेखित विशेष शिक्षण, संशोधनहरू, आवास र सेवाहरू प्रदान गर्ने समयतालिका समन्वय गर्नको लागि सामान्य शिक्षाका शिक्षकहरूसँग सहकार्य हुने गरी मध्यम विशेष आवश्यकता समावेशीकरण तथा स्रोत सेवाहरूका शिक्षकहरूको प्रारूप तयार गर्नुपर्छ।
- प्रत्येक तहमा समयतालिकाको संरचनाको आधारमा, यो मोडलमा SWDs को लागि समावेशीकरण सेवाहरू फरक लाग्न सक्छन्। तथापी, सेवाप्रवाह विकल्पहरूमा IEP सेवाहरूको प्रवाह र आवासका साथसाथै विद्यार्थीहरूको आवश्यकता/हरूको शैक्षिक र/वा लक्षित क्षेत्र/हरूको प्रगति अनुगमन समावेश गरिनुपर्छ।
- यदि विशेष शिक्षकहरू वा सम्बन्धित सेवा प्रदायकहरूले भौतिक दूरीको मापदण्डहरू पालना हुने गरी र कक्षाकोठा वा अन्य भौतिक परिवेशमा अन्य कर्मचारीहरूसँगको अधिव्यापन हुने अवस्था नआउने गरी विशेष शिक्षा सेवाहरू प्रदान गर्न सक्दैनन् भने ती शिक्षकहरू वा सेवा प्रदायकहरूले दूरवर्ती रूपमा सेवाहरू र/वा विद्यालयभित्रै भिडियो कन्फ्रन्समार्फत टेलिथेरापीको समयतालिका

बनाउन सक्नेछन्।

- शिक्षणलाई परिस्कृत गराउन अनलाइन कार्यक्रमहरू (उदाहरणको लागि, वैयक्तिकृत आलेखित कार्यक्रम) को प्रयोग गरिनेछ।
- समकालिक र गैर-समकालिक सिकाइको दैनिक मिश्रणमा पाठहरूको भिडियो क्लिपहरू पनि समावेश हुन सक्छ।
- सम्बन्ध विकास गर्न र परिवारहरूलाई संलग्न गराउनको लागि बारम्बार लाइभ चेक-इन अर्थात प्रत्यक्ष सोधखोज गर्ने।
- स्रोतहरू र हस्तक्षेपहरू सम्बोधन गर्न विद्यार्थीहरू र परिवारहरूलाई सामाजिक संवेगात्मक सिकाइ (SEL) सहयोग प्रदान गरिनेछ।
- विशेष शिक्षा शिक्षकहरू, विशेषज्ञहरू र सेवा प्रदायकहरूले बुबाआमा र विद्यार्थीहरूको लागि कार्यालय समय उपलब्ध गराउनेछन्।

## दूरवर्ती सिकाइ मोडल र विशेष शिक्षा सेवाहरू

दूरवर्ती सिकाइ ढाँचामा, प्रत्येक विद्यार्थीलाई उनीहरूको वैयक्तिकृत शिक्षा योजना (IEP) मा उल्लेख भएअनुरूप र साथसाथै विशेष रूपमा प्रारूप तयार गरिएका सेवाहरूको समयतालिका अनुरूप विशेष रूपमा प्रारूप तयार गरिएका सेवाहरू प्रदान गरिनेछ। प्रिन्सिपलहरू र विशेष शिक्षा कर्मचारीहरूले सेवाहरू कसरी प्रदान गर्ने भन्ने कुरा निर्धारण गर्नेछन्। विद्यार्थी संलग्नतालाई प्रोत्साहन गर्नको लागि सहयोगको एकरूपता सुनिश्चत गर्न परिवारहरूसँग हाल जारी रहेको कुराकानीलाई समावेश गरिनेछ। विशेष शिक्षा सम्पर्कले IEP लक्ष्य र उद्देश्यहरू हासिल गर्न प्रोत्साहन गर्ने समयतालिकाको प्रारूप तयार गर्नेछ। विशेष रूपमा प्रारूप तयार गरिएका सेवाहरूको आवृत्ति निर्धारण गर्न हरेक विद्यार्थीको IEP लाई व्यक्तिगत आधारमा पुनरावलोकन गरिनेछ। सेवाप्रवाह विकल्पहरू फरकफरक हुन सक्छन् र यसमा ठूला समूहहरू, साना समूहहरू वा 1:1 को अवस्था पर्दछन्।

**दूरवर्ती सिकाइ प्रतिबिम्बित गर्नको लागि IEPs लाई संशोधन वा फेरबदल गरिनेछैन। कृपया ख्याल गर्नुहोस् IEP मा उल्लेखित व्यक्तिगत लक्ष्य र उद्देश्यहरूको कारण प्रत्येक विद्यार्थीको लागि गरिएको सेवाप्रवाह उस्तै नलाग्न सक्छ।**

**यो मोडलमा SWDs लाई कसरी सहयोग प्रदान गरिन्छ?**

- पहुँच सुनिश्चित गर्न SWDs सँग एक उपकरण हुनेछ र इन्टरनेट सन्जालको आवश्यकता सम्बोधन गर्न जिल्लाले परिवारहरूसँग सहकार्य गर्नेछ।
- विशेष रूपमा प्रारूप तयार गरिएको IEP शिक्षणलाई विद्यार्थीको हस्ताक्षरित र स्वीकृत IEP मा उल्लेख गरिएअनुरूप कार्यान्वयन गरिनेछ।
- SWDs IEPs मा अभिलेखित विशेष शिक्षण, संशोधनहरू, आवास र सेवाहरू प्रदान गर्ने समयतालिका समन्वय गर्नको लागि सामान्य शिक्षाका शिक्षकहरूसँग सहकार्य हुने गरी मध्यम विशेष आवश्यकता समावेशीकरण तथा स्रोत सेवाहरूका शिक्षकहरूको प्रारूप तयार गर्नुपर्छ।
- प्रत्येक तहमा समयतालिकाको संरचनाको आधारमा, यो मोडलमा SWDs को लागि समावेशीकरण सेवाहरू फरक लाग्न सक्छन्। तथापी, सेवाप्रवाह विकल्पहरूमा IEP सेवाहरूको

प्रवाह र आवासका साथसाथै विद्यार्थीहरूको आवश्यकता/हरूको शैक्षिक र/वा लक्षित क्षेत्र/हरूको प्रगति अनुगमन समावेश गरिनुपर्छ।

- यदि विशेष शिक्षकहरू वा सम्बन्धित सेवा प्रदायकहरूले भौतिक दूरीको मापदण्डहरू पालना हुने गरी र कक्षाकोठा वा अन्य भौतिक परिवेशमा अन्य कर्मचारीहरूसँगको अधिव्यापन हुने अवस्था नआउने गरी विशेष शिक्षा सेवाहरू प्रदान गर्न सक्दैनन् भने ती शिक्षकहरू वा सेवा प्रदायकहरूले दूरवर्ती रूपमा सेवाहरू र/वा विद्यालयभित्रै भिडियो कन्फ्रन्समार्फत टेलिथेरापीको समयतालिका बनाउन सक्नेछन्।
- जुम वा टिम्समार्फत ठूलो समूह, सानो समूह, वा 1:1 रूपमा विशेष रूपमा प्रारूप तयार गरिएको शिक्षण (SDI) प्रदान गरिनेछ।
- शिक्षणलाई परिस्कृत गराउन अनलाइन कार्यक्रमहरू (उदाहरणको लागि, वैयक्तिकृत आलेखित कार्यक्रम) को प्रयोग गरिनेछ।
- समकालिक र गैर-समकालिक सिकाइको दैनिक मिश्रणमा पाठहरूको भिडियो क्लिपहरू पनि समावेश हुन सक्छ।
- परिवारहरूलाई संलग्न गराउनको लागि बारम्बार लाइभ चेक-इन अर्थात प्रत्यक्ष सोधखोज गर्ने।
- स्रोतहरू र हस्तक्षेपहरू सम्बोधन गर्न विद्यार्थीहरू र परिवारहरूलाई सामाजिक संवेगात्मक सिकाइ (SEL) सहयोग प्रदान गरिनेछ।
- विशेष शिक्षा शिक्षकहरू, विशेषज्ञहरू र सेवा प्रदायकहरूले बुबाआमा र विद्यार्थीहरूको लागि कार्यालय समय उपलब्ध गराउनेछन्।

## यातायात

मसाचुसेट्स आधारभूत तथा माध्यमिक शिक्षा विभाग (DESE) ले जुलाई 22, 2020 मा यातायातसम्बन्धी निर्देशिका प्रकाशित गर्‍यो। DESE को यातायात मार्गनिर्देशनहरू पालना गर्नको लागि जिल्लाले बसहरूमा कम्तीमा पनि आधा क्षमता घटाउनुपर्नेछ। हामीले कक्षाकोठामा 6-फुटको दूरी कायम गर्दै आएको भए तापनि बसमा भने 3-फुटको दूरी मात्र कायम गर्न सक्छौं। DESE निर्देशिकाअनुरूप, वर्सेस्टर पब्लिक स्कूल्स निम्नबमोजिमको मार्गनिर्देशनहरू जारी गर्ने योजनामा छ, जसमा राज्यबाट थप मापदण्डहरू आउन बाँकी छः

- परिवारहरूलाई जिल्ला यातायात ग्राह्यता छनोटको लागि सर्वेक्षण गरिनेछ।
- विद्यार्थीहरूलाई एक सिट तोकिनेछ र सिटको स्थान अग्रिम रूपमा चिन्हांकित गरिनेछ।
- विद्यार्थीहरूलाई एक बेन्चमा एक जना भन्दा बढी राखिनुहुँदैन, हरेक पंक्तिमा पालैपालो एक छेउ खाली राखिनुपर्छ जसले विद्यार्थीहरूलाई भौतिक दूरी कायम गर्न सक्षम तुल्याउँछ। एकै घरका बालबच्चाहरू सँगैसँगै र नजिक-नजिक बस्न सक्छन् (उदाहरणको लागि प्रति बेन्च दुई विद्यार्थीहरू)।
- सबै वयस्कहरू र विद्यार्थीहरूले बसमा मास्क लगाउनुपर्नेछ।
- ताजा हावा बहन दिनको लागि बसका झ्यालहरू खुला राखिनुपर्नेछ।

- बस स्टपमा आउनुपूर्व हरेक बिहान परिवारहरू र हेरचाहकर्ताहरूले विद्यार्थीहरूमा कोभिड-19 को लक्षणहरू जाँच गर्नु एकदमै महत्वपूर्ण छ। यस्तो जाँचले कोभिड-19 को लक्षणहरूको लागि प्राथमिक स्क्रीनिङ जाँच प्रक्रियाको काम गर्नेछ।
- बस चालक र मनिटरहरूलाई विद्यार्थीहरू भित्र छिर्नासाथ अवलोकन गर्ने उपयुक्त तालिम दिइनेछ। यदि विद्यार्थीहरूमा लक्षण देखा पर्यो भने, र उनीहरूलाई घर लैजान एकजना बुबाआमा/हेरचाहकर्ता उपस्थित छन् भने, उनीहरूलाई विद्यालय बसमा प्रवेश गर्न अनुमति दिइनेछैन। यदि उनीहरूलाई घर लैजान बुबाआमा/हेरचाहकर्ता उपस्थित छैनन् भने उक्त विद्यार्थीलाई अन्य विद्यार्थीहरूदेखि छ फिटको दूरीमा राखिनेछ र विद्यालय आइपुग्नेबित्तिकै निजलाई नर्सकहाँ रिफर गरी पठाइनेछ।
- बस स्टपमा प्रतीक्षा गरिरहेका हरेक व्यक्तिले जुनसुकै समयमा पनि नाक र मुख छोपिने गरी मास्क लगाउनुपर्छ र 6 फिटको भौतिक दूरी कायम गर्नुपर्छ।
- विद्यार्थीहरूलाई बसमा चढ्दा खेरी र ओर्लँदा खेरी ह्याण्ड स्यानिटाइजर प्रदान गरिनेछ।
- सबै बसहरूलाई कुदाउनु अघि र पछि धेरै छुने भागहरूमा निस्संक्रामक गरिनेछ, र हरेक बिहान कुदाइसकेपछि र हरेक दिउँसो कुदाइसकेपछि पूर्ण रूपमा निस्संक्रामक गरिनेछ।

## पोषण

मसाचुसेट्स आधारभूत तथा माध्यमिक शिक्षा विभाग (DESE) ले जुलाई 22, 2020 मा खाद्यसेवा सम्बन्धी निर्देशिका प्रकाशित गर्यो र आउँदो विद्यालय वर्षको लागि संयुक्त राज्य कृषि विभाग (USDA) को अद्यावधिक जानकारीहरू र "लचकता" छुटहरूसँगसँगै निरन्तर रूपमा निर्देशिका जारी गरिरहेको छ। पोषण विभागले खानाको तयारी र वितरण प्रक्रिया (हरू) को पूरै अवधिमा सुझावित स्वास्थ्य तथा सुरक्षा मापदण्डहरू र विद्यमान कार्यक्रम अखण्डता नियमावलीहरू पालना गर्नेछ।

वर्तमान तथा अस्थिर प्राज्ञिक संरचनाहरूको परिपूरकको रूपमा विविध सेवा मोडलहरूमार्फत पहुँच सुनिश्चत गर्दै नोभेल कोरोना भाइरससँगको सम्भावित सम्पर्कलाई न्यूनीकरण गर्ने तरिका अपनाउँदै ताजा, उच्च गुणस्तरीय पोषक विद्यालय खानाहरू प्रदान गरिनेछ। खाना/मेनु अंशहरूलाई नगरको सबैतिर केन्द्रीय उत्पादन स्थलहरूमा उत्पादन गरी पोको पारिन्छ, नियामकीय मापदण्डअनुरूप बाँड्दाखेरी गणना गरिनेछ, र सम्पूर्ण प्रक्रियामा सुरक्षा प्रोटोकलहरू पालना गरिनेछः आवश्यक परेमा सतहहरू बारम्बार सफा गरिनेछ, सामाजिक दूरी कायम गरिनेछ, मास्क र फेस शिल्डहरू लगाइनेछ।

- कक्षाकोठा सत्रहरूमा भएका विद्यार्थीहरूलाई कक्षाकोठामा हरेक विद्यार्थीहरूबीचमा 6-फिटको भौतिक दूरी कायम गरी खानको लागि पोको पारिएको विद्यालय ब्रेकफास्ट प्रदान गरिनेछ। पूर्ण तयार भान्सा भएका विद्यालयहरूमा क्याफेटरिया वितरण क्षेत्रहरूबाट विविध प्रकारका प्रिप्याकेज गरिएका ताजा लन्चहरू लिएर जान सकिनेछ।
- पूर्ण तयार भान्सा नभएका र/वा वितरण क्षेत्रहरूमा अपर्याप्त भेन्टिलेशन भएका विद्यालयहरूका कक्षाकोठा सत्रहरूमा भएका विद्यार्थीहरूलाई कक्षाकोठामा हरेक विद्यार्थीहरूबीचमा 6-फिटको भौतिक दूरी कायम

गरी खानको लागि पोको पारिएको विद्यालय ब्रेकफास्ट प्रदान गरिनेछ। वर्तमान स्वास्थ्य तथा सुरक्षा मापदण्डहरूको पालना गर्नको लागि आवश्यता अनुसार सम्पूर्ण भवनमा रणनीतिक रूपमा स्थापित गरिएका वितरण स्टेशनहरूबाट विविध प्रकारका प्रिप्याकेज गरिएका ताजा लञ्चहरू प्रदान गरिनेछ।

- विद्यालय भवनमा नभएका र नगरको सबैतिर वैकल्पिक स्थानहरूमा समूहीकरण गरिएका विद्यार्थीहरूलाई दैनिक रूपमा रेफ्रिजेरेटर सहितको वितरण ट्रकमार्फत बाँडिने विविध प्रकारका पोको पारिएका ब्रेकफास्ट र लञ्च विकल्पहरू उपलब्ध गराइनेछ।
- दूरवर्ती रूपमा सिकाइ गर्ने तालिका भएका विद्यार्थीहरूलाई निम्नबमोजिमका विविध प्रकारका पहुँच रणनीतिमार्फत तीन दिन सम्मको खाना प्राप्त गर्ने विकल्प हुनेछः भवनबाहिर निस्कँदा लिने र लैजाने, उत्पादन क्षेत्रहरू र विद्यालयहरूबाट लिने र लैजाने, होम डेलिभरी, र आवश्यक परेमा रेफ्रिजेरेटर भएको वितरण ट्रकहरूबाट छरछिमेक क्षेत्रबाट लिने र लैजाने।

शैक्षिक मोडलहरू विद्यालय वर्षभरि नै संशोधन गरिने भएको हुँदा माथि उल्लेखित सबै खाना पहुँच रणनीतिहरू वा यिनीहरूको कुनै संयोजनलाई कार्यान्वयन गरिनेछ।

## स्वास्थ्य तथा सुरक्षा

### हाम्रो विद्यालयहरूलाई तयार गर्ने

मसाचुसेट्स आधारभूत तथा माध्यमिक शिक्षा विभाग (DESE) ले जुलाई 22, 2020 मा परिसरहरू तथा सञ्चालनसम्बन्धी निर्देशिका प्रकाशित गर्यो। हाम्रा विद्यालय समुदायका सदस्यहरूको लागि जोखिम न्यूनीकरण गर्न र कोभिड-19 को जोखिम रहिरहे तापनि हामीहरू सबै सुरक्षित रूपमा विद्यालय फर्कने कुरा सुनिश्चित गर्नको लागि जिल्लाले उक्त निर्देशिकालाई हाम्रा योजनाहरूमा समाहित गरेको छ र धेरैवटा विद्यालय सुरक्षा कदमहरू चालिसकेको छ। पहिलो, हामीले विद्यालय-विद्यालय अनुसार "परिसर आवश्यकता मूल्यांकन" गर्यौं। परिसर आवश्यकता मूल्यांकनको उद्देश्य भनेको अनुमोदित सामाजिक दूरी मार्गनिर्देनहरूको आधारमा विद्यार्थीहरू र कर्मचारीहरूलाई सुरक्षित रूपमा बसाउनको लागि प्रत्येक विद्यालयमा पर्याप्त वर्ग फिट प्रदान गर्ने पढाउने क्षेत्रहरू र कक्षाकोठाहरूको संख्या निर्धारण गर्नु हो। पढाउने क्षेत्रहरूमा पर्याप्त, सुरक्षित, र उच्च गुणस्तरीय भेन्टिलेशन सुनिश्चित गर्नको लागि हामीले एयर ह्याण्ड्लिङ तथा फिल्ट्रेशन सिस्टमको क्षमता विश्लेषण गर्ने प्रक्रिया गरिरहेका छौं। हामीले बिराम नलागेका विद्यार्थीहरूबाट बिरामी विद्यार्थीहरूलाई छुट्याउनको लागि र दिनमा विद्यार्थीहरू वा कर्मचारीहरू बिरामी भएमा उनीहरूलाई हेरचाह गर्न नर्सिङ कर्मचारीहरूको लागि अतिरिक्त विस्तारित क्षेत्र पहिचान गर्दैछौं।

### वायु गुणस्तर जोखिम मुल्यांकन

कोभिड-19 रोग सार्ने भनेकै हावाले उडाई ल्याउने श्वासप्रश्वासका ससाना थोपाहरू र हावामा अल्झिएर उड्ने "एरोसोल" कणिकाहरू हुन्। हिटिङ भेन्टिलेशन तथा एयर कन्डिशनिङ (HVAC) सिस्टमहरू भवनहरूमा ताजा हावा परिचालित गर्न तयार गरिएका हुन्छन्। जिल्लाले भवनहरूलाई बाहिरको हावा भवनभित्र उपलब्ध गराउने (यान्त्रिक भेन्टिलेशन वा

प्राकृतिक भेन्टिलेशन मार्फत) क्षमताको लागि मूल्यांकन गरिरहेको छ। जिल्लाभित्र, 44% भवनहरूमा प्राकृतिक भेन्टिलेशन सिस्टमहरू, 33% भवनहरूमा आंशिक यान्त्रिक सिस्टमहरू (यान्त्रिक निकास बिना नै यान्त्रिक रूपमा बाह्य हावालाई भवनभित्र छिराउन सक्ने), र 23% भवनहरूमा पूर्ण यान्त्रिक HVAC सिस्टमहरू रहेका छन्। भवनभित्रको हावाको गुणस्तर सुधार र फिल्ट्रेशनको लागि आयोनाइजेशन उपकरण, HEPA फिल्टरहरू, र झ्यालको बाकस पंखाहरू जस्ता अन्य रणनीतिहरूको बारेमा पनि विचारविमर्श गरिँदै छ।

जिल्लाले परिसर योजना र सुधार कार्यहरूमा सहयोगको लागि तेश्रो पक्ष वातावरण स्वास्थ्य तथा सुरक्षा एवं HVAC परामर्शदाताहरूको प्रयोग गरिरहेको छ।

## व्यक्तिगत सुरक्षा उपकरण (PPE) तयारीपन

WPS ले हाम्रा विद्यार्थीहरू र कर्मचारीहरूलाई स्वस्थ र सुरक्षित रहन मद्दत गर्नको लागि सरसामान प्राप्त गरेको छ।
सरसामान र सामग्रीहरू निम्न छन्: फेस मास्कहरू, फेस सिल्डहरू, गगल्सहरू, ग्लोवहरू, गाउनहरू, ह्याण्ड स्यानिटाइजर, साबुन, स्यानि-वाइपहरू, र टिस्युहरू। मुख्य क्षेत्रहरूमा ससाना थोपाहरूको सम्भावित फैलावटको सम्पर्कमा आउने जोखिम न्यूनीकरण गर्न प्लेक्सिग्लास स्क्रीनहरू लगाइएको छ।

- **मास्कहरू कोभिड-19 को फैलावट नियन्त्रण गर्नको लागि सबैभन्दा महत्वपूर्ण एक्लो उपायहरूमध्येको एक उपाय हो।** सबै विद्यार्थीहरू (ग्रेड 2-12) र कर्मचारीहरूले नाक र मुखलाई पर्याप्त मात्रामा ढाक्ने कपडाको मास्क लगाउनुपर्छ। कलिला विद्यार्थीहरूलाई मास्क लगाउन जोडदार रूपमा प्रोत्साहन गरिन्छ। चिकित्सा, व्यवहारिक वा अन्य चुनौतीहरूको कारण मास्क लगाउन नसक्ने विद्यार्थीहरूको लागि भने अपवाद लागू हुनेछ। विद्यालय बसमा सबै उमेरकाहरूले मास्क लगाउनुपर्छ। विद्यार्थीहरूलाई फेस मास्क उपलब्ध गराउने जिम्मेवारी बुबाआमाको हुनेछ; विद्यालयहरूसँग ब्याक-अप मास्कहरू हुनेछ।
- **हातको स्वास्थ्य एकदमै महत्वपूर्ण छ।** विद्यालय आइपुग्नेबित्तिकै, खाना खानुअघि, मास्कहरू लगाउनुघि र खोल्नुअघि, बाथरुम प्रयोग गरेपछि, खोकेपछि वा हाच्छिउँ गरेपछि, र तितरबितर हुनुअघि विद्यार्थीहरू र कर्मचारीहरूले हातको स्वास्थ्यको अभ्यास गर्नुपर्छ (धुनुपर्छ वा स्यानिटाइज गर्नुपर्छ)।
- **भौतिक दूरीले रोग-प्रसारणको जोखिमलाई ठूलो मात्रामा न्यूनीकरण गर्छ।** कोभिड-19 श्वासप्रश्वासका ससाना थोपाहरूबाट सर्ने भएकोले आफू र अरूबीचमा दूरी कायम गर्नाले जोखिम न्यून हुन्छ। कक्षाकोठाको परिवेशमा, सबै पक्षहरूले मास्क लगाएको अवस्थामा, विद्यार्थीहरू र कर्मचारीहरूबीचमा छ फिटको दूरी आवश्यक पर्छ।
- **समूह/सिट तोक्ने** समूहहरू/कक्षाकोठाहरूमा र अन्य कोहोर्ट समूहहरूमा व्यवस्थित गर्ने जसबाट भाइरसको प्रसारण कम हुन्छ। सिट तोक्ने कार्य महत्वपूर्ण छ किनभने यसले प्रभावकारी रूपमा

समूह वा कोहोर्ट समूहभित्रै अझै सानो समूह सृजना गर्छ जसले रोग-प्रसारणलाई कम पार्छ। सिट तोक्नाले कन्ट्याक्ट ट्रेसिङमा मद्दत मिल्छ।

## विद्यालय सुरक्षा प्रोटोकलहरू

हाम्रो मुख्य उद्देश्य भनेको सम्भव भएसम्म सबैभन्दा सुरक्षित रूपमा विद्यालय फर्कने कुरा सुनिश्चित गर्नु हो। CDC र DESE द्वारा सुझाव दिएअनुसार, विस्तृत सुरक्षा प्रोटोकलहरू विकसित गरिएको छ।

<table>
<tr><th>घटना</th><th>घटनाको स्थान</th><th>जाँच नतिजा</th><th>क्वारेन्टाइन</th></tr>
<tr><td>व्यक्तिमा लक्षण देखिएको छ</td><td rowspan="3">यदि घरमा कुनै व्यक्तिमा लक्षण देखिएको छ भने उनीहरू घरमै बस्नुपर्छ र जाँच गराउनुपर्छ।<br><br>यदि बसमा वा विद्यालयमा कुनै व्यक्तिमा लक्षण देखिएको छ भने उनीहरूले मास्क लगाइरहनुपर्छ र कठोर रूपमा भौतिक दूरी पालना गर्नुपर्छ। विद्यार्थीहरूलाई त्यसपछि नर्सले भेट्नेछन् र उनीहरू घरमा जान नमिलेसम्म चिकित्सा प्रतीक्षा कक्षमा बस्नुपर्छ। उनीहरूलाई बसमा राखी घर पठाइनुपर्छ। यदि विद्यालय कर्मचारी सदस्यहरूमध्येको एक व्यक्तिमा लक्षण देखिएको छ भने उनीहरूले आफ्नो काम गर्ने व्यक्ति खोज्नुपर्छ र घर जानुपर्छ अनि जाँच गराउनुपर्छ।</td><td>व्यक्तिको नतिजा नेगेटिभ आयो</td><td>24 घण्टासम्म लक्षण नदेखिएमा विद्यालय फर्कने।</td></tr>
<tr><td rowspan="2"></td><td>व्यक्तिको नतिजा पोजिटिभ आयो</td><td>घरैमा बस्ने (चिकित्सा हेरचाह पाउनको लागि बाहेक), लक्षण अनुगमन गर्ने, विद्यालयलाई सूचित गर्ने, व्यक्तिगत नजिकका सम्पर्क व्यक्तिहरूलाई सूचित गर्ने, विद्यालयलाई कन्ट्याक्ट ट्रेसिङ प्रयासहरूमा सहयोग गर्ने, र स्थानीय स्वास्थ्य बोर्ड वा MA समुदाय ट्रेसिङ कोल्याबोरेटिभको फोनको जबाफ दिने। सापेक्षित रूपमा सामान्य बिराम भएका धेरैजसो मानिसहरूले कम्तीमा पनि 10 दिनसम्म र ज्वरो हटेको र अन्य लक्षणहरूमा सुधार नआएको 3 दिन नहुन्जेलसम्म सेल्फ-आइसोलेशनमा बस्नुपर्छ।</td></tr>
<tr><td>व्यक्तिको जाँच गरिएन</td><td>लक्षण देखिएपछि 14 दिनसम्म घरैमा सेल्फ आइसोलेशनमा बस्ने।</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| व्यक्ति कोभिड-19 पोजिटिभ व्यक्तिको सम्पर्कमा आउने जोखिममा छ | कोभिड-19 को जाँचमा पोजिटिभ आएको व्यक्तिको नजिकको सम्पर्कमा भएको कुरा थाहा पाउँदा यदि कुनै व्यक्ति घरमा छ भने निजहरूले घरमै बस्नुपर्छ र पछिल्लो सम्पर्कबाट 4 वा 5 दिनपछि जाँच गराउनुपर्छ।<br><br>कोभिड-19 को जाँचमा पोजिटिभ आएको व्यक्तिको नजिकको सम्पर्कमा भएको कुरा थाहा पाउँदा यदि कुनै व्यक्ति विद्यालयमा छ भने निजले बाँकी दिनभर मास्क लगाउनुपर्छ (K-1 का विद्यार्थीहरूलगायत) र कठोर रूपमा भौतिक दूरीको पालना गर्नुपर्छ। दिनको अन्त्यमा निजहरू घर जानुपर्छ र निजहरूले घर जाँदा बस प्रयोग गर्नुहुँदैन। निजहरूले घरमै बस्नुपर्छ र पछिल्लो सम्पर्कबाट 4 वा 5 दिनपछि जाँच गराउनुपर्छ। | व्यक्तिको नतिजा नेगेटिभ आयो | यदि लक्षण छैन वा लक्षणहीन भएको 24 घण्टा भएको छ भने विद्यालय फर्कने |
| | | व्यक्तिको नतिजा पोजिटिभ आयो | घरैमा बस्ने (चिकित्सा हेरचाह पाउनको लागि बाहेक), लक्षण अनुगमन गर्ने, विद्यालयलाई सूचित गर्ने, व्यक्तिगत नजिकका सम्पर्क व्यक्तिहरूलाई सूचित गर्ने, विद्यालयलाई कन्ट्याक्ट ट्रेसिङ प्रयासहरूमा सहयोग गर्ने, र स्थानीय स्वास्थ्य बोर्ड वा MA समुदाय ट्रेसिङ कोल्याबोरेटिभको फोनको जबाफ दिने। सापेक्षित रूपमा सामान्य बिराम भएका धेरैजसो मानिसहरूले कम्तीमा पनि 10 दिनसम्म र ज्वरो हटेको र अन्य लक्षणहरूमा सुधार नआएको 3 दिन नहुन्जेलसम्म सेल्फ-आइसोलेशनमा बस्नुपर्छ। |
| | | व्यक्तिको जाँच गरिएन | सम्पर्क भएको समयपछि 14 दिनसम्म घरैमा सेल्फ आइसोलेशनमा बस्ने। |

## विद्यार्थी सहयोगहरू

वर्सेस्टर पब्लिक स्कूल्स (WPS) ले सबै विद्यार्थीहरूको सामाजिक संवेगात्मक सिकाइ (SEL) आवश्यकताहरूमा सहयोग गर्न निरन्तर रूपमा विश्वव्यापी तथा श्रेणीगत तहहरूका हस्तक्षेपहरू गर्ने गर्दछ। यसबाट विद्यार्थीहरूको असरमुक्तपन अभिवृद्धि हुन्छ र सबैको लागि आघात उत्तरदायी सिकाइ वातावरणको प्रवर्धन हुन्छ।

### अतिरिक्त सहयोग शृङ्खलाको तह

# तह 1 सहयोगहरू

*सफलताको लागि विद्यार्थीहरूलाई आवधिक अतिरिक्त सहयोग आवश्यक पर्छ*

**सहयोग प्रदान गर्नेहरू**

- कक्षा शिक्षकहरू
- समायोजन परामर्शकर्ताहरू
- विद्यालय मनोविदहरू
- र्याप अराउण्ड समन्वयकर्ताहरू
- विद्यालय प्रशासकहरू
- लक्षित प्रशिक्षण प्रशिक्षक
- प्रशिक्षण सहायकहरू
- सम्बन्धित सेवा प्रदायकहरू
- नर्सहरू

## सहयोगहरूका उदाहरणहरू

- SEL जाँचहरू
- मार्गनिर्देशन परामर्शकर्ता जाँचहरू
- जगाउने कलहरू
- समयतालिका सम्झौटोहरू
- सानो समूह विविधीकृत प्रशिक्षण
- दूर सिकाइ योजनाहरू
- चिकित्सकीय

# तह 2 सहयोगहरू

*सफलताको लागि विद्यार्थीहरूलाई दैनिक अतिरिक्त सहयोग आवश्यक पर्छ*

**सहयोग प्रदान गर्नेहरू**

- कक्षा शिक्षक
- समायोजन परामर्शकर्ताहरू
- विद्यालय मनोविदहरू
- र्‍याप अराउण्ड समन्वयकर्ताहरू
- विद्यालय प्रशासकहरू
- लक्षित प्रशिक्षण प्रशिक्षक
- प्रशिक्षण सहायकहरू
- नर्सहरू

## सहयोगका उदाहरणहरू

- दैनिक चेक-इनहरू
- बारम्बार सानो समूह प्रशिक्षण
- पुनर्शिक्षण
- RTI समूहहरू
- दैनिक व्यवस्थापन/सिकाइ सीप सहयोग
- चिकित्सकीय

# तह 3 सहयोगहरू

*सफलताको लागि विद्यार्थीहरूलाई अतिरिक्त विशिष्टीकृत प्रशिक्षणको एक पिरियड आवश्यक पर्छ*

**सहयोग प्रदान गर्नेहरू**

- कक्षा शिक्षकहरू
- ESL शिक्षकहरू
- SPED शिक्षकहरू
- प्रशिक्षण सहायकहरू
- सम्बन्धित सेवा प्रदायकहरू
- व्यवहार स्वास्थ्य विशेषज्ञहरू
- व्यवहार विशेषज्ञहरू
- BCBAs

## सहयोगका उदाहरणहरू

- अंग्रेजी भाषा विकास
- विशिष्टीकृत शैक्षिक प्रशिक्षण
- बारम्बार सानो समूह प्रशिक्षण
- विशिष्टीकृत सामाजिक भावनात्मक सहयोग
- RTI समूहहरू

# तह 4 सहयोगहरू

*सफलताको लागि विद्यार्थीहरूलाई अतिरिक्त विशिष्टीकृत प्रशिक्षणको एकभन्दा धेरै पिरियडहरू आवश्यक पर्छ*

**सहयोग प्रदान गर्नेहरू**

- कक्षा शिक्षकहरू
- ESL शिक्षकहरू
- SPED शिक्षकहरू
- प्रशिक्षण सहायकहरू
- सम्बन्धित सेवा प्रदायकहरू
- व्यवहार स्वास्थ्य विशेषज्ञहरू
- व्यवहार विशेषज्ञहरू
- BCBAs
- प्रशिक्षण सहायकहरू

## सहयोगका उदाहरणहरू

- गहन अंग्रेजी भाषा विकास
- गहन विशिष्टीकृत शैक्षिक प्रशिक्षण
- गहन विशिष्टीकृत सामाजिक भावनात्मक सहयोग
- वैयक्तिकृत सानो समूह प्रशिक्षण

# तह 5 सहयोगहरू

*सफलताको लागि विद्यार्थीहरूलाई पूर्णतः विशिष्टीकृत प्रशिक्षण र सुपरीवेक्षण/सहयोग आवश्यक पर्छ*

**सहयोग प्रदान गर्नेहरू**

- कक्षा शिक्षकहरू
- ESL शिक्षकहरू
- SPED शिक्षकहरू
- प्रशिक्षण सहायकहरू
- सम्बन्धित सेवा प्रदायकहरू
- व्यवहार स्वास्थ्य विशेषज्ञहरू
- व्यवहार विशेषज्ञहरू
- BCBAs
- प्रशिक्षण सहायकहरू
- LPNs
- CNAs

## सहयोगका उदाहरणहरू

- गहन अंग्रेजी भाषा विकास
- गहन विशिष्टीकृत शैक्षिक प्रशिक्षण
- विशिष्टीकृत प्रशिक्षण
- गहन विशिष्टीकृत सामाजिक भावनात्मक सहयोग
- 1:1 प्रशिक्षण तथा सहयोग
- चिकित्सा सहयोग

WPS निम्नलिखित तीन विस्तृत सिद्धान्तहरूको आधारमा समुदाय र सम्बन्धहरू विकास गर्नमा केन्द्रित रहनेछः 1. शारीरिक र संवेगात्मक सुरक्षाको समानता र अन्तर्सम्बन्ध; 2. समता र जातीय न्याय; र 3. सामूहिक हेरचाह।

विद्यालय पुनः आरम्भ हुँदा संस्कृति निर्माणको लागि एक संरचनागत पिरियड राखिएको छ। कक्षाकोठा वृत्तहरू, बिहानीको बैठकहरू र सल्लाहकार सत्रहरू लगायत समुदाय निर्माण क्रियाकलापहरूबाट दूरवर्ती वा व्यक्ति स्वयम उपस्थित भई गरिने विद्यालय दिनहरू सुरु हुनेछन्।

श्रेणीगत सहयोगहरूको उदाहरणहरूमा निम्न कुराहरू पर्दछन्:

## श्रेणी I - विश्वव्यापी

- परिवारहरूलाई सहयोग गर्न शिक्षकहरूले के-के गर्दछन् भन्ने बारेमा आम अपेक्षाहरू;
- स्व-पहिचान भएका विद्यार्थीहरू र प्रविधि, यातायात, खाना, सुरक्षा, आवास वा स्वास्थ्य सरोकारसँग सम्बन्धित पारिवारिक आवश्यक्ताहरूको लागि सर्वेक्षण तथा कर्मचारी भेटघाट;
- सांस्कृतिक र भाषिक रूपमा उत्तरदायी अभ्यासहरू प्रयोग गरेर साझेदारहरूको रूपमा परिवारहरूसँग दोहोरो सञ्चार कायम राख्ने;
- वर्तमान सहयोगहरू र सेवाहरूको जाँच गर्ने र आवश्यकता अनुसार अतिरिक्त स्रोतहरू पहिचान गर्ने;
- परिवार संलग्नता प्रयत्नहरूको प्रगति अद्यावधिक गर्ने स्थापित प्रणाली;
- पहिचान गरिएको "सोधखोज" कर्मचारी सदस्य;
- सामाजिक संवेगात्मक सिकाइ (SEL) शिक्षण (उदाहरणको लागि., कक्षाकोठा वृत्तहरू/बिहानको बैठक र परामर्शहरू);
- विद्यालय समायोजन परामर्शकर्ता (SAC)/विद्यालय मनोविद द्वारा नेतृत्व गरिएका लञ्च समूहरू, विद्यार्थी कार्यालय समय र बुबाआमा कार्यालय समयहरू;
- शैक्षिक, करियर र सामाजिक-संवेगात्मक विकासको लागि माध्यमिक मार्गनिर्देशन परामर्शकर्ता र;
- विद्यालय तह विकास र विश्वव्यापी व्यवहारगत सहयोग र हस्तक्षेपहरूको कार्यान्वयनको लागि प्रणालीव्यापक SAC सहयोग [उदाहरणको लागि, सहकार्यात्मक समस्या समाधान, सकारात्मक व्यवहारगत हस्तक्षेप तथा सहयोगहरू (PBIS), सफलताको लागि सहकार्यात्मक एवं समग्रात्मक प्राज्ञिक परामर्श (CHAMPS) र पुनरुत्थानात्मक अभ्यासहरू]।

## श्रेणी II र श्रेणी III- लक्षित हस्तक्षेपहरू

धेरै विद्यालयहरूको कर्मचारीगणमा र्यापअराउण्ड समन्वयकर्ताहरू हुन्छन् जसले परिवारहरूलाई सामुदायिक स्रोतहरूमा पहुँच प्राप्त गर्न सहयोग गर्छन्। अतिरिक्त रूपमा, सामाजिक संवेगात्मक सिकाइ कार्यालयका दुई जना कर्मचारीहरू घरविहीनता अनुभव गरिरहेका परिवारहरूलाई मात्र सहयोग गर्नमा समर्पित हुन्छन्। कर्मचारीहरूले आश्रयस्थलमा अरूसँग कोचिएर रहेका परिवारहरू र स्थायी आवास प्राप्त गर्न सहयोग आवश्यक पर्ने व्यक्तिहरूलाई प्रत्यक्ष भेटघाट र मामिला व्यवस्थापन सेवा प्रदान गर्छन्।

अतिरिक्त सहयोग आवश्यक पर्ने विद्यार्थीहरूको लागि, विद्यालय समायोजन परामर्शकर्ता, व्यवहार स्वास्थ्य विशेषज्ञहरू, विद्यालय मनोविदहरू, माद्यमिक मार्गनिर्देशन, र र्यापअराउण्ड समन्वयकर्ताहरूले निम्नलगायतका थप विद्यार्थी विशेष हस्तक्षेपहरू प्रदान गर्छन्:

- व्यक्तिगत सोधखोजहरू;
- आवश्यकताको विशेष क्षेत्रमा ध्यान केन्द्रित गर्नको लागि सानो समूह;
- वैयक्तिकृत व्यवहार योजनाहरू;
- बुबाआमा भेटघाट र;
- सामुदायिक स्रोतहरूको समन्य;

## अपाङ्गता भएका विद्यार्थीहरू (SWDs) को लागि सामाजिक संवेगात्मक सिकाइ सहयोगहरू

SWDs र उनीहरूका परिवारहरूलाई "गुगल SEL कक्षाकोठा: 2020 व्यवहार हस्तक्षेपहरू तथा सहयोगहरू" मा पहुँच हुनेछ। कक्षाकार्य अन्तर्गत निम्न स्रोतहरू समावेश गरिएका छन्:

- घरमा सामाजिक क्रियाकलापहरू
- सृजनात्मक क्रियाकलापहरू
- घरैमा भए झैं महसुस गराउने सामना सामग्रीहरू
- सुपरफ्लेक्स पाठ्यक्रम जानकारी: चरित्र वर्णनहरू,, ठूलो स्वरमा पढ्ने सुपरफ्लेक्स सामग्रीहरू
- सचेतपन/योगा क्रियाकलापहरू र
- भर्चुअल ठूलो स्वरमा पढ्ने सामग्री

**विशेष शिक्षा व्यवहार विशेषज्ञको भूमिका**:
व्यवहार विशेषज्ञहरूले सामाजिक संवेगात्मक अपाङ्गता भएका विद्यार्थीहरूलाई सहयोग गर्ने र विद्यालहयहरू, परिवारहरू र समुदायको बीचमा सेतुको काम गर्नमा एकदमै महत्वपूर्ण भूमिका निभाउँछन्। व्यवहार विशेषज्ञहरूका केही उत्तरदायित्वहरूमा निम्न कुराहरू पर्दछन्:

- स्व-पैरवी र संवेगहरूको उचित पहिचान र सामना सीपहरूको अभ्यासको क्षेत्रहरूमा विद्यार्थीहरूलाई 1:1 परामर्श सहयोग प्रदान गर्ने;
- सामाजिक संवेगात्मक सिकाइ दक्षताहरू (सामाजिक सचेतना, स्व-सचेतना, स्व-व्यवस्थापन, सम्बन्ध सीपहरू, उत्तरदायी निर्णय-प्रक्रिया) प्रवर्धन गर्ने पहिचानात्मक व्यवहारगत थेरापी (CBT), द्वन्द्वात्मक व्यवहारगत थेरापी (DBT), आघात-केन्द्रित पहिचानात्मक व्यवहारगत थेरापी (TF-CBT), र सचेतपन/योगा जस्ता प्रमाणमा आधारित पद्दतिहरूको प्रयोग गर्दै सामूहिक परामर्श प्रदान गर्ने;
- विद्यार्थीहरूको प्रकार्यता र सुस्वास्थ्यमा उच्चतम सहयोग प्रदान गर्न अन्य कर्मचारी र प्रशासनसँग परामर्श;

- परिवेश-परिवेशमा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नको लागि व्यवहारगत हस्तक्षेप योजनाहरू (BIPs) को विकास र एकनासको प्रगति अनुगमन गर्ने।;
- बाह्य सेवा प्रदायकहरू [उदाहरणको लागि बहिरंग थेरापिस्टहरू, प्राथमिक हेरचाह चिकित्सकहरू (PCPs), साइकियाट्रिस्टहरू, बालबालिका तथा परिवार विभाग (DCF) का मामिला कर्मचारीहरू, युवा सेवा विभाग (DYS) का कर्मचारीहरू, समूह घर कर्मचारीहरू, आवासहीन आश्रय प्रदानकर्ताहरू] सँग एकनासको निरन्तर सञ्चार हुने मामिला व्यवस्थापन;
- परिवार भेटघाट विद्यार्थीहरूको सामाजिक संवेगात्मक सुस्वास्थ्य र शैक्षिक सफलतामा सहयोग गर्दा विद्यालय कर्मचारी, हेरचारकर्ताहरू, र अन्य कुनै पनि सम्बन्धित सरोकारवालाहरूबीचमा एकनासको निरन्तर र स्पष्ट सञ्चार सुनिश्चित गर्न परिवार भेटघाट र;
- विभिन्न सामुदायिक स्रोतहरू (उदहारणको लागि, खाद्य बैंकहरूमा पहुँच, इन्धन सहयोग, आश्रयहरू, विद्यालयपश्चातको/दिउँसोको हेरचाह) सम्बन्धमा जानकारीको उपलब्धता।

**बोर्ड प्रमाणित व्यवहार विश्लेषक (BCBA) को भूमिका:**

प्रायोगिक व्यवहारगत विश्लेषणको क्षेत्रमा विद्यार्थीको वैयक्तिकृत शिक्षा कार्यक्रमअनुसार निष्ठाको साथमा IEP सेवाहरूको प्रवाह गरिँदै छ भन्ने कुरा सुनिश्चित गर्न BCBA ले जिल्लाव्यापी अटिजम सुपरीवेक्षक र/वा विभाग प्रमुख, प्रिन्सिपल, विशेष र नियमित शिक्षा शिक्षकहरू र सहायक कर्मचारीहरूसँग सहकार्यात्मक ढंगले काम गर्छ। BCBA ले अटिजम र अन्य सम्बन्धित संवेगात्मक/विकासात्मक अपाङ्गता भएका विद्यार्थीहरूलाई सहयोग गर्न मद्दत गर्नको लागि विशेष शिक्षा कर्मचारीहरू, परिवारहरू र ABA अर्ध व्यावसायिक व्यक्तिहरूलाई तालिम र सहयोग पनि प्रदान गर्छ। नयाँ र/वा अनुकूलन सीपहरू सिकाउन, र सीपहरूको स्याहार-सम्भार र सामान्यीकरणको लागि वातावरणात्मक परिवर्तीहरू, व्यवहार न्यूनीकरण कार्यविधिहरू र प्रणालीगत निर्देशन (उदाहरणको लागि, पृथक परिक्षण शिक्षण, आकस्मिक निर्देशन) लगायतका प्रायोगिक व्यवहारगत विश्लेषणको सिद्धान्तको आधारमा सेवाहरू उपलब्ध हुनेछन्। निम्न कुराहरूले BCBAs का केही उत्तरदायित्वहरूको सार प्रस्तुत गर्छन्:

- विद्यार्थीको वैयक्तिकृत शिक्षा कार्यक्रम (IEP) सेवाप्रवाह ग्रिडमा उल्लेख भएअनुरूप प्रायोगिक व्यवहारगत विश्लेषण (ABA) मा परामर्श सहयोग प्रदान गर्ने;
- विद्यार्थीको आवश्यकताहरू पहिचान गर्न र ती आवश्यकताहरू पूरा गर्ने सेवाहरू विकसित गर्न समूह बैठकमा सहभागी हुने;
- विशिष्टीकृत कार्यक्रमहरू र उप-विभक्त कक्षाकोठाहरूमा सबै व्यवहारगत योजनाहरू (अर्थात, कक्षाकोठा-व्यापी व्यवस्थापन र हस्तक्षेपहरू, रणनीतिहरू) को लागि शिक्षकहरूसँग सहकार्य गर्ने;
- मनासिब भए, कर्मचारीहरूसँगको सहकार्यमा व्यवहार हस्तक्षेप/सहयोग योजनाहरू विकास गर्ने (उदाहरणको लागि, कक्षाकोठा अवलोकन, तथ्यांक संकलन उपकरणहरू प्रदान गर्ने);
- व्यवहारगत योजनाको लागि अन्य अपाङ्गता भएका विद्यार्थीहरू (SWD) सम्बन्धमा सामान्य शिक्षासँग परामर्श गर्न उपलब्ध हुने (अर्थात, स्क्रीनिङको लागि जिल्लाव्यापी प्रोटोकलहरू पालना गर्ने);
- शिक्षकहरूसँगको सहकार्यमा तथ्यांक संकलन र/वा मूल्यांकनको आधारमा व्यवहारगत हस्तक्षेप योजनाहरू सृजना गर्ने;

- शिक्षकहरू र अन्य भ्रमणशील कर्मचारीहरूसँगको सहकार्यमा विद्यार्थी-विशेष तथ्यांक शीटहरू प्रयोग गर्दै चालु तथ्यांक संकलन गर्ने, तथ्यांक विश्लेषण, सामाजिक/व्यवहारिक लक्ष्यको लागि विद्यार्थी प्रगति प्रतिवेदनहरूको समापन;
- टोली प्रक्रियामार्फत अनुरोध गरिएबमोजिम ABA र/वा व्यवहारगत मूल्यांकनहरू सञ्चालन गर्ने र जानकार निर्णयहरू गर्न र IEP टोलीलाई सूझावहरू पेश गर्न मूल्यांकन नतिजाहरूबाट प्राप्त तथ्यांकहरूलाई प्रयोग गर्ने;
- ABA कार्यक्रमको एक हिस्साको रूपमा शिक्षकहरू र अन्य भ्रमणशील कर्मचारीहरूसँगको सहकार्यमा एकनासको सामाजिक सीप समूहहरूको विकास र कार्यान्वयनलाई सहयोग गर्ने;
- विद्यार्थीको प्रगति र तथ्यांक पुनरावलोकन गर्नको लागि बुबाआमाहरू, शिक्षकहरू र भ्रमणशील कर्मचारीहरूसँग विशेष समूह बैठकमा सहभागी हुने;
- परिवेश-परिवेशमा अभ्यासहरूमा सहकार्य र एकरूपता सुनिश्चित गर्न विद्यालय र बाहय निकायहरूबीचमा मामिला समन्वय गर्ने;
- विद्यालय कर्मचारीहरू र परिवारहरूलाई विशिष्टीकृत प्रायोगिक व्यवहारगत विश्लेषण तालिम प्रदान गर्ने; र
- व्यावसायिक सिकाइ समुदाय (PLC) बैठकहरूमा सहभागी हुने र सबै विद्यार्थीहरूको आवश्यकता पूरा गर्न भवन प्रशासकहरू र शिक्षण कर्मचारीहरूसँग सहकार्य गर्ने।

**बुबाआमा कार्यशाला गोष्ठीहरू**:
SWDs का बुबाआमाहरूलाई निम्नलगायतका कुराहरूमा आफ्नो बच्चालाई सहयोग गर्नको लागि कार्यशाला गोष्ठीहरूमा सहभागी हुने अबसरहरू हुनेछः

- *आघातको जोखिम भएको बच्चा वा किशोरको लागि हेरचाह:* यो कार्यशाला गोष्ठीको उद्देश्य भनेको आघात लागेको बच्चालाई हेरचाह गर्दा चुनौतीहरू निम्त्याउने अन्तर्निहित तत्वहरूको बारेमा हेरचाहकर्ताको बुझाइ अभिवृद्धि गर्नु हो। विशिष्ट रणनीतिहरूले आघात लागेको बालबालिका/किशोरहरूको आवश्यकताहरू र सामाजिक-संवेगात्मक सिकाइ क्षमताहरूलाई सम्बोधन गर्नमा जोड दिन्छन्।
- *आकस्मिक शिक्षण:* यो प्रस्तुतिले घरमा एक औसत दिनमा कसरी आफ्नो बच्चासँग शिक्षणयोग्य क्षणहरू सृजना गर्ने र ती क्षणहरूबाट फाइदा लिने भन्ने कुरा समेट्छ। यसमा खेल र सामाजिक अवसरहरूमा जोड दिइन्छ। घरमा आकस्मिक शिक्षणसम्बन्धी सरोकारहरूको बारेमा बुबाआमाहरूले गर्नुभएका प्रश्नहरूलाई विशेष जोड दिइनेछ।
- *दूरवर्ती प्राज्ञिक संलग्नता:* यो प्रस्तुतिले दूरवर्ती सिकाइको समयमा तपाईंको बच्चालाई सहयोग गर्ने रणनीतिहरू, सहयोगहरू, र सामाजिक संवेगात्मक उपकरणहरू समेट्छ। यो प्रस्तुतिको जोड दूरवर्ती र सम्मिश्रित परिवेशमा बच्चाको/किशोरको सिकाइमा सहयोग गर्न बुबाआमाहरूलाई उपयोगी जानकारी दिनु रहेको छ।

| **अपाङ्गता भएका विद्यार्थीहरूको लागि सामाजिक संवेगात्मक सिकाइ सहयोगहरू/504 योजनाहरू** | | |
|---|---|---|
| **दूरवर्ती** | **सम्मिश्रित** | **व्यक्ति स्वयम उपस्थित भई गरिने** |
| • व्यवहारगत कर्मचारीहरूमार्फत दूरवर्ती रूपमा प्रदान गरिने एकनासको बुबाआमा सञ्चार<br>• कार्यालय समयको लागि उपलब्ध हुने कर्मचारीहरू<br>• स्व-सचेतना, स्व-व्यवस्थापन, सामाजिक सचेतना, सम्बन्ध सीपहरू, र उत्तरदायी निर्णय-प्रक्रिया समाहित गरेर दूरवर्ती रूपमा सामाजिक सीप समूहहरू प्रदान गरिनुपर्ने<br>• गुगल कक्षाकोठामा पोस्ट गरिएका SEL क्रियाकलापहरू<br>• IEP ग्रिडहरूअनुरूपका सेवाहरू दूरवर्ती अवसरहरूमार्फत प्रदान गरिनेछ<br>• विविध विधिहरूमार्फत आन्तरिक र बाह्य सेवा प्रदायकहरूसँग निरन्तर सहकार्य | • बुबाआमासँगको निरन्तर सोधखोज/व्यवहारगत कर्मचारीहरूसँग दूरवर्ती रूपमा प्रदान गरिने कुराकानी<br>• कार्यालय समयको लागि उपलब्ध हुने कर्मचारीहरू<br>• स्व-सचेतना, स्व-व्यवस्थापन, सामाजिक सचेतना, सम्बन्ध सीपहरू, र उत्तरदायी निर्णय-प्रक्रिया समाहित गरेर दूरवर्ती र व्यक्ति स्वयम उपस्थित हुने सामाजिक सीप समूहहरूको संयोजन<br>• व्यक्ति स्वयम उपस्थित भई तथा गुगल कक्षाकोठामा पोस्ट गरिएका क्रियाकलापहरूमार्फत पूरा गरिनुपर्ने SEL क्रियाकलापहरू<br>• IEP ग्रिडहरूअनुरूपका सेवाहरू दूरवर्ती र व्यक्ति स्वयम उपस्थित हुने अवसरहरूमार्फत प्रदान गरिनेछ<br>• विविध विधिहरूमार्फत आन्तरिक र बाह्य सेवा प्रदायकहरूसँग निरन्तर सहकार्य | • बुबाआमासँगको निरन्तर सोधखोज/व्यवहारगत कर्मचारीहरूसँग दूरवर्ती रूपमा प्रदान गरिने कुराकानी<br>• कार्यालय समयको लागि उपलब्ध हुने कर्मचारीहरू<br>• स्व-सचेतना, स्व-व्यवस्थापन, सामाजिक सचेतना, सम्बन्ध सीपहरू, र उत्तरदायी निर्णय-प्रक्रिया समाहित गरेर व्यक्ति स्वयम उपस्थित हुने सामाजिक सीप समूहहरू<br>• SEL आवश्यकताहरू र व्यक्ति स्वयम उपस्थित भई गरिने सिकाइमा समाहित गरिएका क्रियाकलापहरू<br>• व्यक्ति स्वयम उपस्थित भई प्रदान गरिने IEP ग्रिड अनुरूपका सेवाहरू<br>• विविध विधिहरूमार्फत आन्तरिक र बाह्य सेवा प्रदायकहरूसँग निरन्तर सहकार्य |

## परिवार/हेरचाहकर्ता सहयोगहरू

प्रत्येक विद्यालसँग तोकिएका विद्यालय समायोजन परामर्शकर्ता/हरू (SAC) र विद्यालय मनोविद रहेका छन्। अतिरिक्त रूपमा, मध्य र उच्च विद्यालयहरूसँग मार्गनिर्देशन परामर्शकर्ताहरू रहेका छन् र धेरै विद्यालयहरूमा र्यापअराउण्ड समन्वयकर्ताहरू रहेका छन्। यदि तपाईलाई कर्मचारीहरूको सम्पर्क जानकारी चाहिन्छ भने कृपया आफ्नो बच्चाको विद्यालय प्रशासकहरूसँग सम्पर्क गर्नुहोला।

WPS वेबसाइटले परिवारहरू र हेरचाहकर्ताहरूको लागि विविध सहयोगहरू उपलब्ध गराउँछ। कृपया विशेष शिक्षा परिवार/हेरचाहकर्ता विस्तारित सिकाइ वेबसाइट मा जानुहोस्। यसमा प्राज्ञिक, सामाजिक संवेगात्मक र व्यवहारगत जानकारी, अटिजम र संगीत थेरापीलगायतका विषयसम्बन्धी विविध स्रोतहरू समावेश गरिएका छन्।

- प्राज्ञिक स्रोतहरू
- अटिजम
- व्यवहारगत/सामाजिक संवेगात्मक स्रोतहरू
- अतिरिक्त स्रोतहरू

### परिवारहरूको लागि डिजिटल सिकाइ र IT सपोर्ट/तालिम

सन् 2019 को शरद ऋतुको एक सर्वेक्षणले 60% परिवारहरूले बच्चाको गृहकार्यमा सहयोग गर्न सक्षम हुनको लागि उनीहरूका बच्चाहरूले विद्यालयमा प्रयोग गर्ने डिजिटल टुल र एपहरूको बारेमा थप कुरा जान्न चाहेको कुरा इङ्गित गर्यो। हामीले परिवारहरूलाई दिँदै आएको सहयोगलाई विस्तार गर्दै छौं र अझ व्यवस्थित र अझ प्रयोगकर्तामैत्री अद्यावधिक प्रविधि स्रोत केन्द्र सृजना गर्नको लागि कर्मचारीहरू, परिवारहरू, विद्यार्थीहरू, र समुदाय संगठनहरूसँग मिलेर काम गरिरहेका छौं। यो केन्द्र बहुभाषामा हुनेछ। यस अलावा, हामीले जिल्लाव्यापी परिवार प्रविधि लाइभ वेबिनारहरूको समयतालिका पनि तयार गर्दै हुनेछौं।

- WPS हेरचाहकर्ता प्रविधि प्रतिष्ठान;
- समयतालिका मिलाइएको लाइभ परिवार प्रविधि सहयोग वेबिनारहरू;
- सामुदायिक साझेदारहरूसँग समन्वय;
- नाभिगेट गर्न र लर्निङ एपहरूको बारेमा डिजिटल ड्रप-इन सपोर्ट;
- IT सपोर्ट: यदि तपाईंहरूले आफ्नो क्रोमबुकको हार्डवेयर समस्या भोगिरहनुभएको छ भने वा लगइन गर्नमा समस्या भोगिरहनुभएको छ भने, कृपया पासवर्ड रिसेट गर्न आफ्नो विद्यालयलाई सम्पर्क गर्नुहोस् वा सहयोगको लागि 508-799-3312 मा फोन गर्नुहोस्।

## अंग्रेजी भाषा शिक्षार्थीहरू

परिवारहरूका आवश्यकताहरू लेखाजोखा गर्नको लागि हामीले दूरवर्ती रूपमा हाम्रो अंग्रजी शिक्षार्थी बुबाआमा सल्लाहकार परिषद (ELPAC) सँग निरन्तर काम गर्ने उपाय निकाल्नेछौं।

हामीले निरन्तर भिडियोहरू बनाउँदै सामाजिक सञ्जाल प्लाटफर्महरूमा पोस्ट गर्दै जानेछौं र प्रिन्सिपलहरू र ESL/DL/TBE शिक्षकहरूसँग पनि आदानप्रदान गर्नेछौः उल्लेखित भिडियोहरूमा निम्न कुराहरू समावेश छन्:

- घरैमा विद्यालय दैनिक तालिका
- प्राकृतिक शिक्षकहरूको रूपमा बुबाआमाहरू
- गृहकार्य
- द्वीभाषी हुँदाको महाशक्ति

हामीले प्रविधि साक्षरता र घरबाट सिकाइमा सहयोग गर्ने सम्बन्धी विषयहरू समेट्ने वेबिनारहरू पनि योजना गरिरहेका छौं। विचार गरिएका विषयहरू निम्नलगायतका छन्:

- पढाइको रोमाञ्च: दुई भाषामा पढ्ने कार्यप्रतिको प्रेमलाई कसरी प्रवर्धन गर्ने।
- दुई भाषामा पढ्ने कार्यप्रतिको प्रेम विकास गर्ने।
- भावात्मक र प्रभावकारी सञ्चार – अध्ययन सीपहरू सिकाउँदै आफ्नो बच्चासँग नजिकिनुहोस्।
- प्रभावकारी सञ्चार र परिवारको रूपमा बाँधिने: अध्ययन बानीमार्फत आफ्नो बच्चासँग सह-सम्बन्धित हुने।
- गृह भाषाको लाभ उठाउने।
- जुम र गुगल मिट 101।
- गुगल इमेल सेटअप गर्ने।
- भर्चुअल सिकाइ प्लाट्फर्महरू (गुगल कक्षाकोठाहरू, क्लेभर र एपहरू) को बारेमा बुझ्ने।

अद्यावधिक जानकारी उपलब्ध गराउन र स्रोतहरू आदानप्रदान गर्नको लागि हामीले भर्चुअल तवरमा आप्रवासी परिवारहरूसँग काम गर्ने सामुदायिक संगठनहरूसँग निरन्तर काम गरिरहनेछौं।

WPS ले सबै कर्मचारीहरूलाई बहुभाषी सञ्चारको लागि लेङ्ग्वेज लाइनमा पहुँच प्रदान गर्नेछ। यस अलावा, EL परिवारहरूको लागि सामन्य जिज्ञासाहरू वा सरोकारहरूसित फोन गर्नको लागि एक हेल्प लाइन पनि स्थापित गरिनेछ।

## परिवारहरू र बुबाआमा कार्यशाला गोष्ठीहरूको लागि विशेष शिक्षा विभागका सहयोगहरू:

- विशेष शिक्षा नेतृत्व टोलीले हाम्रा परिवारहरूलाई सहयोग गर्नको लागि हाम्रो विशेष शिक्षा बुबाआमा सल्लाहकार परिषद (SPED PAC) सँग दूरवर्ती रूपमा निरन्तर साझेदारी गरिरहनेछ;
- डिस्लेक्सिया लगायत भाषामा आधारित अपाङ्गता भएका विद्यार्थीहरूका लागि प्रत्यक्ष तालिमहरूमा निरन्तर जोड;
- कार्यक्रमको सम्बन्धमा वस्तुनिष्ठ निर्णय गर्नको लागि विद्यार्थी प्रगति अनुगमन गर्न र तथ्यांक पुनरावलोकन गर्न जिल्ला BCBAs ले निरन्तर रूपमा बुबाआमाहरू र सेवा

प्रदायकहरूसँग विशेष समूह बैठकहरू उपलब्ध गराउनेछ। विशेष समूह बैठकहरू कम्तीमा पनि त्रैमासिक रूपमा उपलब्ध गराइनेछ, र BCBA को तजबीजमा वा बुबाआमाहरूको अनुरोधमा अलि बारम्बार पनि उपलब्ध गराइनेछ;

- जिल्ला SPED व्यवहारगत विशेषज्ञहरू र BCBAs ले निरन्तर रूपमा समकालिक र गैर-समकालिक तवरमा विशिष्टीकृत बुबाआमा कार्यशाला गोष्ठीहरू उपलब्ध गराइरहनेछ। विशिष्टीकृत कार्यशाला गोष्ठीहरूमा निम्न गोष्ठीहरू पर्दछन्:

  *आघातको जोखिम भएको बच्चा वा किशोरको लागि हेरचाह:* यो कार्यशाला गोष्ठीको उद्देश्य भनेको आघात लागेको बच्चालाई हेरचाह गर्दा चुनौतीहरू निम्त्याउने अन्तर्निहित तत्वहरूको बारेमा हेरचाहकर्ताको बुझाइ अभिवृद्धि गर्नु हो। विशिष्ट रणनीतिहरूले आघात लागेको बालबालिका/किशोरहरूको आवश्यकताहरू र सामाजिक-संवेगात्मक सिकाइ क्षमताहरूलाई सम्बोधन गर्नमा जोड दिन्छन्।

  *आकस्मिक शिक्षण:* यो प्रस्तुतिले घरमा एक औसत दिनमा कसरी आफ्नो बच्चासँग शिक्षणयोग्य क्षणहरू सृजना गर्ने र ती क्षणहरूबाट फाइदा लिने भन्ने कुरा समेट्छ। यसमा खेल र सामाजिक अवसरहरूमा जोड दिइन्छ। घरमा आकस्मिक शिक्षणसम्बन्धी सरोकारहरूको बारेमा बुबाआमाहरूले गर्नुभएका प्रश्नहरूलाई विशेष जोड दिइनेछ।

  *दूरवर्ती प्राज्ञिक संलग्नता:* यो प्रस्तुतिले दूरवर्ती सिकाइको समयमा तपाईंको बच्चालाई सहयोग गर्ने रणनीतिहरू, सहयोगहरू, र सामाजिक संवेगात्मक उपकरणहरू समेट्छ। यो प्रस्तुतिको जोड दूरवर्ती र सम्मिश्रित परिवेशमा बच्चाको/किशोरको सिकाइमा सहयोग गर्न बुबाआमाहरूलाई उपयोगी जानकारी दिनु रहेको छ।

## समुदाय तथा पश्चविद्यालय सहयोगहरू

यो शरद ऋतुमा हामी विद्यालयमा फर्कँदा पश्चविद्यालय कार्यक्रमहरू सीमित रूपमा मात्र उपलब्ध गराइनेछ। सम्मिश्रित वा पूर्ण रूपमा दूरवर्ती मोडलको लागि योजना गरिएका सेवाहरू निम्नलगायत छन्:

- बर्नकोट मिडल स्कूल र भेर्नोन हिल एलिमेन्ट्रीको लागि 21 औं शताब्दी;
- जोखिममा रहेका मध्य र उच्च विद्यालयका विद्यार्थीहरूको लागि DESE शनिबार र विद्यालय छुट्टी कार्यक्रम;
- विद्यालय पश्चात माध्यमिक (मध्य र उच्च विद्यालय।) थप सहयोग सत्रहरू;
- सामुदायिक निकायहरूमार्फत पश्चविद्यालय परामर्श रिफरलहरू; र
- माध्यमिक स्थानहरू र विद्यालयहरूमा शाइन इनिशिएटिभ माइन्डम्याट्टर्स टोलीहरू।

ग्रेड-ग्रेडमा विद्यार्थीहरूलाई अवसरहरू उपलब्ध गराउनको लागि WPS ले हाल स्थानीय साँस्कृतिक संस्थाहरूसँग योजना बनाइरहेको छ। आउँदा हप्ताहरूमा थप जानकारी उपलब्ध गराइनेछ।

## सञ्चार

अबको वर्षमा, हामीले साझा उद्देश्यपनको विकास गर्दै, दरिलो सम्बन्ध निर्माण गर्दै र एकअर्कालाई सहयोग गर्न र साथमा चुनौतीहरूको प्रतिकार्य गर्न हामीले प्रयोग गर्ने सामाजिक संवेगात्मक सीपहरू सुदृढ गर्दै एकअर्काको ख्याल गर्नु महत्वपूर्ण छ। सामूहिक हेरचाहको अवधारणाले स्व-हेरचाह अभ्यासहरूलाई समेट्छ र यो भन्दा अघि गएर एकअर्काको लागि सक्रिय सहानुभूति प्रदान गर्न आग्रह गर्दछ।

वर्सेस्टर पब्लिक स्कूल्स (WPS) ले विद्यार्थीहरू, बुबाआमाहरू/अभिभावकहरू, कर्मचारीहरू र सामुदायिक सदस्यहरूसँग इमेल, कनेक्ट ED फोन मेसेजहरू, फोन कलहरूs, WPS वेबसाइट worcesterschools.org, मेल र सामाजिक सञ्जालमा गरिएका पोस्टहरूमार्फत निरन्तर कुराकानी गरिरहनेछ।

WPS ले सबै आधारभूत दस्तावेजहरूलाई निरन्तर रूपमा निम्न सात भाषाहरूमा अनुवाद गर्नेछ: स्पेनी, पोर्तुगाली, ट्वी, नेपाली, अल्बानियन, अरबी, र भियतनामी। WPS ले जिल्ला सामुदायिक मञ्चहरू र विद्यालय समारोहहरूको लागि यी भाषाहरूमा दोभाषे सेवाहरू निरन्तर उपलब्ध गराइरहनेछ। WPS ले अतिरिक्त भाषाहरूको लागि *लेङ्ग्वेजलाइन* प्रयोग गरेर अनुवाद सेवाहरू उपलब्ध गराउँछ।

कर्मचारीहरू, विद्यार्थीहरू, परिवारहरू र समुदाय सदस्यहरूबाट आउने कोभिड-19 सँग सम्बन्धित प्रश्नहरूको लागि WPS सँग एउटा डेडिकेटेड इमेल ठेगाना covid19@worcesterschools.net रहेको छ।

## पाठ्यक्रम

WPS का कर्मचारीहरूले पूर्ण रूपमा पाठ्यक्रम, अध्यापन विधि र प्रविधि समाहित गर्ने पाठहरूको योजना र सृजना गर्नको लागि MA विषयवस्तु र अभ्यास मापदण्डहरू, WPS अनलाइन पाठ्यक्रम प्लाट्फर्म (Atlas), र गुगल कक्षाकोठामा साझा गरिएका स्रोतहरू, सामग्रीहरू, र निर्देशक दस्तावेजहरूको प्रयोग गर्नेछन्। ड्रप-इन समयहरू, व्यावसायिक सिकाइ समुदायहरू, र लक्षित कार्यशाला गोष्ठीहरू, वेबिनारहरू र तालिमहरूको अवधिमा जिल्ला पाठ्यक्रम सम्पर्क व्यक्तिहरू, विषयवस्तु प्रशिक्षकहरू, प्रविधि प्रशिक्षकहरू पाठ्यक्रम र प्रविधि सहयोगको लागि उपलब्ध हुनेछन्।

दूरवर्ती सिकाइतर्फ स्थानान्तरण भएको हुँदा र विद्यार्थीहरूसँगको आमनेसामने समय न्यून भएको हुँदा, केही ग्रेड तहका विषयवस्तु मापदण्डहरूको क्रमबद्धतामा असर पुगेको छ। शिक्षकहरूले चालु ग्रेड तहका मापदण्डहरूबाट कार्य सुरु गर्नेछन्। मूल्यांकन तथ्यांकको आधारमा आवश्यकता अनुरूप शिक्षणलाई बहुविधियुक्त (scaffolded) गरिन्छ।

WPS निम्नलगायतका सिकाइ अनुभवका धेरै मोडलहरूप्रति प्रतिबद्ध छ:

- **विद्यार्थीको छनोट/विद्यार्थी निकायलाई सहयोग गर्ने।** विद्यार्थीहरूको लागि पाठहरू र क्रियाकलापहरूको प्रारूप तयार गर्ने, उदाहरणको लागि, विकल्पहरूको मेनु, छनोट गर्नको लागि विविध

सामग्रीहरू र स्रोतहरू, विभिन्न लम्बाइका क्रियाकलापहरू, र सिकाइको लागि विश्वव्यापी प्रारूपलगायत विभिन्न सिकाइ शैलीहरू र मोडालिटीहरूको प्रयोग गर्ने।

- **विविधीकरण गर्ने**. सह-शिक्षण र समावेशी मोडेलहरू लगायत विद्यार्थीहरूले केही न केही रूपमा सहभागिता गर्ने कुरा सुनिश्चित गर्नको लागि पाठहरू र क्रियाकलापहरूमा एकनास र निरन्तर रूपमा प्रक्रिया, उत्पादन, रफ्तार, र स्रोतहरूलाई ध्यान दिने।
- **संलग्नतामार्फत सिकाइमा अझ गहिरो डुबुल्की मार्ने कुरामा जोड दिने।** नयाँ तरिकाले विद्यार्थीहरूलाई चुनौती दिने। हामीले सँधै चाहेको त्यो कुरा प्रयास गर्नलाई यो उपयुक्त समय हो जसले विद्यार्थीहरूलाई उत्साहित गर्नेछ र सिकाइमा खुशी ल्याउनेछ भन्ने कुरा हामीलाई थाहा छ।
- **सहकार्य गर्ने।** विद्यार्थीहरूलाई सहयोग गर्न थुप्रै स्रोतहरू उपलब्ध गराउने।
- **कुराकानी गर्ने, कुराकानी गर्ने, कुराकानी गर्ने।** विद्यार्थीहरू र परिवारहरूसँग - इमेल, गुगल डक्स, गुगल कक्षाकोठा, जिल्ला सन्देशहरू र एपहरूलगायतका माध्यमबाट।
- **विद्यार्थी पृष्ठपोषण।** विद्यार्थीहरू र परिवारहरूसँगको कुराकानीमा विद्यार्थी सिकाइको बारेमा समयमै गरिएको र कार्य-केन्द्रित पृष्ठपोषण समावेश भएको हुन्छ।

# शिक्षण

## उच्च गुणस्तरीय शिक्षण र सिकाइ

उच्च गुणस्तरीय शिक्षण र सिकाइ विषयवस्तुले भरिपूर्ण, विद्यार्थी केन्द्रित र मापनीय छ र यो प्रि केदेखि – 12 सम्मका सबै विद्यार्थीहरूको लागि उच्च अपेक्षा राख्ने संस्कृतिमा विद्यमान हुन्छ। उच्च गुणस्तरीय शिक्षण तथा सिकाइ कक्षाकोठाहरू विद्यार्थीहरूको आवश्यकता, रुचि, सबलता, क्षमता, योगदानको तरिका, सामाजिक/सांस्कृतिक पृष्ठभूमिप्रति संवेदनशील हुन्छन् र यी कक्षाकोठाहरूले तीन वटा आधारभूत तत्वहरूलाई सम्बोधन गर्छन: कक्षाकोठाहरूको व्यवस्थापन, शिक्षण प्रारूप तथा कार्य प्रदर्शन र विद्यार्थीद्वारा सिकाइको अपनत्वग्रहण।

विद्यार्थी सिकाइ र सफलतालाई अधिकतम गराउन प्रत्येक अत्यावश्यक तत्वको लागि शिक्षकहरू, विद्यार्थीहरू र परिवारहरूले साझेदारी गर्छन्

## सिकाइ वातावरणको व्यवस्था

| शिक्षकहरू | विद्यार्थीहरू | परिवारहरू |
|---|---|---|
| प्रत्येक कक्षामा समुदायपन स्थापित गर्ने र विकसित गर्ने<br>● विद्यार्थीहरू र कर्मचारीहरूलाई सम्बन्ध निर्माण गर्ने अवसरहरू प्रदान गर्ने<br>● विद्यार्थीहरूलाई नियमित रूपमा एकअर्कासँग अन्तर्क्रिया गर्ने अवसरहरू प्रदान गर्ने<br>● विद्यार्थीहरूलाई आफ्नो सिकाइ, अनुभवहरू, भावनाहरू र आवश्यकताहरू सुनाउने अवसरहरू प्रदान गर्ने<br>● परिवारहरू/हेरचाहकर्ताहरूसँग दोहोरो कुराकानीमा संलग्न हुने (परिवारहरूको मातृभाषाहरूमा कुराकानी गर्न लेङ्ग्वेज लाइन र अन्य जिल्ला स्रोतहरू प्रयोग गरेर)<br><br>भर्चुअल वातावरणमा स्पष्टसँग पाठको उद्देश्य र कार्यसम्पादन अपेक्षाहरूको बारेमा कुराकानी गर्ने<br>● कक्षा समयअगावै एसाइन्मेन्ट पोस्ट गर्ने<br>● विद्यार्थीहरूलाई सुव्यवस्थितपन उपकरणहरू, भिजुअल सपोर्ट, र आवासहरू प्रयोग गर्न सिकाउने<br><br>उच्च विद्यार्थी संलग्नता सुनिश्चित गर्नको लागि विविध शैलीहरू सम्बोधन गर्ने सिकाइ अवसरहरूको योजना गर्ने<br><br>विविध आकर्षक, उच्च रुचि जगाउने, सान्दर्भिक सिकाइ क्रियाकलापहरू उपलब्ध गराउने | सबै कक्षाहरूमा समयमा पुग्ने र भर्चुअल कक्षा सत्रहरूमा सक्रिय सहभागिता जनाउने<br>● सम्भव भएको बेला भिडियो टर्न अन गर्ने<br>● ध्यान दिने<br>● छलफलहरू र च्याटहरू थप गर्ने<br>● साथीहरूका प्रश्नहरूको जबाफ दिने<br>● सिकाइ, अनुभवहरू, भावनाहरू र आवश्यकताहरू सुनाउने<br><br>दिनभरको सिकाइ प्रतिफलहरू र सिकाइ उद्देश्यको बारेमा सचेत हुने र दिइएका कार्यहरू पूरा गर्ने<br>● सिकाइमा सहयोग गर्न प्रविधि प्रयोग गर्ने<br>● समय र एसाइनमेन्टहरू व्यवस्थापन गर्ने गुगल क्यालेण्डर, एजेन्डा पुस्तिका/प्लानर, आदि जस्ता सुव्यवस्थितपन उपकरणहरू प्रयोग गर्ने<br>● शिक्षकहरू र विद्यालय कर्मचारीहरूलाई आवश्यक सहयोग माग्ने, प्रश्नहरू सोध्ने र आफुलाई आवश्यकताहरू आइपरे तिनीहरूको बारेमा बताउने<br>● साना र ठूला समूहहरूमा काम गर्ने, र धेरै तरिकाहरूमा विचारहरू/सिकाइ आदानप्रदान गर्ने | समयतालिका पुनरावलोकन गर्ने, शिक्षकहरूलाई भेट्ने र सहभागिताको मान्यता र अपेक्षाहरूलाई सुदृढ गर्ने<br><br>साप्ताहिक समयतालिका पुनरावलोकन गर्ने र सहभागिता र गर्नुपर्ने कार्यहरूको बारेमा मार्गनिर्देशन प्रदान र स्मरण गराउने<br><br>सजिलै पहुँच प्राप्त हुने गरी सामग्रीहरू र समयतालिका सहित सिकाइ क्षेत्र तयार गर्ने<br><br>जिल्लाको प्रविधि तालिममा पहुँच प्राप्त गर्ने र आफ्नो बच्चासँग नयाँ प्रविधि उपकरणको बारेमा सिक्ने प्रयास गर्ने<br>नियमित रूपमा आफ्नो बच्चासँग उनीहरूले के सिके भन्ने बारेमा कुरा गर्ने<br><br>आफनो मातृभाषामा जानकारी प्रदान गर्नको लागि चाहिने सहयोगहरू र उपकरणहरूमा पहुँच प्राप्त गर्न नियमित रूपमा आफ्नो विद्यालयसँग कुराकानीमा संलग्न हुने |

## शिक्षण प्रारूप र प्रवाह

| शिक्षकहरू | विद्यार्थीहरू | परिवारहरू |
|---|---|---|
| प्रत्यक्ष शिक्षण प्रदान गर्दा र विद्यार्थीहरूको स्वतन्त्र कार्यको लागि योजना गर्दा समयलाई | जिम्मा लगाइएका सबै काम समयमै पूरा गर्ने र गुगल कक्षाकोठा र सिस (SeeSaw) मा पोस्ट गर्ने। | कामहरूमा समय अनुमगन गर्ने, विश्राम प्रदान गर्ने र आवश्यकता |

| | | |
|---|---|---|
| प्रभावकारी ढंगबाट प्रयोग गर्ने<br><br>सबै विद्यार्थीहरूको सिकाइ आवश्यकताहरू पहिचान गर्न र कसरी सर्वोत्तम तरिकाले उनीहरूको आवश्यकतालाई पूरा गर्ने भन्ने कुरा निर्धारण गर्न अनौपचारिक र औपचारिक मूल्यांकनहरू/अवलोकनहरू प्रयोग गर्ने<br><br>● निरन्तर र एकनास तवरले विद्यार्थीहरूको मूल्यांकन गर्ने र मूल्यांकन नतिजाहरूलाई विद्यार्थीहरू र परिवारहरूलाई प्रदान गर्ने। (STAR, एडसाइट)<br><br>● विद्यार्थीहरूले पूरा गरेका कामहरूमा पृष्ठपोषण प्रदान गर्ने | सबै मूल्यांकनहरूमा सहभागी हुने र सुधारका लक्ष्यहरू सृजना गर्ने<br><br>मूल्यांकनहरूका प्राप्तांकहरूलाई पुनरावलोकन गर्ने र सुधारका लक्ष्यहरू निश्चित गर्ने<br><br>समयमै एसाइन्मेन्टहरू पेश गर्ने र ग्रेडहरूको बारेमा र शिक्षकहरूबाट प्राप्त पृष्ठपोषणको बारेमा गहन चिन्तन गर्ने | परेबमोजिम स्मरण गराउने<br><br>शिक्षकहरूले उपलब्ध गराएका सबै मूल्यांकन नतिजाहरूको पुनरावलोकन गर्ने र विद्यार्थीहरूसँग छलफल गर्ने<br><br>एसाइन्मेन्टहरूमा शिक्षकहरूद्वारा दिइएका पृष्ठपोषणहरूलाई नियमित रूपमा पुनरावलोकन गर्ने र विद्यालय कार्यहरूमा सामयिक रहन विद्यार्थीहरूलाई सहयोग गर्ने। |

## विद्यार्थीद्वारा सिकाइको अपनत्वग्रहण

| **शिक्षकहरू** | **विद्यार्थीहरू** | **परिवारहरू** |
|---|---|---|
| उपलब्धिहरूको खुशीयाली मनाउने अवसर प्रदान गर्ने र सो अवसरमा सहभागी हुन बुबाआमालाई आमन्त्रण गर्ने<br><br>विद्यार्थीको प्रगति धेरै माध्यमहरूबाट नियमित रूपमा अनुगमन गर्ने र विद्यार्थीहरूलाई उनीहरूको व्यक्तिगत प्रगति र लक्ष्यहरूको बारेमा नियमित रूपमा पृष्ठपोषण गर्ने<br><br>शैक्षिक सफलताको लगि व्यक्तिगत तथ्यांक र लक्ष्यहरू स्पष्ट रूपमा उल्लेख गर्ने<br><br>सोधखोज समयहरू, थप सहायता सत्रहरू, र अन्य विद्यालय र समुदाय सहायता अवसरहरूको लागि विद्यार्थीहरूलाई नियमित रूपमा स्मरण गराउने | उनीहरूलाई कुनै पनि प्रकारको सहायता आवश्यक परेमा शिक्षकको सोधखोज समयहरू र थप सहायता सत्रहरूको प्रयोग गर्ने<br><br>प्राज्ञिक, सामाजिक र अन्य आवश्यकताहरूको बारेमा वकालत गर्नेको लागि मार्गनिर्देशन परामर्शकर्ताहरू, समायोजन परामर्शकर्ताहरू, व्यवहारगत विशेषज्ञहरू र र्यापअराउण्ड समन्वयकर्ताहरू र अन्य सहायक कर्मचारीहरूलाई सम्पर्क गर्ने<br><br>कार्य समापन र प्रगतिको अद्यावधिक विवरण राख्ने | आफ्नो बच्चा भावविह्वल परिस्थितिमा हुँदा विद्यालय कर्मचारीसँग कुरा गर्ने र कर्मचारीहरूबाट सहयोग प्राप्त गर्ने<br><br>विद्यार्थीहरू सहभागी हुने कुरा सुनिश्चत गर्न सहायक कर्मचारी समयहरू र बैठक समयहरूको सूची राख्ने<br><br>भर्चुअल कक्षाकोठा खुशीयाली समारोहहरूमा सहभागी हुने<br><br>आफ्नो बच्चाले मनासिब प्रगति गरिरहेको छ भन्ने कुरा सुनिश्चित गर्नको लागि विद्यालय कर्मचारीहरूसँग विद्यार्थीको प्रगतिको पुनरावलोकन गर्नुहोस् |

## प्रिन्सिपल र शिक्षक अपेक्षाहरू

उच्च गुणस्तरीय शिक्षण तथा सिकाइ सुनिश्चित गर्नको लागि प्रिन्सिपलहरू र शिक्षकहरूले निम्नलिखित उत्तरदायित्वहरू बहन गर्दछन्:

| प्रिन्सिपलहरूले… | शिक्षकहरूले… |
| --- | --- |
| • दूरवर्ती सिकाइ दिनहरूमा दैनिक सोधखोज र सहयोग सत्रहरूमा विद्यार्थीहरूलाई सहयोग उपलब्ध गर्न र अनुगमन गर्नको लागि कर्मचारी तोक्नेछन्<br>• दूरवर्ती सिकाइ दिनहरूमा विद्यार्थीहरूको हाजिरी अनुगमन गर्नेछन् र राम्रो हाजिरी कायम गर्नको लागि परिवारहरूलाई सहयोग गर्नेछन्<br>• परिवार सहयोगहरू समन्वय गर्नेछन्<br>• कर्मचारीहरू र विद्यार्थीहरूको लागि सहयोग सेवाहरू समन्वय गर्नेछन्<br>• IEP लक्ष्यहरू र उद्देश्यहरूलाई निष्ठापूर्वक कार्यान्वयन गरिँदैछ भनी भरोसा दिलाउनेछन्<br>• सबै भिडियो पाठहरू, कार्यहरू, र एसाइन्मेन्टहरू पोस्ट गरिने तथा तिनीहरू विद्यार्थीहरूले प्रयोग गर्नको लागि तयारी अवस्थामा हुने कुरा सुनिश्चित गर्न गुगल कक्षाकोठा अनुगमन गर्नेछन्।<br>• विद्यार्थीहरू दूरवर्ती सिकाइमा वा अनलाइन सिकाइ कार्यक्रमहरू (अर्थात, लेक्सिया, ST गणित, ALEKS) मा हुँदा उनीहरूको लग-इन र प्रगति अनुगमन गर्नेछन्<br>• कर्मचारी बैठकहरू र व्यावसायिक सिकाइ समुदायहरूलाई सहयोग/सहजीकरण गर्नेछन् | • हाजिरीको दुरुस्त अभिलेख राख्नेछन, विद्यार्थीहरूको हाजिरी अनुगमन गर्नेछन, र विद्यार्थी हाजिरीको बारेमा भएका सरोकारहरू रिपोर्ट गर्नेछन्।<br>• विद्यार्थीहरूको लागि हरेक दिन पहुँच हुने गरी एक सुव्यवस्थित गुगल कक्षाकोठा वा सिस (SeeSaw) (ग्रेड तहअनुसार) सृजना गर्नेछन्; हरेक दूरवर्ती सिकाइ दिनमा ELA, गणित, वा विज्ञानमा जोड दिइनेछ<br>• समकालिक समयको दौरान विद्यार्थीहरूले पूरा गर्नुपर्ने भिडियो पाठहरू, कार्यहरू, र एसाइन्मेन्टहरू पोस्ट गर्नेछन्<br>• हरेक विषयवस्तुको क्षेत्रमा मापदण्डहरूअनुरूपका छोटो पाठहरू तयार गर्नेछन्<br>• जिम्मा दिइएका कामहरू विशेष शिक्षा र ELL योजनाहरू अनुरूप हुने कुरा सुनिश्चित गर्नेछन्, र दूरवर्ती रूपमा पाठहरू योजना गर्न र कार्यान्वयन गर्नको लागि विशेष शिक्षा र ELL शिक्षकहरूसँग सहकार्य गर्नेछन्<br>• विद्यार्थीहरूको IEPs अनुरूप विशेष रूपमा प्रारूप तयार पारिएको शिक्षण प्रदान गर्नेछन्<br>• अपाङ्गता भएका विद्यार्थीहरूको लक्ष्य हासिलप्रतिको प्रगति अभिलेख गर्नको लागि IEP प्रगति प्रतिवेदन पूरा गर्नेछन्<br>• दूरवर्ती सिकाइको दौरान विद्यार्थीहरूलाई अपेक्षित दैनिक तालिका/समयतालिका उपलब्ध गराउनेछन्। कार्यहरूमा दिइने समय विद्यार्थीहरूको उमेर सुहाउँदो र उपकरणहरूमा सुझाव गरिएको समय अनुरूपको हुनुपर्छ<br>• अनलाइन सिकाइ कार्यक्रमहरू (अर्थात, लेक्सिया, ST गणित, ALEKS) मा विद्यार्थीहरूको लग-इन र प्रगति अनुगमन गर्नेछन्<br>• विद्यार्थीहरूलाई प्रभावकारी रूपमा ग्रेडिङ् गर्नको लागि कार्य समापन, अनलाइन सिकाइ, र पूरा भएका परियोजनाहरूको दुरुस्त अभिलेख राख्नेछन्<br><br>**अग्रिम स्थान निर्धारण शिक्षकहरूले….**<br>• कलेज बोर्डले सुझाव गरेको विषयक्षेत्र तथा क्रमबद्धता पालना |

| | |
|---|---|
| | गर्नेछन्<br>• सबै विद्यार्थीहरूले कलेज बोर्डले सुझाव गरेको अनलाइन AP कक्षाकोठा प्लाट्फर्म प्रयोग गरिरहेका छन् भन्ने कुरा सुनिश्चत गर्नेछन्<br>• प्लाट्फर्ममार्फत विद्यार्थीहरूको प्रगति अनुगमन गर्नेछन् र हेरचाहकर्ताहरूलाई विद्यार्थीहरूको प्रगति बताउनेछन्। |

## मूल्यांकन तथा हस्तक्षेप

मूल्यांकन भनेको वर्सेस्टर पब्लिक स्कूल्सको शिक्षण र सिकाइ चक्रको एक अति महत्वपूर्ण अंश हो। जिल्ला मूल्यांकन योजनाले जिल्लालाई विविध उद्देश्यहरूको लागि जानकारी संकलन गर्न अनुमति प्रदान गर्छ। राम्रोसँग प्रारूप तयार गरिएका र उपयुक्त तरिकाले प्रयोग गरिएका मूल्यांकनहरूले निम्नलिखित फाइदाहरू गराउँछ:

1. शिक्षकहरूले विद्यार्थीहरूको सबलता र कमजोरीहरूको बारेमा जानकारी प्राप्त गर्छन्
2. शिक्षकहरूले आफ्नो शिक्षणको प्रभावकारिता मूल्यांकन गर्न सक्छन्
3. विद्यार्थीहरूले आफ्नो सबलता र कमजोरीहरूको बारेमा जानकारी प्राप्त गर्छन्
4. शिक्षकहरू, बुबाआमाहरू/अभिभावकहरू, र विद्यार्थीहरूले थप सुझबुझका साथ निर्णयहरू गर्न गर्छन्
5. कार्यक्रमहरूलाई तिनीहरूले सिकाइमा पारेको प्रभावको लागि मूल्यांकन गर्न सकिन्छ
6. विद्यालयहरू र जिल्लाले प्राज्ञिक प्रगतिको बारेमा प्रतिवेदन गर्न सक्छन्

वर्सेस्टर पब्लिक स्कूल्स मूल्यांकन योजनामा विद्यार्थीहरूको आवश्यकताहरू पूरा गर्ने योजनाहरू र नीतिहरू सृजना गर्नको लागि विभिन्न तहका शिक्षकहरू र अन्य सरोकारवालाहरू (अर्थात, बुबाआमा/अभिभावकहरू, विद्यार्थीहरू, प्रशासकहरू) लाई आवश्यक पर्ने जानकारी उपलब्ध गराउन तयार गरिएका विविध मूल्यांकनहरू पर्दछन्।

कुनै पनि एउटा मूल्यांकनले सबै उद्देश्य पूरा गर्न सक्दैन, तसर्थ 2020-21 जिल्ला मूल्यांकन योजनालाई निम्नलिखित लक्ष्यका साथ विकसित गरिँदै छ:

1. वैध, भरपर्दो, र ग्रेड तह अनुरूप मिलाइएका मूल्यांकन उपकरणहरू र दूरवर्ती र सम्मिश्रित दुवै प्रकारका सिकाइ वातावरणहरूमा विषयवस्तु मापदण्डहरू प्रयोग गर्ने
2. रचनात्मक (formative), निदानात्मक (diagnostic), अन्तरिम/बेन्चमार्क, र योगात्मक (summative) मूल्यांकनको प्रयोगलाई सन्तुलित गर्ने
3. शिक्षकहरूलाई शिक्षण र हस्तक्षेपहरू समायोजन गर्न सहयोग गर्नको लागि 2020-21 विद्यालय वर्षमा प्रवेश गरेका विद्यार्थीहरूको ज्ञान, सीपहरू र स्वभावहरू सम्बन्धमा पर्याप्त जानकारी संकलन गर्ने
4. शिक्षकहरूलाई तथ्यांक प्रयोग गर्न र विविध सरोकारवालाहरूसँग कुराकानी गर्न सहयोग गर्नको लागि प्रयोगकर्तामैत्री तथ्यांक प्रतिवेदन र ड्यासबोर्डहरू उपलब्ध गराउने
5. सिकाइको समय बढाउने र “अति-जाँच” लाई हटाउने

## मूल्यांकन उपकरणहरू

सन् 2020-21 मा WPS ले प्रयोग गर्ने योजना गरेका स्थानीय मूल्यांकन उपकरणहरू निम्न छन्:

| मूल्यांकन | उद्देश्य | जनसंख्या |
|---|---|---|
| *जिल्ला विकसित साझा मूल्यांकनहरू* | *विषयवस्तु क्षेत्रहरूमा उपलब्ध हुन्छ र शिक्षक विकासको आधारमा विशिष्टीकृत हुन्छ* | *ग्रेड तहहरूमा उपलब्ध हुन्छ* |
| ALEKS | विद्यार्थीहरूको ग्रेड-तह गणित सीपहरूसम्बन्धी प्रवीणता मुल्यांकन गर्छ | ग्रेड 9-12 |
| प्रारम्भिक स्क्रीनिङ् जाँच इन्भेन्ट्री | विशेष शिक्षा सेवाहरू आवश्यकता पर्न सक्ने विद्यार्थीहरू पहिचान गर्छ | ग्रेड K |
| इनभिजन अनलाइन विषय मूल्यांकनहरू | विद्यार्थीहरूको ग्रेड-तह गणित सीपहरूसम्बन्धी प्रवीणता मुल्यांकन गर्छ | ग्रेड 3-6 |
| स्वतन्त्र पढाइ तह मूल्यांकनको लागि संरचना | विद्यार्थीको स्पेनी पढाइ तह मूल्यांकन गर्छ | ग्रेडहरू K-6, द्वीभाषी र TBE कार्यक्रमहरू |
| फाउन्टास तथा पिन्नेल बेन्चमार्क मूल्यांकन | विद्यार्थीको पढाइ तह मूल्यांकन गर्छ | ग्रेडहरू K-2 र आवश्यकताअनुसार उच्च ग्रेडहरूमा |
| स्वतन्त्र पढाइ तह मूल्यांकन ढाँचा | विद्यार्थीको अंग्रेजी पढाइ तह मूल्यांकन गर्छ | ग्रेड K-6, द्वीभाषी र TBE कार्यक्रमहरू |
| लेक्सिया | पढाइ सीप विकासमा विद्यार्थीको प्रगति मूल्यांकन गर्छ | ग्रेडहरू K-6 |
| पानोरामा | विद्यार्थीको आफ्नो बारेमा र सामाजिक संवेगात्मक क्षेत्रहरूसँग जोडिएको विद्यालय वातावरणको बारेमा बुझाइ वा धारणा मूल्यांकन गर्छ | ग्रेड 7-12 |

| | | |
|---|---|---|
| SRSD साझा मूल्यांकन | विद्यार्थीहरूको ग्रेड-तह लेखन सीपहरूसम्बन्धी प्रवीणता मुल्यांकन गर्छ | ग्रेड 3-12 |
| STAR प्रारम्भिक साक्षरता/STAR प्रारम्भिक साक्षरता स्पेनी | पढाइको तयारीका लागि विद्यार्थीको प्रारम्भिक साक्षरता सीपहरू मुल्यांकन गर्छ | ग्रेड K-1*<br>** यदि कुनै विद्यार्थीलाई पढ्न सक्ने संभाव्य व्यक्तिको रूपमा पहिचान गरिएमा, निजले अवस्थान्तरण गरी STAR पढाइमा जानेछन्।* |
| STAR पढाइ/STAR पढाइ स्पेनी | विद्यार्थीको पढ्ने सीपहरू र MCAS बेन्चमार्कतर्फको प्रगति मुल्यांकन गर्छ | ग्रेड 2-9 |
| STAR गणित/STAR गणित स्पेनी | विद्यार्थीको गणित सीपहरू र MCAS बेन्चमार्कतर्फको प्रगति मुल्यांकन गर्छ | ग्रेड 1-9 |
| ST गणित | विद्यार्थीको आधारभूत गणित विषयसम्बन्धी बुझाइ मुल्यांकन गर्छ | ग्रेडहरू K-6 |

## व्यावसायिक सिकाइ

WPS संकाय र कर्मचारीहरू अगस्ट 27, 2020- सेप्टेम्बर 14, 2020 सम्म विद्यालय वर्ष सुरु हुन्जेलसम्म बाह्र दिनको व्यावसायिक सिकाइ तथा विकास (PD) मा सहभागी हुनेछन्। यो समयमा, विश्वव्यापी महामारीसँग सम्बन्धी सुरक्षा अभ्यास तथा कार्यविधिहरू, प्रविधि, भर्चुअल पाठ योजना, सांस्कृतिक रूपमा उत्तरदायी सामाजिक-संवेगात्मक सहयोगहरू, र वर्तमान अवस्थाहरूको प्रसङ्गमा विद्यार्थीहरूको लागि आघातसम्बन्धी जानकार शिक्षण लगायतका अवसरहरू हुनेछन्।

शिक्षकहरूलाई हाम्रा सम्मिश्रित र दूरवर्ती सिकाइ योजनाहरूको लागि आवश्यक पर्ने अध्यापन विधि परिवर्तनको लागि अनुकूलन गर्नको लागि मद्दत गर्ने हेतुले व्यावसायिक सिकाइ प्रदान गरिनेछ। यस अलावा, विद्यार्थीहरूको बझाइ मूल्यांकन गर्न र आउँदो विद्यालय वर्षमा सिकाइ दरार पुरताल गर्नको लागि गत गृष्मकालीन अवधिमा विकसित गरिएका योजनाहरू आदानप्रदान गर्न पाठ्यक्रम नेतृत्वकर्ताहरूले कार्यटोलीहरू र विभागहरूसँग सहकार्य गर्नेछन्।

गृष्मकालीन र शरदकालीन अवधिभर WPS कर्मचारीहरूलाई विस्तारित व्यवसायिक सिकाइ अवसरहरू उपलब्ध गराइको छ र तिनलाई निरन्तर रूपमा उपलब्ध गराइनेछ। यी अवसरहरू शिक्षकहरूलाई उनीहरूले भर्चुअल पाठहरू तयार गर्दा, प्रविधि एकीकृत गर्दा, मजबुद भर्चुअल सिकाइ वातावरणको लागि प्रभावकारी रणनीतिहरू समाहित गर्दा, र दूरवर्ती रूपमा सकारात्मक सिकाइ समुदाय निर्माण गर्दा उपलब्ध गराइन्छ।

## <u>जारी कार्यशाला गोष्ठीहरूको लागि निम्न लगायतका प्राथमिकताहरू छन्:</u>

| | |
|---|---|
| विद्यार्थी सहयोग<br>● किन्डरगार्टेन डिस्लेक्सिया स्क्रीनिङ् जाँच<br><br>शिक्षक/केन्द्रित प्रशिक्षणात्मक प्रशिक्षक सहयोग<br>● प्रभावकारी भर्चुअल बैठकहरू तथा व्यावसायिक सिकाइ समुदायहरूलाई सहजीकरण गर्ने<br>● भर्चुअल वातावरणमा कक्षाकोठाको संस्कार तथा सम्बन्ध सृजना गर्ने<br>● मापदण्डहरू, संलग्नता तथा विद्यार्थी छनोटमा ध्यान केन्द्रित गरेर भर्चुअल पाठहरू योजना गर्ने<br><br>विषयवस्तु आधारित<br>● फाउन्टास तथा पिन्नेल कक्षाकोठा कार्यान्वयन तालिम<br>● प्रतिभावान पुस्ता विज्ञान प्लाटफर्म<br>● पाठ्यक्रम विषयवस्तु तथा अभ्यास मापदण्डहरू विषयक कार्यशाला गोष्ठीहरू<br>● विषयवस्तुमा आधारित विस्तृत भर्चुअल सिकाइ वेबिनारहरू/सेमिनारहरू<br>● ड्रप-इन समय लगायत पाठ्यक्रम सम्पर्क तथा प्रशिक्षक सहयोग<br>● ग्रेड-तह/विषयवस्तु विशेष कार्यशाला गोष्ठीहरू र योजना सत्रहरू<br>● अग्रिम स्थान निर्धारण योजना तथा शिक्षण<br>● AVID कार्यक्रम संरचना तथा सम्बन्धहरू | प्रविधि एकीकरण<br>● सिकाइका सबै मोडलहरूको लागि प्रविधि र अध्यापन विधिको प्रभावकारी प्रयोग<br>● विशिष्ट प्रविधि उपकरण/एपहरूमा केन्द्रित कार्यशाला गोष्ठीहरू<br>● प्रविधि एकीकरणको लागि नेतृत्व<br><br>बहुभाषी शिक्षार्थीहरू<br>● अंग्रेजी शिक्षार्थीहरू प्राज्ञिक साक्षरता तथा विचार<br>● घरबाट मौखिक भाषा विकास गर्ने<br>● घरबाट सांस्कृतिक रूपमा उत्तरदायी सिकाइ: म बारेको म्युजियम<br>● इमाजिन लर्निङ: भाषा तथा साक्षरता ट्युटोरियल<br>● उप-विभक्त परिवेशहरूमा अंग्रेजी शिक्षार्थीहरूलाई सेवा प्रदान गर्ने दोश्रो भाषाको रूपमा अंग्रेजी (ESL) शिक्षकहरूको लागि PD<br>● हाम्रा ELs को लागि दूरवर्ती सिकाइ अधिकतम गर्ने<br>● WIDA अत्यावश्यक कार्यहरू<br>● कक्षाकोठा शिक्षकहरू तथा ESL शिक्षकहरूको लागि सह-शिक्षण तालिम<br>● बहुविधियुक्त (Scaffolding) भाषा, बहुविधियुक्त (Scaffolding) सिकाइ<br>● ड्रप-इन समयहरू लगायत ESL र द्वीभाषी (DL) प्रशिक्षक सहयोग |

## शरद ऋतुको लागि तयारी गर्न अगस्टमा तालिमका लागि प्राथमिकताहरूमा निम्न कुराहरू पर्दछन:

- विद्यालय सुरक्षा कार्यालय/कोभिड समन्वयकर्ताद्वारा विश्वव्यापी महामारीसँग सम्बन्धित सुरक्षा अभ्यासहरू र कार्यविधिहरूको सिंहावलोकन।
- सबै कर्मचारीहरूको लागि दूरवर्ती/सम्मिश्रित/अनलाइन सिकाइका लागि प्रभावकारी रणनीतिहरू/सर्वोत्तम अभ्यासहरू।
- भर्चुअल शिक्षण तथा प्रविधि एकीकरण रणनीतिहरू सम्बन्धमा 12 घण्टाको मिश्रित एवं स्व-रफ्तार मोड्युलहरू जुन गुगल कक्षाकोठा, सिस (SeeSaw), समकालिक तथा गैर-समकालिक रणनीतिहरू र सर्वोत्तम अभ्यासहरू, ओल्टाइपोल्टाइ कक्षाकोठा, गुगल मिट र अन्य लगायतका सबै सिकाइ मोडलहरूको जग बन्नेछ। सबै शिक्षकहरू र नेतृत्वकर्ताहरूले उनीहरूको ज्ञान, सीपहरू र स्थितिअनुसार स्व-निर्देशित बाटोहरूको साथमा बुझाइको आधारमा सहभागिता जनाउनेछन्।
- अपाङ्गता भएका विद्यार्थीहरूको प्रगतिलाई सम्बोधन गर्नको लागि IEP लक्ष्य र उद्देश्यहरूमा विद्यार्थीहरूको कार्यप्रदर्शनलाई सम्बोधन गर्न विशेष शिक्षा कर्मचारीहरूको प्रगति अनुगमन उपकरणहरूको पुनरावलोकन र पहिचान ।
- IEP अनुपालना समयसीमा पालना गर्नको लागि बैठकको समय मिलाउन मूल्यांकन टोली अध्यक्षहरू र विशेष शिक्षा विभाग प्रमुखहरूले विद्यालय आधारित टोलीहरूसँग भेट गर्नेछन्।
- विद्यालय कर्मचारी र परिवारहरूको लागि विश्वव्यापी महामारी र विद्यालय इन्कारीको असरको बारेमा तालिम श्रृङ्खला विकास गर्न विशेष शिक्षा विभागले मे इन्स्टिच्युटसँग साझेदारी गर्नेछ।
- भर्चुअल सिकाइ वातावरणमा प्रभावकारी ESL तथा शेल्टर्ड विषयवस्तु शिक्षण।
- युनिट तहमा भाषा लक्ष्यहरू विकास गर्ने र युनिटको दौरान व्यवस्थित रूपमा भाषा विकास गर्ने।
- दूरवर्ती रूपमा EL परिवारहरूसँग काम गर्दा प्रभावकारी संलग्नता तथा रणनीतिहरू।
- द्वीभाषी शिक्षासम्बन्धी "बहुभाषावाद अंगाल्ने" सम्मेलन - अगस्ट 2020।
- PD ले शेल्टर्ड विषयवस्तु शिक्षण (SCI) र ESL शिक्षकहरूबीचमा सहकार्य गर्न सहयोग गर्न सक्छ।
- सबै तीन आधाभूत विद्यालयहरूमा यो वर्ष 30 दिन अमेरिकन रिडिङ कम्पनी (ARC) (साक्षरता कार्यक्रम) PD प्रदान गरिनेछ।
- द्वीभाषी कार्यक्रमहरूमा सेवा प्रदान गरिरहेका ESL शिक्षकहरूलाई ARC PD मा समावेश गरिनुपर्छ।
- सबै ESL सह-शिक्षण साझेदारहरूको लागि योजना र शिक्षण कार्यशाला गोष्ठी।
- संक्रमणकालिन द्वीभाषी शिक्षा (TBE) र DL को लागि विशिष्ट रूपमा लक्षित गरिएको अतिरक्त PD र शिक्षण।
- ELA कक्षाहरूबाट ESL सेवाहरू प्रदान गर्ने दोहोरो अनुमतिप्राप्त शिक्षकहरूले लक्षित PD र शिक्षणबाट लाभ लिन सक्छन्।

## सिकाइको लागि विश्वव्यापी प्रारूप

WPS ले सबैको लागि शिक्षण र सिकाइलाई सुधार गर्न र अनुकूल बनाउन सिकाइको लागि विश्वव्यापी रूपरेखा (UDL) को कार्यान्वयनलाई एक ढाँचाको रूपमा समावेश गर्दछ। UDL निर्देशिकाले ठोस सुझावहरू प्रदान गर्छ जसलाई जुनसुकै विषय वा क्षेत्रमा सबै शिक्षार्थीहरूले अर्थपूर्ण, चुनौतीपूर्ण सिकाइ अवसरहरूमा पहुँच प्राप्त गर्ने र सहभागी हुने कुरा सुनिश्चत गर्न प्रयोग गर्न सकिन्छ।

गृष्म याममा जिल्लाका प्रिन्सिपलहरू, सहायक प्रिन्सिपलहरू, सम्पर्क व्यक्तिहरू, प्रशिक्षकहरू र जिल्ला नेतृत्वकर्ताहरूले UDL सिद्धान्तहरू र अभ्यासहरूमा आधारित केटी नोभाक तथा एलिसन पोसेको *अनलर्निङ* नाम गरेको पुस्तक पढ्नेछन्। यो अगस्टमा, Katie Novak WPS लिडर्सिप इन्स्टिच्युटलाई सहजीकरण गर्नुहुनेछ र नेतृत्वकर्ताहरूले शिक्षकहरूलाई आकर्षक, कठिन सिकाइ अनुभवहरूको प्रारूप तयार गर्न र सेवाप्रवाह गर्न सहयोग गर्ने तरिकाहरू आदानप्रदान गर्नुहुनेछ।

## सांस्कृतिक रूपमा उत्तरदायी अध्यापन विधि

WPS ले सांस्कृतिक रूपमा उत्तरदायी अध्यापन विधि (CRP) लाई जिल्ला ढाँचा र प्राथमिकताको रूपमा निरन्तर जोड दिन्छ। CRP लाई हाम्रो नेतृत्वदायी कार्यहरूमा 2019-2020 विद्यालय वर्षभरि पूर्ण रूपमा समाहित गरिएको थियो र 2020-2021 मा पनि समाहित गरिनेछ।

वर्सेस्टर पब्लिक स्कूल्सका नेतृत्वकर्ताहरूलाई विविध तालिमहरूमा समावेश गरियो। हाम्रा सञ्जाल पहल सदस्यहरू, सबै वर्सेस्टर पब्लिक स्कूल्सका प्रिन्सिपलहरू, र केन्द्रीय कार्यालय प्रबन्धकहरूले CRP सँग सम्बन्धित विविध तालिम, कार्यशाला गोष्ठीहरू र सेवाकालिन सत्रहरूमा सहभागी भए। सलिभन मध्य विद्यालय र क्लेयरमोन्ट प्रज्ञा प्रतिष्ठानसँग विद्यालय विशेष CRP पहलहरू समावेश भएको थप विस्तृत कार्य गरियो। वर्सेस्टर पब्लिक स्कूल्समा CRP प्राथमिकताको रूपमा रहेको छ र आउँदो 2020-2021 विद्यालय वर्षको अवधिमा यो कार्यलाई दरिलो र गहन बनाउने योजना बनाइएको छ।

- सांस्कृतिक रूपमा उत्तरदायी अध्यापन विधि पहलहरूमा सहभागी हुने नेतृत्वकर्ताहरूले 2020-2021 विद्यालय वर्षभरि नै निम्नलिखत कार्यहरू गर्दै निरन्तर रूपमा आफ्नो बुझाइलाई अझ गहन पार्दै जानेछन् र सांस्कृतिक रूपमा उत्तरदायी अभ्यासहरूमा ध्यान दिनेछन्:
- सबै विद्यालयहरूमा शिक्षार्थी केन्द्रित र सांस्कृतिक रूपमा उत्तरदायी सिकाइ अनुभवहरू प्रवर्धन गर्ने समतामूलक, उपयुक्त, सांस्कृतिक रूपमा सान्दर्भिक अभ्यासहरूको अझ राम्रो बुझाइ हासिल गर्न पूर्वाग्रहहरू, पूर्वधारणाहरू र दृष्टिकोणहरू अन्वेषण गरेर

- संस्कृतिको अवधारणा परिभाषित एवं विश्लेषण गरेर र पाठ्यक्रम, प्रशिक्षण र मूल्यांकनको परिवेशमा सांस्कृतिक रूपमा उत्तरदायी शिक्षणमा ध्यान दिँदा जटिलताहरू अन्वेषण गरेर
- शिक्षार्थी केन्द्रित र सांस्कृतिक रूपमा उत्तरदायी अभ्यासहरू र जारी व्यावसायिक सिकाइमार्फत सांस्कृतिक रूपमा सान्दर्भिक विद्यालय समुदायहरूसँग सम्बन्धित अध्यापन कदमहरूको श्रृङ्खला अन्वेषण गरेर
- अन्तर्ज्ञानहरूमा सामञ्जस्यता ल्याएर र यी अभ्यासहरूसँग सम्बन्धित रणनीतिहरू अन्वेषण गरेर र विद्यालयहरूमा जातीय समता तथा परिवर्तन प्रवर्धन गरेर
- सबै विद्यालयहरूमा शिक्षार्थी केन्द्रित र सांस्कृतिक रूपमा उत्तरदायी अभ्यासहरू प्रवर्धन गर्न यो विद्यालय वर्षको लागि सम्भावित प्रवेश बिन्दुहरू र रणनीतिहरू पहिचान गरेर

### सामाजिक-संवेगात्मक सिकाइमा विद्यार्थी प्रतिफलहरू सुधार गर्न तथ्यांक प्रयोग गर्ने

ग्रेड 7 देखि 12 सम्मका विद्यार्थीहरूले विद्यालय वर्षको दौरान पानोरामा मार्फत सर्वेक्षणमा सहभागी हुनेछन्।

विद्यालय कर्मचारीहरूलाई राज्यको पूर्वसूचना सूचक प्रणाली (EWIS) को साथमा यो तथ्यांकले विद्यार्थीहरूलाई सहयोग गर्ने कार्यहरू पहिचान गर्न र कामकारवाही गर्न सहयोग गर्नेछ। शिक्षकहरूले सामाजिक-संवेगात्मक सिकाइ, विद्यालय वातावरण र परिवार संलग्नता कार्य चरणहरूमार्फत विद्यार्थी प्रतिफलहरू सुधार गर्न तथ्यांक विश्लेषण गर्न र तथ्यांक सम्बन्धमा कामकारवाही गर्नको लागि तालिम प्राप्त गर्नेछन्।

## सीप विकास: सहकार्यात्मक समस्या समाधान

तालिमप्राप्त मध्य तथा उच्च विद्यालय टोलीहरू र एक आधारभूत विद्यालयले सहकार्यात्मक समस्या समाधानको पहिलो वर्षको कार्यान्वयन सुरु गर्नेछन्। यो पद्दतिले चुनौतीपूर्ण व्यवहार भएका विद्यार्थीहरूमा सफल बन्नको लागि इच्छा होइन तर सीप चाहिँ हुँदैन भन्ने पूर्वानुमान गर्छ। यसमा विद्यार्थीहरूलाई आफ्नो जीवनमा साथीहरू र वयस्कहरूसँग सम्बन्ध निर्माण गर्न सहयोग गर्ने सीपहरू सिकाउनमा जोड दिइन्छ। यसको सफल कार्यान्वयनमा सहयोग गर्नको लागि विद्यालय आधारित टोलीहरूलाई वर्षभरि नै पाक्षिक रूपमा प्रशिक्षित गरिनेछ।

## असरमुक्तपन तथा आघात

WPS कर्मचारीहरूले दूरवर्ती, सम्मिश्रित र व्यक्ति स्वयम उपस्थित भई गरिने सिकाइमा आफ्नो ज्ञान अभिवृद्धि गर्न र विद्यार्थीहरू र कर्मचारीहरूको मानसिक स्वास्थ्यमा सहयोग गर्नको लागि निरन्तर रूपमा द्वीमासिक तालिम प्राप्त गरिरहनेछन्। विद्यालय समायोजन समन्वयकर्ता र विद्यालय मनोविदहरूले कार्यान्वयनमा सहयोग गर्नेछन्।

## विद्यालय इन्कारी

विद्यालयमा अवस्थान्तरण गर्ने अवधिमा चिन्ता र/वा डरको अनुभव गरिरहेका विद्यार्थीहरूको मानसिक स्वास्थ्य आवश्यकताहरू सम्बोधन गर्नको लागि मे इन्स्टिट्युट र Dr. Whitney Kleinert, PhD, BCBA-D. LABA (विद्यालय परामर्श निर्देशक), प्रशासकहरू, विद्यालय आधारित टोलीहरू, मनोविदहरू, विद्यालय समायोजन समन्वयकर्ताहरू, व्यवहार विशेषज्ञहरू, BCBA र परिवारहरू विविध तालिमहरूमा संलग्न हुनेछन्। विद्यालय इन्कारी व्यवहारहरूले विद्यार्थीलाई मात्र होइन विद्यालय कर्मचारी र परिवारहरूलगायत विद्यार्थीलाई सहयोग गर्ने सबैलाई असर पुर्याउँछ भन्ने कुरा ख्याल गर्न महत्वपूर्ण छ।

यो व्यावसायिक विकास प्रस्तुतिको प्रतिफल भनेको इन्कारी व्यवहारलाई परिभाषित गर्ने र विद्यालय इन्कारी व्यवहारमा संलग्न हुँदाका जोखिम तत्वहरू**पहिचान गर्नु** हो। थप रूपमा, यो प्रस्तुतिले सहभागीहरूलाई विद्यालय इन्कारी व्यवहारको **मूल्यांकन** र **उपचार** का वर्तमान सर्वोत्तम अभ्यासहरू बुझ्न मद्दत गर्छ। अन्त्यमा, व्यक्ति स्वयम उपस्थित भई गरिने शिक्षा पुनः उपलब्ध हुँदा विद्यालय इन्कारी व्यवहारको सम्भावनालाई न्यून पार्न सक्रिय र संभाव्य रणनीतिहरू विकास गर्न प्रमाणमा आधारित रणनीतिहरू सिक्नको लागि कर्मचारीहरू यो व्यावसायिक विकास अवसरमा संलग्न हुनेछन्।

# डिजिटल सिकाइ र प्रविधि

शोधअध्ययनले विद्यार्थी केन्द्रित अभ्यासहरूतर्फ अध्यापन-विधि परिवर्तित हुनुको साथमा प्रविधिमा सर्वव्यापी पहुँच; सक्रिय सिकाइ; सहकार्य; प्रविधि र शिक्षकको बीचमा विवेकपूर्ण सन्तुलन; अन्वेषण; सृजना; र संलग्नता, अभिव्यक्ति, र प्रतिनिधित्वका विविध माध्यमहरूले विद्यार्थी सिकाइमा प्रभाव पार्न सक्छन् भन्ने कुरा बताएको छ (Darling-Hammond, Zielezinski, & Goldman, 2014; Ghavifekr & Rosdy, 2015; Harper, 2018).

दूरवर्ती सिकाइको दौरान विद्यार्थीहरू र शिक्षकहरूलाई दूरवर्ती सिकाइमा सहयोग गर्नको लागि प्रविधिको प्रयोगको बारेमा धेरै पल्ट सर्वेक्षण गरियो । हामीले अर्थपूर्ण अभिप्राय र उपयुक्त लम्बाईको साथमा ध्यान-केन्द्रित समयतालिकाबद्ध समकालिक सत्रहरू दूरवर्ती सिकाइको लागि प्रभावकारी थिए भन्ने कुरा थाहा पाएका छौं। यस अलावा, उपकरणहरूको व्यवस्थित ध्यान-केन्द्रित प्रयोगले सिकाइमा पहुँच, संलग्नता र दृढता अभिवृद्धि गर्यो र यसलाई शिक्षकहरू र विद्यार्थीहरू दुवैले प्रशंसा गरे। धेरै विद्यार्थीहरूले छनोट र सृजनात्मकता प्रदान गर्ने विषयवस्तु मापदण्डहरू अनुरूप मिलाइएका परियोजना-आधारित क्रियाकलापहरू आफूहरूलाई मन परेको कुरा प्रतिवेदन गरेका छन्। डिजिटल उपकरणहरूको व्यावसायिक सिकाइलाई थप प्रभावकारी र अझ गहन पार्न कर्मचारीहरूले तल उल्लेखित उपकरणहरू प्रयोग गर्नेछन्। यस अलावा, जिल्लाद्वारा अनुमतिप्राप्त र प्रभावकारिता र विद्यार्थी तथ्यांक गोपनीयताको लागि पूर्ण परीक्षण गरिएका पाठ्यक्रम एपहरू क्लेभरमा राखिनेछ।

## 1:1 उपकरणहरू र इन्टरनेट पहुँच

सर्वव्यापी प्रविधिमा समता र पहुँच हाम्रा प्राथमिकताहरूको अग्रपंक्तिमा रहेको छ। हामीले पूर्व कलेज विद्यार्थीहरूलाई ल्यापटपहरू र लैजान चाहने परिवारहरूलाई 2:1 अनुपातमा क्रोमबुकहरू र हटस्पटहरू वितरण गर्यौं। शरद ऋतुको लागि हामीले हरेक विद्यार्थीको लागि एक उपकरण खरीद गरेका छौं। यस अलावा, हामी सबै विद्यार्थीहरूको लागि प्रविधि-समतामा विश्वास गर्छौं र यसमा इन्टरनेट समाविष्ट छ। हामीले डिजिटल दरारसँग जुध्नको लागि नगर र समुदायसँग एकदमै नजिक रहेर काम गरेका छौं। हाम्रो पहिलो प्राथमिकता भनेको हाम्रो स्थानीय इन्टरनेट सेवा प्रदायक मार्फत हाई स्पीड ब्रोडब्याण्ड प्राप्त गर्नुथियो। जब हामीले सो कुरा सम्भव छैन भन्ने कुरा महसुस गर्यौं, हामीले हटस्पटको बाटो रोज्यौं।

- वर्सेस्टरसँग ब्रोडब्याण्ड छैन भन्ने कुरा यहाँ पढ्नुहोला।
- हामीले आवश्यकतामा रहेका परिवारहरूको लागि 5000 हाई स्पीड भेरिजोन हटस्पटहरू खरीद गरेका छौं।
- हामीले सस्तो दरको, तिर्ने व्यक्ति एउटै भएको, हाई स्पीड ब्रोडब्याण्डको पैरवी गर्नको लागि नगर र समुदायसँग निरन्तर काम गरिरहनेछौं।

**उपकरणहरू**

- 1:1 प्रिस्कूल किन्डरगार्टेन तथा हेड स्टार्ट - आईप्याडहरू
- 1:1 ग्रेड 1-12+ - क्रोमबुकहरू

**डिजिटल सिकाइ र प्रविधि उपकरणहरूमा निम्नलगायत छन्:**

- PreK-1 सिस (SeeSaw) (आवश्यक)
- 2-12 गुगल कक्षाकोठा (आवश्यक)
- गुगल सुइट: डक्स, ड्राइभ, जिमेल, क्यालेन्डर, कक्षाकोठा, जामबोर्ड
- स्क्रीनकास्टिफाई/नकास्टिफाई सब्मिट
- जुम EDU (निशुल्क संस्करण)
- गुगल मिट (एन्टरप्राइज)
- गुगल भोइस
- एडसाइट

**क्लेभरमा भएका पाठ्यक्रम एपहरू निम्नलगायत छन्:**

- लेक्सिया
- ST गणित
- इनभिजन्स गणित
- ब्रेनपप
- ठूला विचारहरू गणित
- खान प्रज्ञा प्रतिष्ठान
- फ्रेकल

- प्रतिभावान पुस्ता
- इमाजिन लर्निङ
- माइअन (अनलाइन पुस्तक विकल्पहरू)

## प्रविधि एकीकरण सहयोग र व्यावसायिक सिकाइ

प्रविधि एकीकरण भनेको शिक्षण र सिकाइ अभिवृद्धि गर्नको लागि प्रविधिको प्रयोग गर्नु हो। शिक्षकहरूले डिजिटल ड्रप-इनहरू, समकालिक वेबिनारहरू, 1:1 प्रशिक्षण, र पूर्ण-रफ्तार विकल्पहरू लगायत विविध शिक्षण र सिकाइ विकल्पहरूको सराहाना गर्छन् भन्ने कुरा थाहा पाएका छौं। धेरैजसो कर्मचारीहरूले उनीहरूको लागि सबैभन्दा उपयुक्त सिकाइ मोडल मिश्रित मोडल हो भनेर बताएका छन् जसमा प्रशिक्षण र सहकर्मी सहयोग र सहकार्यको साथमा समकालिक भाग र त्यसपछि स्व-रफ्तार सिकाइ हुन्छ। हाम्रा सबै कर्मचारीहरूको आवश्यकता पूरा गर्न हामीले तीन वटै विकल्पहरू निरन्तर प्रदान गरिरहनुपर्छ भन्ने कुरा हामीले महसुस गरेका छौं।

हामीले दूरवर्ती सिकाइ, मिश्रित सिकाइ, र ओल्टाइपोल्टाइ सिकाइको बारेमा कार्यहरू अझ गहन पार्दै जानको लागि प्रविधि एकीकरण व्यावसायिक विकासको एक श्रृङ्खला विकास गरिरहेका छौं ताकि शिक्षकहरूले यी मोडलहरूबीचमा अवस्थान्तरण गर्न सकून्। शिक्षण तथा सिकाइ विभागले विशेष शिक्षा विद्यार्थीहरू र अंग्रेजी शिक्षार्थीहरूका आवश्यकताहरूलाई प्रविधि एकीकरणमा समावेश गरिने कुरा सुनिश्चित गर्नको लागि तदारुकताका साथ काम गरिरहेको छ। शिक्षकहरू र नेतृत्वकर्ताहरूले बन्दको बेलाका शोधअध्ययनका साथसाथै सिकिएका पाठहरू र आशलाग्दा अभ्यासहरूमा आधारित र तहगत गरिएका यी मोड्युलहरूमा निरन्तर काम गर्दै जाने अपेक्षा गरिन्छ। शिक्षकहरूलाई उनीहरू कहाँ छन् र प्रविधि एकीकरणमा सहयोग गर्न उनीहरूलाई के आवश्यक पर्छ भनेर सहयोग गर्ने एक कार्यप्रवाह विकास गरिँदै छ।

- कर्मचारीहरूले पूरा गर्नुपर्ने विविध अपेक्षाहरू भएका अनि अगस्टमा उपलब्ध गरिएका मिश्रित स्व-रफ्तार मोड्युलहरूमा निम्न विषयहरू समावेश गरिएका छन्:
  - प्रविधि एकीकरण, मिश्रित सिकाइको श्रृङ्खला, ओल्टाइपोल्टाइ सिकाइ, अनलाइन/भर्चुअल सिकाइ, समकालिक, गैर-समकालिकको परिभाषा र बुझाइ
  - मस्तिष्कमा मापदण्डहरूअनुसार योजना गर्ने (UBD)
  - TPACK & SAMR
  - कक्षाकोठा समुदाय सृजना गर्ने
  - ISTE विद्यार्थी मापदण्डहरू
  - ISTE शिक्षक मापदण्डहरू
  - डिजिटल सिकाइ वातावरण व्यवस्थित गर्ने
  - प्रविधि एकीकरण मोडलहरू (EEE/TIM)
  - अंग्रेजी शिक्षार्थीहरूलाई सहयोग गर्ने डिजिटल उपकरणहरू
  - विविध शिक्षार्थीहरूलाई सहयोग गर्ने डिजिटल उपकरणहरू
  - सहायता प्रविधि
  - स्क्रीनकास्ट्स

- गेमिफिकेशन
- सही उपकरणहरू छनोट गर्ने
- मूल्यांकनहरूमा छनोट सृजना गर्ने
- प्रविधिमार्फत प्रतिनिधित्वको बहुमाध्यमहरू

## लाइभ डेली ड्रप इन

- कर्मचारीहरू, विद्यार्थीहरू र परिवारहरूको लागि दैनिक रूपमा लाइभ ड्रप इनको लागि शिक्षण प्रविधि र डिजिटल सिकाइ प्रशिक्षकहरू उपलब्ध हुनेछन्।

## विद्यालयको पहिलो हप्ता

सम्भावित बन्दको लागि तयार अवस्थामा रहनको लागि र प्रविधिलाई अर्थपूर्ण तरिकाले निरन्तर प्रयोग गरिरहनको लागि प्रत्येक शिक्षकले आफ्ना विद्यार्थीहरूको लागि डिजिटल सिकाइ वातावरण स्थापित गर्नुपर्ने हुन्छ। शिक्षकले आमनेसामने सिकाइ वातावरणको लागि संस्कृति, अपेक्षाहरू, दैनिक तलिकाहरू र प्रविधिहरू स्थापित गरे जस्तै निजले अनलाइन वा मिश्रित वातावरणको लागि पनि ती सबै कुराहरू स्थापित गर्नुपर्छ। यस अलावा, शिक्षकहरूले अन्य शिक्षकहरूसँग कसरी अनलाइन एसाइन्मेन्टहरूमा पहुँच प्राप्त गर्ने, सहभागी हुने वा पेश गर्ने भन्ने बारेमा सीपहरूको समीक्षा गर्नेछन्।

## विद्यार्थी तथ्यांक गोपनीयता

मे 2019 मा हामी MA विद्यार्थी तथ्यांक गोपनीयता गठबन्दन (SDPA) को सदस्य बन्यौं। SDPA ले अनलाइन उपकरणहरूसँगको सम्झौताहरू सम्हाल्छ। हामीले विद्यार्थी तथ्यांक र विद्यार्थी गोपनीयतालाई एकदमै गम्भीरताका साथ लिन्छौं। संघीय कानूनहरूअनुसार यी सम्झौताहरूले प्रविधि कम्पनीहरूले कसरी विद्यार्थीहरूको तथ्यांक संकलन, भण्डारण र प्रयोग गर्छन् भन्ने कुरा निर्धारण गर्छ। पारिवारिक शैक्षिक अधिकार तथा गोपनीयता ऐन (1974) ले विद्यालयहरूले विद्यार्थीको शैक्षिक अभिलेखबाट कुनै पनि जानकारी खुलासा गर्नको लागि बुबाआमाको लिखित अनुमति चाहिन्छ भन्ने व्यवस्था गरेको छ तर ती अभिलेखहरू अनुमतिप्राप्त पक्षहरूलाई वा तोकिएका शैक्षिक अवस्थाहरूमा कुनै सहमति बिना नै खुलासा गर्न विद्यालयहरूलाई अनुमति प्रदान गर्दछ। COPPA अर्थात बालबालिका अनलाइन गोपनीयता संरक्षण ऐनले 13 वर्ष मुनिका बालबालिका प्रति लक्षित वेबसाइटहरू, गेमहरू, र मोबाइल एप्लिकेशनहरू सञ्चालन गर्ने कम्पनीहरूले कलिला बालबालिकाबाट कस्तो जानकारी संकलन गर्न पाउँछन् भन्ने कुरा नियन्त्रण गरेर थप रूपमा सुरक्षा बढाउने प्रयास गर्दछ। हामी कार्यान्वयनको दोश्रो वर्षमा छौं र तसर्थ हामीले अनुमतिप्राप्त एपहरूको सूची तयार गर्नुपर्छ। विद्यार्थीहरूले यो सूचीमा नभएका एपहरूलाई मात्र परीक्षणको लागि पेश गर्नुपर्नेछ।

## भिडियो कन्फ्रेन्स

**bit.ly/wpsvideoconference**

हामीले विद्यार्थीहरूलाई दूरवर्ती सिकाइ प्रदान गर्न गुगल मिट/जुम प्रयोग गर्नेछौं। सुरक्षित र सहयोगमूलक दूरवर्ती सिकाइ अनुभव प्रदान गर्नको लागि सहभागी हुने सबै बुबाआमाहरू, अभिभावकहरू र विद्यार्थीहरूले निम्न शर्तहरू पालना गर्नुपर्छ:

अडियो र भिडियो कन्फ्रेन्स मार्फत दूरवर्ती सिकाइको शर्तहरू

आफ्नो विद्यार्थीको दूरवर्ती सिकाइ योजनाको एक हिस्साको रूपमा यो गुगल मिट/जुममा सहभागी भएर तपाईले अडियो र भिडियो कन्फ्रेन्स प्रविधि, उपकरणहरू, र सेवाहरू मार्फत दूरवर्ती सिकाइको प्रयोगमा सहमत हुनहुन्छ र माथि उल्लेखित सबै मापदण्डहरू र प्रतिबन्धहरूको बारेमा पढ्नुभएको छ, बुझ्नुभएको छ र ती सबैमा सहमत हुनुहुन्छ भन्ने कुरा स्वीकार गर्नुहुन्छ।

1. विद्यार्थीहरू र बुबाआमाहरू/अभिभावकहरूले यो सत्रलाई सेभ गर्ने, भण्डारण गर्ने, साझा गर्ने वा यो सत्र वा यो सत्र को/बाट कुनै पनि प्रतिहरू, रेकर्डिङहरू, सामाग्रीहरू वा तस्वीरहरू पोस्ट गर्ने कार्य गर्नुहुँदैन।
2. विद्यार्थीहरूले एकअर्कालाई सम्मानका साथ व्यवहार गर्नुपर्छ। विद्यार्थीहरूले सबै समयमा विद्यालयका नियमहरू मान्नुपर्छ। सबै दूरवर्ती सिकाइ सत्रहरूमा विद्यार्थी आचार संहिता लागू हुन्छ। यी सत्रहरूमा विद्यालय नियमहरू उल्लंघन गरेमा विद्यार्थीहरूलाई विद्यार्थी आचार संहिता अनुरूप अनुशासन कारबाही गरिन्छ। प्रदान गरिएका सेवा र कार्यक्रमहरू आफ्नो बच्चाले के-कसरी प्रयोग गर्छ भन्ने कुरा अनुगमन गर्नको लागि बुबाआमाहरू/अभिभावकहरू जिम्मेवार हुन्छन्।
3. अनुपयुक्त व्यवहार र आचरणको लागि कुनै विद्यार्थीलाई हटाउने अधिकार जिल्लासँग हुनेछ।
4. अनलाइन शिक्षणको समयमा, विद्यार्थीहरू सम्बन्धी जानकारी र/वा उनीहरूको आवाज, तस्वीर, र लेखाइ उक्त सत्रमा सहभागी भएका अन्य विद्यार्थीहरूसँग साझा गर्न सकिनेछ (उदाहरणको लागि सामूहिक च्याटहरू, साझा गरिएका एसाइन्मेन्टहरू, भिडियो फिडहरू)। तथापी, जिल्लाले आफ्नो अधीनमा रहेका विद्यार्थी अभिलेख जानकारीलाई प्रचलित कानूनहरूअनुरूप राखिनेछ भन्ने कुरा सुनिश्चित गर्न कदम चाल्नेछ।
5. प्रयोगमा आएको अडियो वा भिडियो कन्फ्रेन्स सेवाको गुणस्तरको बारेमा जिल्लाले कुनै पनि दायित्व ग्रहण गर्दैन र कुनै पनि प्रतिनिधित्व गर्दैन।
6. जिल्लाले असल नियतका साथ अडियो र भिडियो कन्फ्रेन्स प्लाटफर्महरू FERPA, CIPA, COPPA र अन्य सबै प्रचलित संघीय र राज्य कानूनहरू अनुरूप हुने कुरा सुनिश्चित गर्ने प्रयास गरेको छ। जिल्लाले तपाईंको गोपनीयता र विद्यार्थीहरूको गोपनीयता संरक्षण गर्नको लागि मनासिब कदमहरू चाल्नेछ र हाम्रा प्रत्येक शिक्षकहरूले निरन्तर रूपमा विद्यार्थी अभिलेख जानकारीको गोपनीयता कायम राख्नेछन्। बुबाआमा/अभिभावकहरूले अडियो र/वा भिडियो कन्फ्रेन्स सेवाहरू प्रदान गर्न तेश्रो पक्ष भेन्डरहरूको प्रयोग सम्बन्धमा जिल्ला विरुद्ध जुनसुकै र सबै दावीहरू छाड्नेछन्।
7. बुबाआमा/अभिभावकहरू र विद्यार्थीहरूले आफूहरूलाई शिक्षकहरू र अन्य विद्यार्थीहरूले अवलोकन गर्न सक्छन् भन्ने बारेमा थाहा हुनुपर्दछ र उहाँहरूले क्यामेरा फिचरलाई डिसेबल गर्ने विकल्प रोज्न सक्नुहुन्छ।

## परिवारहरूको लागि डिजिटल सिकाइ र IT सपोर्ट/तालिम

सन् 2019 को शरद ऋतुको एक सर्वेक्षणले 60% परिवारहरूले बच्चाको गृहकार्यमा सहयोग गर्न सक्षम हुनको लागि उनीहरूका बच्चाहरूले विद्यालयमा प्रयोग गर्ने डिजिटल टुल र एपहरूको बारेमा थप कुरा जान्न चाहेको कुरा इङ्गित गर्यो। हामीले परिवारहरूलाई दिँदै आएको सहयोगलाई विस्तार गर्दै छौं र अझ व्यवस्थित र अझ प्रयोगकर्तामैत्री अद्यावधिक प्रविधि स्रोत केन्द्र सृजना गर्नको लागि कर्मचारीहरू, परिवारहरू, विद्यार्थीहरू, र समुदाय संगठनहरूसँग मिलेर काम गरिरहेका छौं। यो केन्द्र बहुभाषामा हुनेछ। यस अलावा, हामीले जिल्लाव्यापी परिवार प्रविधि लाइभ वेबिनारहरूको समयतालिका पनि तयार गर्दै हुनेछौं।

- WPS हेरचाहकर्ता प्रविधि प्रतिष्ठान
- समयतालिका मिलाइएको लाइभ परिवार प्रविधि सहयोग वेबिनारहरू
- सामुदायिक साझेदारहरूसँग समन्वय
- नाभिगेट गर्न र लर्निङ एपहरूको बारेमा डिजिटल ड्रप-इन सपोर्ट
- IT सपोर्ट: यदि तपाईंहरूले आफ्नो क्रोमबुकको हार्डवेयर समस्या भोगिरहनुभएको छ भने वा लगइन गर्नमा समस्या भोगिरहनुभएको छ भने, कृपया पासवर्ड रिसेट गर्न आफ्नो विद्यालयलाई सम्पर्क गर्नुहोस् वा सहयोगको लागि 508-799-3312 मा फोन गर्नुहोस्।

## जानकारी प्राप्त गरिरहनुस्, स्वस्थ रहिरहनुहोस्, जोडिएर रहिरहनुहोस्

WPS ले परिवारहरू, कर्मचारीहरू र सामुदायिक साझेदारहरूलाई जानकारी प्रदान गरिरहनको लागि वर्षैभरि नै यो दस्तावेजलाई निरन्तर अद्यावधिक गरिरहनेछ। कृपया हाम्रो वेबसाइट worcesterschools.org भिजिट गर्नुहोस्।

## परिशिष्ट A

### परिभाषाहरू

**समकालिक** - समकालिक सिकाइ भनेको हो एकै समयमा हुने तर एकै ठाउँमा हुन जरुरी नहुने शिक्षा, शिक्षण, र सिकाईका स्वरूपहरूलाई जनाउन प्रयोग गरिने सामान्य शब्द हो। यो शब्दलाई धेरैजसो रूपमा टेलिभिजुअल, डिजिटल र अनलाइन सिकाइका स्वरूपहरूमा प्रयोग गरिन्छ जहाँ विद्यार्थीहरूले प्रशिक्षकहरू, सहकर्मीहरू वा साथीहरूबाट वास्तविक समयमा सिक्छन् तर यसको लागि सँधै व्यक्ति स्वयम उपस्थित हुन जरुरी हुँदैन।

- *समकालिक सञ्चार* - दुई वा सोभन्दा बढी व्यक्तिहरूबीचको सञ्चार जुन एकै समयमा र एकै स्थानमा हुन्छ (अनलाइन वा भौतिक)।
- *समकालिक अनलाइन शिक्षण* - अनलाइन सिकाइ जुन विद्यार्थीहरूको लागि उनीहरू दूरवर्ती रूपमा कार्य गरिरहेको बेला एकै समयमा हुन्छ।

**गैर-समकालिक** - गैर-समकालिक शिक्षण र सिकाइ फरक स्थानमा हुने मात्र होइन, फरकफरक समयमा पनि हुन्छन्। उदाहरणको लागि, पहिले नै रेकर्ड गरिएका भिडियो पाठहरू, शिक्षकहरू र विद्यार्थीहरूबीचका इमेल आदानप्रदानहरू, अनलाइन छलफल बोर्डहरू, र शिक्षण सामग्रीहरू व्यवस्थित गर्ने कोर्स व्यवस्थापन प्रणाली र सम्बन्धित पत्राचारहरू सबै गैर-समकालिक सिकाइका स्वरूपहरू मानिन्छन्।

- *गैर-समकालिक सञ्चार* - दुई वा सोभन्दा बढी व्यक्तिहरूबीचको सञ्चार जुन फरक समय अन्तरालमा र सञ्चारमा सहभागी हुनेहरू फरक स्थानहरूमा भएको बेलामा हुन्छ।
- *गैर-समकालिक अनलाइन शिक्षण* - अनलाइन सिकाइ जुन सबै विद्यार्थीहरूको एकै समय र एकै स्थानमा हुँदैन; स्व-रफ्तार अनलाइन सिकाइ।

**दूरवर्ती** - दूरवर्ती सिकाइ जहाँ विद्यार्थी र शिक्षक वा जानकारीको स्रोत परम्परागत कक्षाकोठा वातावरणमा भौतिक रूपमा उपस्थित हुँदैनन्। जानकारी प्रविधिमार्फत प्रसारण गरिन्छ, जस्तै छलफल बोर्डहरू, भिडियो कन्फ्रेन्स, र अनलाइन मूल्यांकनहरू। दूरवर्ती सिकाइ वास्तविक समयमा साथीसाथी अन्तर्क्रिया वा सहकार्यका साथमा समकालिक रूपमा हुन सक्छ वा प्रशिक्षकको उपस्थिति बिना हुने स्व-रफ्तार सिकाइ क्रियाकलापहरूको साथमा गैर-समकालिक रूपमा हुन सक्छ।

- *अनलाइन सिकाइ* - शिक्षण र मूल्यांकनको त्यो संयोजन जुन इन्टरनेटमा हुन्छ; कहिलेकाहीं यसलाई दूरवर्ती सिकाइ पनि भनिन्छ।

**सम्मिश्रित** - सिकाइ जुन अनलाइन र भौतिक स्थान दुवैमा हुन्छ। अनलाइन र भौतिक क्रियाकलापहरूलाई सुसंगत सिकाइ अनुभवको रूपमा एकीकृत गरिएको हुन्छ।

- *मिश्रित सिकाइ* - परम्परागत कक्षाकोठा अनुभवहरू र डिजिटल शिक्षणलाई संयोजन गर्ने विधि जसले सिकाइ उद्देश्य हासिल गर्नको लागि सर्वोत्तम विकल्प प्रयोग गर्नेमा जोड दिन्छ।
- *डिजिटल सिकाइ* - शिक्षण र मूल्यांकनको त्यो संयोजन जसले विद्यार्थी सिकाइको लागि डिजिटल उपकरणहरू प्रयोग गर्छ; कक्षाकोठा बाहिर हुन सक्छ।

**सिकाइ व्यवस्थापन प्रणाली (LMS)** - शैक्षिक कोर्सहरू सृजना र प्रवाह गर्ने एक एप्लिकेशन। शिक्षकहरूले विषयवस्तु प्रवाह गर्न सक्छन्, मूल्यांकनहरू प्रबन्ध गर्न सक्छन्, र विद्यार्थी प्रगति अनुगमन गर्न सक्छन्। विद्यार्थीहरूले कोर्स सामग्रीहरूमा पहुँच प्राप्त गर्न सक्छन् र अनलाइन सिकाइ अनुभवमा सहभागी हुन सक्छन्। LMS लाई मिश्रित वा पूर्ण अनलाइन सिकाइ वातावरणमा प्रयोग गर्न सकिन्छ। वर्सेस्टरमा, हामी गुगल कक्षाकोठा र सिस (Seesaw) लाई हाम्रो सिकाइ व्यवस्थापन प्रणालीको रूपमा प्रयोग गरिरहेका छौं।

**उपकरण** - इन्टरनेटमा पहुँच प्राप्त गर्न प्रयोग हुने एक इलेक्ट्रोनिक उपकरण वा पूर्ण डिजिटल कृति। यसमा डेस्कटप, ल्यापटप, क्रोमबुक, ट्याबलेट, स्मार्टफोन, र अन्य उस्तै प्रकारका उपकरणहरू पर्दछन्। वर्सेस्टरमा हामी प्राथमिक रूपमा क्रोमबुकहरू र आईप्याडहरू प्रयोग गर्छौं।

## छोटकरी नामहरू

ABA - प्रायोगिक व्यवहार विश्लेषक

BCBA - बोर्ड प्रमाणित व्यवहार विश्लेषक

CDC - रोग नियन्त्रण केन्द्र

CIPA - बालबालिका इन्टरनेट संरक्षण ऐन

CNA - प्रमाणित नर्स सहायक

COPPA - बालबालिका अनलाइन गोपनीयता संरक्षण ऐन

CPI - संकट रोकथाम प्रतिष्ठान

CPT - साझा योजना समय

CRP - सांस्कृतिक रूपमा उत्तरदायी अध्यापन विधि

DESE - मसाचुसेट्स आधारभूत तथा माध्यमिक शिक्षा विभाग

DL - दोहोरो भाषा

EL - अंग्रजी शिक्षार्थी

ELA - अंग्रेजी भाषा कलाहरू

ELPAC - अंग्रजी शिक्षार्थी बुबाआमा सल्लाहकार परिषद

EPL - अंग्रेजी प्रवीणता तह

ESL - दोश्रो भाषाको रूपमा अंग्रेजी

FAPE - निःशुल्क तथा उपयुक्त सार्वजनिक शिक्षा

FERPA - पारिवारिक शैक्षिक अधिकार तथा गोपनीयता ऐन

HVAC - हिटिङ भेन्टिलेशन तथा एयर कन्डिशनिङ

IEP - वैयक्तिकृत शिक्षा योजना

ISTE - शिक्षामा प्रविधिको लागि अन्तर्राष्ट्रिय समाज। विद्यार्थीहरू, शिक्षकहरू, र नेतृत्वकर्ताहरूका लागि प्रविधि एकीकरण, ज्ञान र सीपहरूको अन्तर्राष्ट्रिय मान्यताप्राप्त मापदण्डहरू।

IT - सूचना प्रविधि

LPN - अनुमतिप्राप्त व्यवहारिक नर्स

PBIS - सकारात्मक व्यवहारगत हस्तक्षेप तथा सहयोगहरू

PD - व्यावसायिक विकास/व्यावसायिक सिकाइ

PLC - व्यावसायिक सिकाइ समुदायहरू

PPE - व्यक्तिगत सुरक्षा उपकरण

RTI - प्रतिकार्यदेखि हस्तक्षेप

SAMR - यो एक ढाँचा हो जसले प्रविधि एकीकरण गर्छ, यसमा कक्षाकोठा प्रविधि एकीकरणलाई चार भिन्नभिन्न तहमा वर्गीकृत गरिन्छ। अक्षरहरू "SAMR" ले प्रतिस्थापन (Substitution), संबर्धन (Augmentation), परिमार्जन (Modification), र पुनः परिभाषा (Redefinition) प्रतिनिधित्व गर्छन्।

SCI - शेल्टर्ड विषयवस्तु शिक्षण

SDI - विशेष रूपमा प्रारूप तयार गरिएको शिक्षण

SEI - शेल्टर्ड इङ्लिश इम्मर्शन

SEL - सामाजिक संवेगात्मक सिकाइ

SLIFE - औपचारिक शिक्षा सीमित वा अवरुद्ध भएका विद्यार्थीहरू

SPED - विशेष शिक्षा

SWD - अपाङ्गता भएका विद्यार्थीहरू

TBE - संक्रमणकालीन दुईभाषे शिक्षा

TPACK - “प्राविधिक अध्यापकीय विषयवस्तु ज्ञान” एक मोडल हो जसले शिक्षकहरूलाई प्रविधिको साथमा प्रभावकारी रूपमा विद्यार्थीहरूलाई पढाउन र संलग्न गराउनको लागि कसरी उनीहरूको ज्ञानको क्षेत्र प्रतिच्छेद हुन्छन् भनेर सोचविचार गर्न मद्दत गर्छ।

WPS - वर्सेस्टर पब्लिक स्कूल्स